काठमाडौं जिल्ला प्रशासन कार्यालय द.नं. ६६/०६२/०६३

ISSN 2505-1091

स्थानीय तह विशेषाङ्क

स्वायत्त शासन

(त्रैमासिक)

यस भित्र

स्थानीय सरकार सञ्चालन (प्रश्नोत्तर)

inlogos
स्वशासन अध्ययन प्रतिष्ठान

मूल्य : रु. १००/- (व्यक्तिगत), रु. २००/- (संस्थागत)

भ्रष्टाचार विरुद्धको अभियानमा हामी सबै एकजुट होऔं ।

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको विकास गरौं ।

भ्रष्टाचारको समुल अन्त्य गरी सुशासन कायम गरौं ।

एउटै उद्देश्य – एउटै नारा **भ्रष्टाचारबाट छुटकारा** **हामी सबैको अभिभारा**		**ONE DREAM - ONE THEME** **CORRUPTION FREE SOCIETY** **OUR COMMON RESPONSIBILITY**

भ्रष्टाचार भए गरेकोमा कसले, कहिले र कहाँ उजुर गर्ने ?

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको अवस्थामा आफूसँग भएको प्रमाण समेत संलग्न राखी यथाशक्य छिटो उजूरी दिनु पर्दछ । उजूरी निम्न लिखित निकाय वा पदाधिकारी मध्ये कुनै एक निकाय वा पदाधिकारी समक्ष दिनु पर्दछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौ ।

फोन : ४४२९६८८, ४४३२७०८, ४४४०१५१ (एक्सचेन्ज) टोल फ्रि नं. १६६०-०१-२२२३३

हट लाइन नं. १०७

फ्याक्स : ४४४०१२८, ४४४०१०४ ई-मेल : akhtiyar@ntc.net.np

वेभसाइट : www.ciaa.gov.np

आयोग मातहतका कार्यालयहरू :

क्र.स.	कार्यालयको नाम, ठेगाना	फोन नं.	फ्याक्स नं.
१	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरी	०२५-५८६९७०	०२५-५८५६००
२	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, धनकुटा	०२६-५२१६१६	०२६-५२१६०६
३	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडा	०५७-५२१७४४	०५७-५२०३६९
४	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास	०४४-५५०६८६	०४४-५५०५३१
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा	०६१-५४०४५१	०६१-५४०४५२
६	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, वुटवल	०७१-४१९११९	०७१-४१९२१९
७	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत	०८३-५२१९६०	०८३-५२३८८४
८	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुर	०८१-५४०६२६	०८१-५४०७७५
९	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कन्चनपुर	०९९-५२४२६३	०९९-५२४८३९
१०	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, दिपायल	०९४-४४०१५६	०९४-४४०१५७

स्वायत्त शासन
Local-Self Governance
(Quarterly)

प्रधान–सम्पादक
खेमराज नेपाल

प्रबन्धक
विनोदप्रसाद ढकाल

सम्पादक
गोपीकृष्ण ढुंगाना

सह–सम्पादक/व्यवस्थापक
नरविर देवान

प्रकाशक
स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (Inlogos)
नयाँ बानेश्वर, काठमाडौं
जि.पि.ओ. बक्स २१०९८
टेलिफोन : ४४६५९४२
इमेलः info@inlogos.org
inlogos.org@gmail.com
वेभसाइटः www.inlogos.org

मुद्रण
आरम्भ एड. प्रा. लि.
बबरमहल, काठमाडौं
फोन : ४२६३९७६
इमेलः aarambhaad@gmail.com

असार, २०७४, वर्ष ४, अंक १४, स्वायत्त शासन (June/July, 2017)

विषय सूची

क्र. सं.	विषय	पृष्ठ
१.	स्थानीय सरकार सञ्चालन (प्रश्नोत्तर) - खेमराज नेपाल	१
२.	स्थानीय सरकार र सुशासन सन्दर्भमा भ्रष्टाचार नियन्त्रण - पूर्णचन्द्र भट्टराई	११
३.	विकास बाटोमा नेपाल संघीयता कार्यान्वयनमा स्थानीय तह - दिनेश थपलिया	२६
४.	महिला सशक्तीकरणको परिवेशमा नेपाली महिलाको राजनीतिक सहभागिता - पद्मा माथेमा	२९
५.	अवको विकास "समावेशी विकास" - डा. दुर्गाप्रसाद पौड्याल	३२
६.	डोल्पालाई सुगम बनाउनु छ - अन्तर्वार्ता	३७
७.	राजधानी काठमाडौं जीवन्त सहर बन्नेछ - अन्तर्वार्ता	३९
८.	सम्भव छ १०० दिनमा १०१ काम ?	४१
९.	धुलिखेल घोषणा-पत्र, २०७४	४४
१०.	स्वशासन अध्ययन प्रतिष्ठानको गतिविधि	४७

प्रकाशकीय

सेवा प्रवाहको अवस्थामा सुधार ल्याउन स्थानीय तहका सरकारहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । यसैले जवाफदेही र अधिकार सम्पन्न स्थानीय सरकार आजको आवश्यकता हो । केन्द्र, प्रदेश र स्थानीय तहका सरकारले संविधान प्रदत्त जिम्मेवारी बहन गरी स्थानीय सेवा प्रवाहको अवस्थामा उल्लेखनीय सुधार ल्याउन सकेमा यस्तो आवश्यकताको पुष्टि हुनेछ ।

देशको आन्तरिक अवस्थाका कारण विगत लामो समयदेखि नेपालमा स्थानीय स्तरको निर्वाचन हुन नसक्दा स्थानीय शासन र सेवा प्रवाहको अवस्था कमजोर रहन गएको देखियो । यसबाट सार्वजनिक सेवा प्रवाह, उत्पादन, रोजगारीको अवस्था र समग्र शासन पद्धतिमै नकारात्मक असर परेको छ । नेपालमा २०५४ सालमा ५ वर्षका लागि स्थानीय निकायको निर्वाचन भएपश्चात् स्थानीय निर्वाचन हुन सकेको थिएन ।

यति लामो समय पश्चात् २०७४ वैशाख ३१ गते पहिलो चरणमा प्रदेश नं. ३, ४ र ६ का स्थानीय तहहरू (महा/उपमहा/नगरपालिका र गाउँपालिकाहरू) मा निर्वाचन सम्पन्न भई नजिता प्राप्त भएको छ (चितवनको भरतपुर महानगरपालिका बाहेक) । दोस्रो चरणमा २०७४ असार १४ गते प्रदेश नं. १, ५ र ७ का स्थानीय तहहरूमा निर्वाचन हुँदैछ । यस्तै प्रदेश नं. २ मा २०७४ असोज २ गते स्थानीय तहको निर्वाचन हुनेछ । मुलुकमा २० वर्ष पछि भएको स्थानीय तहको यस निर्वाचनलाई सकारात्मक र ऐतिहासिक उपलब्धीको रूपमा लिनुपर्छ । हामी यसबाट लोकतन्त्रको संस्थागत विकासमा महत्वपूर्ण योगदान पुग्छ भन्ने कुरामा विश्वास गर्दछौं ।

स्थानीय तहको निर्वाचन मार्फत् स्थानीय तहको शासन सञ्चालन स्थानीय जनप्रतिनिधिकै जिम्मेवारीमा आएको छ । योजनावद्ध ढंगबाट विकास अभियान सञ्चालन गर्न सकेमा स्थानीय नेतृत्वले आफ्नो उपस्थितिको औचित्य स्थापित गर्न सक्नेछ । स्वशासन अध्ययन प्रतिष्ठान स्थानीय तहका नवनिर्वाचित पदाधिकारीलाई हार्दिक बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छ । साथै आगामी दिनहरूमा प्रतिष्ठान स्थानीय जनप्रतिनिधिसँगको सहकार्यमा स्थानीय शासन सम्बन्धी गतिविधिहरू सञ्चालन गर्न प्रयासरत रहनेछ ।

प्रतिष्ठानको प्रकाशनको रूपमा रहेको यस स्वायत्त शासन पत्रिकामा समावेश भएका विषयहरू स्थानीय शासन सम्बन्धी चासो राख्ने सबै निकाय र व्यक्तिहरूका लागि उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु । सदाझैं यस प्रकाशनमा पनि पाठकको प्रतिक्रिया प्राप्त हुने समेत अपेक्षा गरेको छु । साथै आफ्ना अमूल्य विचार सहितका रचना र सूचनाहरू पलब्ध गराउनु हुने सम्बन्धित सबै पक्ष र स्वायत्त शासन पत्रिकाको यस अंक प्रकाशनका क्रममा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण व्यक्ति तथा निकायहरूलाई प्रतिष्ठानको तर्फबाट हार्दिक धन्यवाद दिन्छु ।

वीरेन्द्रबहादुर देउजा

कार्यकारी अध्यक्ष, स्वशासन अध्ययन प्रतिष्ठान, काठमाडौं

मितिः २०७४/०३/११ गते

सम्पादकीय

स्थानीय सरकारका नवनिर्वाचित जनप्रतिनिधिको कार्यकालको सफलताको शुभकामना

स्थानीय तहको निर्वाचनले आमनेपालीलाई मुलुक निर्माणमा अग्रसर गराएको छ । संघीय नेपालको संरचना सुरु भएको छ । मुलुकमा हजारौं जनप्रतिनिधिले स्थानीय जनतालाई समृद्धितिर डोहोऱ्याउन जनचाहनाअनुसार धेरै विकास निर्माणका कार्यक्रमहरू निर्माण गर्ने प्रतिवद्धता जाहेर गरेका छन् । नयाँ सोच र जोश लिएर काम गर्न दृढ छन् । मुलुक निर्माणमा यो जमात अमूल्य मानवीय पूँजी हो । यो मानवीय पूँजीलाई कति पनि खेर जान नदिइ अहोरात्र कार्यरत रही नेपाल सरकार, व्यवस्थापिका संसद र राजनीतिक दलहरूले वातावरण बनाउनु पर्छ ।

खण्ड-खण्ड गरेर भए पनि निर्वाचन भएको छ । गाउँ टोलमा शिक्षित जनप्रतिनिधिको बाहुल्य भएको छ । युवा पुस्ताले राजनीतिक बागडोर हातमा लिएको छ । अपेक्षा गरेभन्दा बढी महिला प्रतिनिधिहरू निर्वाचित हुन सफल भएका छन् । दलित समुदायको प्रतिनिधित्व आशलाग्दो छ । आदिवासी जनजातिहरूको धेरै स्थानीय सरकारमा बाहुल्यता छ । अबको स्थानीय सरकारको संरचना बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक प्रकृतिको छ । समतामूलक समाज उन्मुख छ । गतिशील नेतृत्व प्रदान गर्ने अवसर प्राप्त छ ।

जनता र जनतासँग भएको पूँजी (रकम, जिन्सी र सीप), प्राकृतिक र आर्थिक स्रोत र राष्ट्रिय अन्तर्राष्ट्रिय स्रोत र प्रविधिलाई एकीकृत गरी आ-आफ्नो ठाउँका जनताका अनुभूत र आधारभूत आवश्यकता पूर्ति गर्नका लागि परिचालन गर्ने वातावरण बनेको छ । जनप्रतिनिधिले युद्धस्तरमा काम गरेर देखाउनु छ । उनीहरू तम्तयार पनि छन् । अहिलेसम्म जनप्रतिनिधिविहीन अवस्थामा कर्मचारीहरूले जसरी स्थानीय निकाय हाँकेर ल्याए, त्यो काम चलाउ मात्र थियो । अब सरकार चलाउन नयाँ विधि, पद्धति र प्रविधि चाहिएको छ । नवनिर्वाचितहरूको काँधमा नयाँ पद्धति बसाउने थप अभिभारा आएको छ । यो बिहानी हो, अब स्थानीय सरकारको दिन कस्तो हुन्छ, यसै बिहानीले बताउने छ ।

स्थानीय तह सञ्चालन गराउने ऐन प्रदेश सरकारले बनाउने प्रावधान नेपालको संविधानमा राखिएको छ । प्रदेश सरकार गठन हुन बाँकी नै छ । यस्तो अवस्थामा हाल चलिरहेको व्यवस्थापिका संसदले पहिलो प्राथमिकता दिएर स्थानीय तह सञ्चालन विधेयक पास गर्नुपर्ने थियो, जुन हुन सकिरहेको छैन । नेपाल सरकारले आदेश जारी गर्दै स्थानीय सरकार सञ्चालन गरेको छ, जुन लोकतान्त्रिक पद्धति होइन । आदेशबाट सरकार चल्दैन ।

आर्थिक स्रोत जुटाउन, सक्षम प्रशासनिक संयन्त्र बनाउन र दूरगामी प्रभाव पार्ने योजना थाल्न आदेशबाट मात्र हुँदैन । आदेशबाट विषयगत कार्यालयहरूलाई गाभ्न सकिँदैन । कर, राजस्वको दर र मापदण्ड बनाउन सकिँदैन । यस्तो कार्यले स्थानीय सरकारमा तदर्थवाद आउँछ, नेतृत्वदायी व्यक्ति हावी हुन्छ, केन्द्रसँग मुठभेढको वातावरण बन्न थाल्छ । यसर्थ व्यवस्थापिका संसदका सभासदहरूको पहिलो दायित्व भनेकै विधेयक पास गरेर स्थानीय सरकारलाई सञ्चालन गर्ने बाटो खोल्दिनु हो । सांसदहरूले यस कुरामा ध्यान पुऱ्याउन नसके संघीयताको उल्टो बाटोको सुरुआत यसै संसदबाट सुरु हुनेछ ।

स्थानीय तह अब कार्यकारिणी र व्यवस्थापिका हुने हुँदा व्यवस्थापिकाले बनाएको कानून स्थानीयबासीले अनिवार्य पालना गर्नु पर्छ । यसर्थ स्थानीय स्तरमा बनिने कानून निर्माणमा नागरिकहरू सजग र सचेत रहनु पर्छ । विधिको सुरुआत भनेकै घरपरिवारबाट हुन्छ । ठीकसँग भए/नभएको हेर्ने वडा कार्यालय हुन्छ । वास्तवमा नागरिकको सरकारसँगको सम्बन्धको पहिलो खुड्किलो भनेकै वडा कार्यालय हो । जनताले सरकार हेर्ने सूक्ष्म दर्शनयन्त्र भनेकै वडा कार्यालय र त्यसले दिने सेवा हो, जसबाट माथिका तहका सरकारको सबै कामकारबाही छ्याङ्ग देखिन्छ ।

संयमित भएर संविधानमा उल्लेख भएअनुसार संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तअनुसार काम गर्न नवनिर्वाचित स्थानीय सरकारका प्रतिनिधिहरू सफल हुन सकुन्, हार्दिक शुभकामना ।

खेमराज नेपाल

स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (Inlogos)

कार्यसमिति

वीरेन्द्रबहादुर देउजा
अध्यक्ष

खेमराज नेपाल
निवर्तमान अध्यक्ष

वंशीधर घिमिरे
उपाध्यक्ष

सूर्यशरण रेग्मी
कोषाध्यक्ष

पद्मा माथेमा
सदस्य

रविन्द्रनाथ अधिकारी
सदस्य

बालप्रसाद श्रेष्ठ
सदस्य

कृष्णा कार्की
सदस्य

विनोदप्रसाद ढकाल
सचिव/निर्देशक

स्वशासन अध्ययन प्रतिष्ठानका साधारणसभा सदस्यहरू, टेलिफोन र इमेल

1	Bal Prasad Shrestha	4770041 / 9841572261	balprasad@hotmail.com
2	Banshidhar Ghimire	4359758 / 9818052340	bansidharghimire@yahoo.com
3	Bidur Mainali	4490452 / 9851046494	muan@ntc.net.np
4	Binod Prasad Dhakal	4357268 / 9841264841	binodpdhakal@hotmail.com
5	Birendra Bahadur Deoja	4477539 / 9841271317	bbdeoja47@yahoo.com
6	Chandra Mani Adhikari	4483186 / 9851065662	adhikaricm@hotmail.com
7	Damodar Adhikari	5572204 / 9851100347	damodar.adhikari@gmail.com
8	Dilli Prakash Ghimire	5015125 / 9841283904	ghimiredp@yahoo.com
9	Dinesh K. Thapaliya	6635831 / 9851122366	dkthapaliya@gmail.com
10	Diwakar Neupane	5541076 / 9841286644	neupanedu@hotmail.com
11	Gyani Singh K.C.	4270447 / 9843412674	gyanisinghkc@gmail.com
12	Hom Nath Adhikari	9852680117	homnathadhikari@gmail.com
13	Indra Prasad Karki	4249384 / 9841756854	karkiindra@hotmail.com
14	Khaga Prasad Nepal	4430047 / 9841738452	khaga.nepal@gmail.com
15	Khem Raj Nepal	4430049 / 9843 361499	khemrajnepal@inlogos.org
16	Khom Dutta Baral	4770742 / 9841411714	khombaral@gmail.com
17	Krishna Karkee	2035104 / 9851017926	kkarkee@hotmail.com
18	Krishna Prasad Jaisi	9851137130 / 9741021708	kjaishi@yahoo.com
19	Krishna Prasad Sapkota	9851027698	kpkavre@gmail.com
20	Mahesh Dahal	4479834 / 9841930044	maheshdahal62@gmail.com
21	Manoj Kumar Khadka	9841273960	manojkhadka419@yahoo.com
22	Padma Mathema	4272597 / 9851060199	padma.mathema@gmail.com
23	Purushottam Nepal	6635827 / 9851123402	nepalpuru@yahoo.com
24	Rabindra Adhikari	4412088 / 9841524775	rabindraadhikari34@gmail.com
25	Rajendra Man Shrestha	5260309/ 9803158047	rajendra47000@yahoo.com
26	Ram Babu Panta	4415858 / 9851032484	rambabu@icfc.subisu.net.np
27	Ram Krishna Bhurtel	4359997 / 9851071668	bhurtelrk@hotmail.com
28	Ramesh Chandra Poudel	4785564 / 9851173222	paudelrc@gmail.com
29	Shanta Kumar Pradhan	4247007 / 9841537200	skp_bhojpur@hotmail.com
30	Siddha Raj Panta	9851114876	siddharaj.pant@gmail.com
31	Surendra Nath Aryal	4270178 / 9818305349	surendranatharyal@gmail.com
32	Surya Saran Regmi	4107553 / 9841444614	regmisurya@hotmail.com
33	Uddab Prasad Timalsena	4620907 / 9851210173	me_uddab@hotmail.com
	Institutional Members		
1	Mahila Ko Haat, Kathmandu	4414891 / 9841463062	bnepal5@gmail.com
2	NCDC Ilam	027 520792 / 9852680109	kajighale@gmail.com
3	NACOF	5011124/ / 9841336189	prem12nepal@gmail

प्रतिष्ठानको अनुरोध

- यस पत्रिकामा छापिएका सामग्रीहरूका विषयमा पाठक प्रतिक्रिया पठाउन ।
- यस पत्रिकाको आगामी अंकमा सफल कार्यक्रमहरू छपाउनका लागि लेख र फोटो पठाउन ।
- यस पत्रिकामार्फत सूचना-सन्देश र सन्देशमूलक विज्ञापन पठाउन ।

१. विनोदप्रसाद ढकाल/निर्देशक
फोन : ४४६५९४२
मोबाइल : ९८४१२६४८४१
इमेल : binodpdhakal@inlogos.org

२. नरवीर देवान
फोन/फ्याक्स : ४४६५९४२
मोबाइल : ९८४१३४४७५०
इमेल : info@inlogos.org, inlogos.org@gmail.com

पाठक-प्रतिक्रिया

गरिबी निवारण-तथ्यपरक विशेषाङ्क

श्रीमान् प्रधानसम्पादकज्यू,

स्वायत्त शासनको गरिबी निवारण विशेषाङ्क अद्योपान्त पढ्ने अवसर पाएँ । गरिबी निवारणबारे प्रस्तुत गरिएको लेखकहरूको विचार तथा खोजपूर्ण तथ्याङ्कले हाम्रो देशमा गरिबी निवारणका लागि समस्या समाधानको एउटा गहकिलो आधार तयार भएको छ । गरिबी देशको सर्वाङ्गीण विकासमा बाधक बनेर बसेको छ ।

देश पछि पर्नुको मूल कारण गरिबी नै हो । यसैबाट भोक, रोग, अशिक्षा सृजित हुन्छ । गरिबी र बेरोजगारीको अन्त्य नभएसम्म मुलुक समृद्ध हुन सक्दैन । गरिब-धनी बीचको खाडल पुर्न प्रतिव्यक्ति आय बढ्नु पर्छ । त्यसका लागि आन्तरिक उत्पादन ५०-६० प्रतिशतसम्म पुऱ्याएर देशलाई समृद्धको बाटोमा लैजानु पर्छ । देशमा सुशासन कायम गरी भ्रष्टाचारमुक्त समाज बनाउन सकियो भने देश समृद्ध हुन धेरै समय लाग्दैन र गरिबी निवारणमा ठूलो सघाउ पुग्छ । अहिलेसम्मको अध्ययनबाट नेपालमा गरिबी निवारणका लागि सरकारी स्तरबाट ठोस नीति बनेको छैन । तर अहिले सहकारी तथा गरिबी निवारण मन्त्रालय स्थापना भएपछि यसले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ ।

गरिबी निवारण नीति-२०७३ स्वीकृत भएपछि गरिबी निवारणको क्षेत्रमा यो महत्वपूर्ण हुनेछ । नेपालको गरिबी निवारणको विभिन्न क्षेत्रमा डा. युवराज खतिवडा, सुरेश प्रधान, मनोजकुमार खड्का, पृथ्वीप्रसाद शर्मा, रामहरि गैह्रे, डा. दुर्गाप्रसाद पौड्याल, विनोद निरौला र रोबर्ट एण्डर्सनले लेख्नुभएका लेखहरू नेपालको सन्दर्भमा उत्पादनमूलक र यस दिशामा समाधानका लागि एउटा सही बाटो खोजिएको छ । त्यसमध्ये सुरेश प्रधान र रोवर्ट एण्डर्सनको लेख लामो भएता पनि विषयवस्तुमा गहिरिएर विस्तृत व्याख्या गरिएको छ । अरू लेखकको लेखहरू छोटो छन् तर गरिबी निवारणको मर्मलाई बुझेर वास्तविकता झल्काइएको छ । यी अनुसन्धानमूलक लेखहरू यस क्षेत्रमा काम गर्ने विज्ञ, सरकारी, गैरसरकारी संस्थाहरू तथा यस क्षेत्रमा चासो राख्ने व्यक्ति विशेषका लागि पनि पठनीय तथा कार्य सम्पादनका लागि अनुकरणीय छन् ।

विश्व बैंकका पूर्वपदाधिकारी आर्थिक विकासविज्ञ रोवर्ट एण्डर्सनको यो लेख १२ वर्ष अगाडि छापिएको भएता पनि यसमा प्रस्तुत गरिएका तथ्याङ्क, विचार र सुझाव यस क्षेत्रका लागि समसामयिक नै देखिन्छन् । लेखक पुरानो भएता पनि लेख कहिल्यै पुरानो हुँदैन भन्ने पुष्टि पनि हो यो । यसबाहेक नेपालमा गरिबी निवारणका लागि मेरो मनमा लागेको केही सुझावहरू राख्न चाहन्छु :-

(१) वर्तमान नेपालको गरिबीको दर ४१ प्रतिशतबाट झरेर २५ प्रतिशतमा आइपुगेको देखिन्छ । यसलाई अझ तल झार्न तीब्र आर्थिक वृद्धिका कार्यक्रम सञ्चालन गर्नु पर्छ ।

(२) आर्थिक वृद्धि दर बढाउन निजी क्षेत्रलाई उत्पादनशील र गुणात्मक बनाउन प्रोत्साहन दिनु पर्छ ।

(३) कृषि अर्थतन्त्रलाई बलियो बनाएर बढी उत्पादनशील र आत्मनिर्भर बनाउनु पर्छ ।

(४) कृषि, पर्यटन, जलस्रोत, साना ठूला उद्योगलाई रोजगारमूलक बनाएर यस क्षेत्रमा बढीभन्दा बढी स्थायी रोजगारीको सृजना गरेमा गरिबी निवारणमा महत्वपूर्ण योगदान पुग्छ ।

(५) जनसंख्या वृद्धि माथि नियन्त्रण गरिबी निवारणको एउटा बाटो हो ।

(६) गरिबी र बेरोजगारीले गर्दा वैदेशिक रोजगारमा जानेको संख्या बढ्दो छ । आफ्नो देशमै उद्योगधन्दा, गार्हस्थ उत्पादनमा वृद्धि हुँदै गएमा स्वदेशको श्रम र पूँजी स्वदेशमै खपत हुन्छ र अर्थतन्त्र निर्यातप्रधान हुन्छ, प्रतिव्यक्ति आय बढ्छ, बेरोजगारी र गरिबी स्वतः न्यून हुँदै जान्छ, देश समृद्ध बन्छ ।

(७) गरिबसँग विश्वेश्वर कार्यक्रम २०५६/५७ देखि नै राष्ट्रिय अभियानका रूपमा सञ्चालनमा आएको हो । कार्यक्रम सञ्चालन भएका क्षेत्रका अति विपन्न परिवारलाई रोजगारी तथा आयमूलक क्रियाकलापमा संलग्न गराउँदै गरिबीको रेखाबाट माथि उठाई स्वावलम्वनतर्फ अग्रसर गराउनु यसको मूल उद्देश्य हो । यस कार्यक्रमको जन्मदाता नेपाली काँग्रेसको पहलमा उच्च प्राथमिकताका साथ मुलुकभर सञ्चालन हुनुपर्ने आवश्यकता देखिएको छ ।

(८) गरिबी कसैको परिचय होइन । यो सामाजिक असमानता हो । मानिसबाटै सृजित अवस्थाले गरिब र धनी छुट्याइएको हो । यी मानिसकै कार्यबाट समाधान गर्न सकिन्छ । सरकार, संघ/संस्था र सम्बन्धित निकाय सबैले यसतर्फ सक्रिय भई सम्बोधन गर्न सकेमा गरिबी घटाउन र निरपेक्ष गरिबीको रेखामुनि बसेका लाखौं नेपालीको गरिबी हटाउन सकिन्छ ।

ज्ञानीसिंह के.सी.
डल्लु, छाउनी, काठमाडौं

स्वायत्त शासन त्रैमासिक पत्रिका प्रकाशनार्थ विविध विशेषाङ्क/अङ्कहरू प्रकाशन गर्दै आइरहेकोमा यस चौधौं स्थानीय तह विशेषाङ्कसम्म आइपुग्दा प्रकाशन गर्ने क्रममा सहयोग पुऱ्याउनुहुने लेखक, विज्ञापन/सन्देशमूलक सामग्रीदाता तथा पाठकवर्ग एवम् शुभचिन्तकमा धन्यवाद व्यक्त गर्दछौं ।

स्वशासन अध्ययन प्रतिष्ठान परिवार, नयाँ बानेश्वर, काठमाडौं
Institute of Local Governance Studies (Inlogos)

स्वशासन अध्ययन प्रतिष्ठानले प्रत्यक्षरूपमा जनसरोकारका विषयहरुलाई समेटी प्रकाशन गर्दै आएको स्वायत्त शासन त्रैमासिक पत्रिकाप्रति निरन्तरताको कामना गर्दछौं ।

भगवती नेपाल, अध्यक्ष
महिलाको हात परिवार

हिराकाजी घले, का. निर्देशक
नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC), इलाम

प्रेमप्रसाद नेपाल, अध्यक्ष
नामसालिङ सहयोग मञ्च तथा परिवार



स्थानीय सरकार सञ्चालन
(प्रश्नोत्तर)

– खेमराज नेपाल*

नवनिर्वाचित जनप्रतिनिधिहरूलाई स्थानीय सरकार बुझ्न र सञ्चालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले प्रश्नोत्तर स्वरूपमा यो लेख तयार पारिएको छ । यस सम्बन्धमा पाठकबाट थपघट गर्नुपर्ने कुराहरु, सच्याउनु वा स्पष्ट गर्नुपर्ने कुराहरूको प्रतिक्रिया प्राप्त भएपछि यसलाई हाते पुस्तिकाको रुपमा प्रकाशन गरिनेछ –लेखक ।

१. स्थानीय तहबारे नेपालको संविधानमा के व्यवस्था छ ?

- संविधानको धारा ५६ मा "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ" भनिएको छ ।
- "स्थानीय तहमा गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन्" भनिएको छ ।
- संविधानको धारा ५७ मा संघ, प्रदेश र स्थानीय तहको छुट्टा-छुट्टै अधिकार र साझा अधिकारको व्याख्या गरेर समग्र राज्यशक्तिको बाँडफाँड तीनै तहलाई गरेकाले संघ र प्रदेश सरकार भएजस्तै स्थानीय तह स्थानीय सरकार भएको हो । धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध **सहकारिता, सहअस्तित्व** र **समन्वय**को सिद्धान्तमा आधारित हुनेछ भनी **सहअस्तित्व** स्वीकार गरिसकेकाले पनि स्थानीय तह स्थानीय सरकार हो ।
- सरकार हुनमा कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिका तीन अंग छुट्टाछुट्टै हुनुपर्ने हुँदा अहिलेको स्थानीय तहमा यी तीन अंग रहने व्यवस्था संविधानमा नै भएकाले स्थानीय सरकार हो । पहिले स्थानीय निकायमा तीन अंग रहने व्यवस्था थिएन ।
- स्थानीय सरकारमा निहित हुने अधिकार संविधानको धारा ५७ को उपधारा ४ अनुसार अनुसूची ८ मा दिइएको छ । ती अधिकार स्थानीय सरकारले आ-आफ्नो सभाबाट कानुन बनाएर लागू गर्नुपर्छ ।[1]
- गाउँपालिका र नगरपालिकालाई कानूनद्वारा वडामा विभाजन गरिएको हुन्छ ।
- नेपालमा भएको जातीय र भौगोलिक कारणबाट उत्पन्न असमानतालाई सम्बोधन गर्न (सामाजिक-साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि) विशेष, संरक्षित वा स्वायत्त क्षेत्र संघीय कानून बनाएर कायम गर्न सक्ने व्यवस्था छ । नेपाल सरकारले प्रदेश सरकारको परामर्शमा कुनै गाउँपालिका/नगरपालिका वा केही वडा क्षेत्रलाई विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सक्छ । संविधानमा सामाजिक–साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि स्पष्ट उल्लेख भएकाले विशेष, संरक्षित वा स्वायत्त क्षेत्र राजनीतिक इकाई होइन ।

२. स्थानीय सरकारले संघीय र प्रादेशिक सरकार जस्तै अनिवार्य रुपमा संरक्षण गर्नुपर्ने के के छन् ?

- संविधानको धारा ५६ को उपधारा ६ बमोजिम देहायका कुराहरू संरक्षण गर्नुपर्ने हुँदा ऐन, कानुन, नीति निर्माण गर्दा यी कुराहरूको प्रतिकूल नहुने ऐन बनाउनु पर्छ :
  - नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता,
  - राष्ट्रिय हित, सर्वाङ्गीण विकास,
  - बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली,
  - मानव अधिकार तथा मौलिक हक,
  - कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन,
  - बहुलता र समानतामा आधारित समतामूलक समाज,
  - समावेशी प्रतिनिधित्व र पहिचान ।

---

* पूर्वसचिव, नेपाल सरकार/संस्थापक तथा निवर्तमान अध्यक्ष, स्वशासन अध्ययन प्रतिष्ठान

१ नेपालको संविधान २०७२ मा स्थानीय तहको अधिकारको सूची : १) नगर प्रहरी, २) सहकारी संस्था, ३) एफएम सञ्चालन, ४) स्थानीय कर (सम्पत्ति कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन, ५) स्थानीय सेवाको व्यवस्थापन, ६) स्थानीय तथ्याङ्क र अभिलेख संकलन, ७) स्थानीय स्तरको विकास आयोजना तथा परियोजनाहरू, ८) आधारभूत र माध्यमिक शिक्षा, ९) आधारभूत स्वास्थ्य र सरसफाई, १०) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, ११) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ १२) गाउँसभा, नगरसभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, १३) स्थानीय अभिलेख व्यवस्थापन, १४) घरजग्गा धनीपुर्जा वितरण, १५) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, १६) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, १७) बेरोजगारको तथ्याङ्क संकलन, १८) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, १९) खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा, २०) विपत व्यवस्थापन, २१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, २२) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ।

नेपालको संविधानलाई सही रूपमा लागू गर्न यी माथि भनिएका विषयहरू प्रत्येक जनप्रतिनिधिका मूलमन्त्र हुन् ।

३. स्थानीय सरकारले कानून बनाउँदा के-केमा ध्यान दिनुपर्छ ?

- संविधानको अनुसूची ८ मा दिइएको स्थानीय सरकारमा निहित अधिकारहरूको कार्यान्वयन,
- संविधानको अनुसूची ९ मा दिइएका संघ र प्रदेशसँगको साझा अधिकारहरूमध्ये आफ्नो स्वामित्वको प्रयोग र पालना,
- स्थानीय तहमा आ-आफ्नो क्षेत्रका जनतालाई दिनुपर्ने सेवा सुविधाका मापदण्डहरू,
- संविधानको मौलिक हक र कर्तव्यमा नागरिकको स्थानीय सरकारसँग सरोकार हुने विषयवस्तुहरू,
- संघ र प्रदेश सरकारले स्थानीय सरकारमार्फत् गराउने विषय-वस्तुहरू,
- स्थानीय सरकारलाई समेत सम्बोधन गर्ने संवैधानिक आयोगका सिफारिसहरू,
- आ-आफ्ना स्थानीय सरकारका प्रशासनिक, आर्थिक र न्यायिक प्रणालीहरू र संरक्षण, सम्वर्द्धनका कुराहरू,
- स्थानीय तह शासन सञ्चालन ऐनमा स्थानीय सरकारले ऐन बनाई लागू गर्नुपर्छ भनी उल्लेख गरेका विषयहरू,
- नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय संघ, सङ्गठनमा सदस्य राष्ट्रले गर्ने भनी उल्लेख भएका कुराहरूमध्ये स्थानीय सरकारका कार्यक्षेत्र भित्रका विषयहरू ।

यसरी बनाइने कानून संविधानको धारा ५९ मा दिइएको आर्थिक अधिकारको प्रयोग र धारा ६० मा दिइएको राजस्व स्रोतको बाँडफाँडलाई सही पालना गर्ने गरी बनाउनु पर्छ । राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको परिधिमा रहेर त्यहाँ उल्लेख भएका विषयहरू समेट्ने गरि कानुन बनाउनु पर्छ ।

४. स्थानीय सरकारको कानून निर्माण कसरी गरिन्छ र कसले निर्णय गर्दछ ?

- स्थानीय सरकारको कानून निर्माण गर्ने अधिकार आ-आफ्ना गाउँपालिका/नगरपालिकालाई हुन्छ ।
- सम्बन्धित स्थानीय सरकारको व्यवस्थापिकीय कानून नीति बनाउने अधिकार सम्बन्धित गाउँ/नगर सभालाई संविधानको भाग १८ ले दिएको छ । पहिलेको व्यवस्थाभन्दा छुट्टै अस्तित्वमा भएको स्थानीय व्यवस्थापिका स्थानीय संसद हो । अब संसदमा जस्तै विधेयक बनाएर छलफल गरी पास गर्नुपर्छ ।
- गाउँसभा र नगरसभामा अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, सम्बन्धित गाउँपालिका/नगरपालिकाका सबै वडा अध्यक्ष सहितका चार जना वडा सदस्यहरू समेत हुनेछन् ।
- यो सभाको अध्यक्षता सम्बन्धित सरकारको अध्यक्ष/प्रमुखले गर्छन् ।
- कानून बनाउने प्रकृया भने संविधानको धारा २२६ को उपधारा २ बमोजिम प्रदेश कानून बमोजिम गर्नुपर्नेछ । प्रदेश कानून नबनेसम्म नेपाल सरकारले दिएको अख्तियारी बमोजिम बनाउनु पर्छ ।
- पारित भएका कानूनको प्रमाणीकरण १५ दिनभित्र सम्बन्धित सरकारको अध्यक्ष/प्रमुखले गर्नुपर्छ ।
- संविधानको धारा २२७ अनुसार, गाउँसभा र नगरसभाको सञ्चालन, बैठक कार्यविधि समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँसभा र नगरसभा सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयसम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ भन्ने उल्लेख भएकाले सो बमोजिम गर्नुपर्ने हुन्छ ।
- प्रदेश कानून नबनेसम्म बैठकको कार्यविधि नेपाल सरकारले बनाएको ऐन वा नेपाल सरकारले जारी गरेको स्थानीय तहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४ वमोजिम गाउँ/नगर सभा बोलाउनु पर्छ । यसरी प्रदेश कानून बमोजिम हुनुपर्ने अन्य विषयहरू पनि प्रदेश कानून नबनेसम्म उक्त ऐन वा आदेशले व्यवस्था गरेको छ ।
- स्थानीय सरकारले ऐनको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि, म्यानुअल, मापदण्ड तत्काल बनाउन सक्छ ।

५. स्थानीय सरकारको निरन्तरताको प्रत्याभूति के छ ?

- संविधानको धारा २२५ मा गाउँ/नगर सभाको कार्यकाल समाप्त भएको ६ महिनाभित्र अर्को गाउँसभा र नगर सभाको निर्वाचन सरकारले सम्पन्न गराउनु पर्ने भनेर निरन्तरताको प्रत्याभूति गरेको छ ।
- नेपालको संविधानमा स्थानीय सरकार निर्वाचन भएर गठन भएपछि प्रदेश वा सङ्घीय सरकारले निलम्वन वा खारेज गर्ने प्रावधान छैन । आफ्नो कार्यकालभरी सञ्चालन हुन्छ ।

६. निर्वाचनपछि जनप्रतिनिधिहरूले तत्काल के-के कामहरू गर्नुपर्छ ?

- नेपाल सरकारले धेरै गाउँ विकास समितिहरू वा कतिपय गाउँ विकास समिति/नगरपालिकाका वडाहरू एक अर्कोसँग गाभेर गाउँपालिका/नगरपालिकाको सीमा निर्धारण गरेको छ । यस व्यवस्थाले स्थानीय स्तरमा व्यक्तिगत स्वामित्वका जमीनका अभिलेखहरू, बाँझो, पर्ती, चरनजस्ता सार्वजनिक जमीनका चार किल्लाहरू, व्यक्तिगत घटना दर्ताका अभिलेखहरू, सामाजिक भत्ता पाउनेहरूको संख्या र विवरण, प्राकृतिक र आर्थिक स्रोतहरू जस्ता आधारभूत कुराहरूको तथ्याङ्कहरू गडबड भएका छन्, ती सबै अद्यावधिक गर्नुपर्छ ।
- आफ्नो क्षेत्रभित्रका अधुरा तथा क्रमागत योजनाहरू, अनाधिकृतरुपमा हड्पेका जमिनहरू, खुला क्षेत्रहरू, नगद जिन्सी ऋणधनहरू, प्रयोगमा ल्याउन नमिल्ने गरी थन्किएका यान्त्रिक साधन र जिन्सीहरू, उठ्न बाँकी

कर, राजस्व, शुल्कहरू, पेश्की लगेर काम नगरेका ठेक्का कम्पनी/व्यक्तिहरूको तथ्याङ्क र विवरण अद्यावधिक गर्नुपर्छ। नयाँ जिम्मेवारी वहन गर्न सक्ने योग्य र दक्ष कर्मचारीहरूको लगत बनाउनु पर्छ।

- अत्यावश्यक सेवा जस्तै दमकल, एम्बुलेन्स, फोहरमैला संकलन तथा व्यवस्थापनसम्बन्धी यान्त्रिक साधन, कर्मचारी र सेवाको स्तर अद्यावधिक गर्नुपर्छ।
- आ-आफ्ना क्षेत्रका भूकम्प क्षेत्रमा पाल र प्लास्टिक मुनि बसेका जनता, बाढी, पहिरो, डुबानबाट सुकुम्बासी हुन पुगेका जनता, हरूवा-चरूवा कमलरीहरू, अतिवृष्टि र अनावृष्टि जस्ता प्रकोपबाट र जंगली जनवारबाट पीडित जनताको अवस्थालाई लेखाजोखा गर्नुपर्छ।
- कमिशनतन्त्र र भ्रष्टाचारमा रूमलिएको प्रशासनयन्त्र भएकाले ती छिद्रहरू पत्ता लगाउनु पर्छ। डन, विचौलिया र लेखनदासको जगजगी भएको क्षेत्र पत्ता लगाउनु पर्छ।
- कार्यालयका पुराना अभिलेखहरू हराउने, मासिने भएकाले मुख्य निर्णयहरू र अन्य अभिलेखहरू केन्द्रीकरण गरी भण्डारण र संरक्षण गरिहाल्नु पर्छ।
- आयव्ययको मौजुदा स्थिति र हालसम्म व्यहोर्नुपर्ने व्ययभारको आँकलन नगरी ठूलो खर्च लाग्ने महत्त्वकांक्षी योजना/कार्यक्रमको निर्णय गर्न हुँदैन।
- संविधानको अनुसूची ८ मा उल्लेख गरेका अधिकारहरूसँग सम्वद्ध कार्यालय, कर्मचारी, चल-अचल सम्पत्ति र कार्य प्रकृयाको विवरण लिई अद्यावधिक गर्नुपर्छ।
- बहुदलीय प्रतिस्पर्धाबाट जनप्रतिनिधिहरू निर्वाचित भएकाले कुनै पनि स्थानीय सरकारमा एउटै दलको वर्चस्व/बहुमत नहुन सक्छ। विकास निर्माणका कुराहरूमा विवाद नगर्ने गरी सबै जनप्रतिनिधिहरूले सुरूमै एउटा खाका बनाएर प्रतिवद्धता जाहेर गर्नुपर्छ। पहिलेका अख्तियार प्राप्तवालाले गरेका राम्रा कार्यलाई निरन्तरता दिनुपर्छ, निषेधको राजनीति गर्नुहुँदैन। त्यस्ता कार्यक्रमको पहिचान गर्नुपर्छ।

७. स्थानीय तहको योजना कसले र कसरी बनाउनु पर्छ ?

- स्थानीय सरकारको कार्यपालिकाले अध्यक्ष/प्रमुखको अध्यक्षतामा बजेट अनुमान समिति गठन गर्नुपर्छ। यस्तो समितिमा आफ्नो दल बाहेकको निर्वाचित सदस्य (महिला, दलित वा अल्पसंख्यक मध्येबाट समेत) को प्रतिनिधित्व गराउनुपर्छ। त्यो समितिले आगामी आ.व. र त्यसपछिका दुई आ.व. को अनुमानित बजेट सिलिङ प्रत्येक आ.व. को पुस महिनाभित्र तय गरिसक्नु पर्छ।
- यस्तो रकम पूँजीगत (विकास) र साधारण (प्रशासनिक) छुट्टिएको हुनुपर्छ। विषयगत (Sectoral) पनि छुट्टिएको हुनुपर्छ। ऋण तिर्ने, अन्य आर्थिक उपार्जनमा लगानी गर्ने भए सो पनि छुट्याउनु पर्छ।
- उक्त बजेटको प्याकेज कार्यपालिकाले स्वीकृत गर्नु पर्छ।
- कार्यपालिकाले माघ महिनामा सबै वडा कार्यालय र आफ्ना कार्यालयका शाखा/महाशाखा र आयोजना प्रमुख र सहकार्य गर्ने निकायहरूलाई आगामी वर्षको कार्यक्रम/बजेट बनाउन निर्देशनसहित पठाउनु पर्नेछ। यी शाखा/महाशाखा प्रमुख, आयोजना/कार्यक्रम अधिकृत र सहकार्य गर्ने निकायहरूले आ-आफ्ना विषय सम्बन्धित योजना तर्जुमा गर्नुपर्छ।

  योजनाहरू हचुवाको भरमा प्रस्ताव नगरी तथ्याङ्क र प्रत्यक्ष जानकारीमा आधारित हुनुपर्छ। प्रत्यक्ष जानकारी भन्नाले ऐतिहासिक पुरातात्विक स्थलहरूको संरक्षण, लोप हुन लागेका रैथाने जातका बोटबिरुवा, लहरा, जडिबुटी, पशुपंक्षी र अन्य ऐतिहासिक सामग्री आदि हुन्।
- संख्यात्मक लक्ष्यहरू राष्ट्रिय स्तरमा हासिल गर्न राखिएको लक्ष्यहरूसँग मेल खाने गरी राख्नुपर्छ।
- छिमेकी गाउँपालिका/नगरपालिकासँग संयुक्त व्यवस्थापनमा कार्यक्रम/आयोजना सञ्चालन गर्न आवश्यक भए त्यसका लागि बजेट व्यवस्थापन गरी सहकार्यको प्रक्रिया अपनाउनुपर्छ।
- सम्बन्धित प्रदेश सरकार/नेपाल सरकारसँग संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन गर्ने भए त्यसका लागि बजेट व्यवस्थापन गरी सहकार्य अगाडि बढाउनु पर्नेछ।
- वार्षिक योजना तर्जुमा गर्दा आ-आफ्ना क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, उपभोक्ता समिति, व्यवस्थापन समिति, सहकारी संस्था, सामुदायिक संघ-सङ्गठनसँग समन्वय गरी एकीकृत कार्यक्रम बनाउनु पर्नेछ।
- योजना तर्जुमा समयमा सबै वर्ग र पक्षको संलग्नता सुनिश्चित गर्नुपर्छ। मुख्य गरेर शिक्षाविद्, समाजमा स्थापित सामाजिक कार्यकर्ता, उद्योगी, विषयविज्ञ, सेवा निवृत्त पेशाविद्, सिमान्तकृत र लोपोन्मुख समुदायका प्रतिनिधि, महिला, बालमैत्रीका लागि बालबालिका प्रतिनिधि, दलित, युवा, शारीरिक अशक्तहरू र जेष्ठ नागरिकका प्रतिनिधिहरू र आ-आफ्ना क्षेत्रको विशिष्टताका आधारमा अन्य जानकार र विज्ञहरूलाई संलग्न गराएर मात्र योजना तर्जुमा गर्न वाञ्छनीय छ।
- योजनाहरू भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित, ग्राफ, चार्ट, तालिका आदिमा प्रस्तुत गर्ने प्रकारले बनाउनु पर्छ। कम्प्युटर सफ्टवेयरको विकास गरी सहज ढङ्गले सुपरिवेक्षण र अनुगमन गर्ने गरी बनाउनु पर्छ।
- यसरी तर्जुमा गरेको वार्षिक योजनालाई कार्यपालिकाले प्राथमिकता र आवश्यकताको आधारमा विश्लेषण र परिमार्जन गरी सभाबाट फागुन मसान्तभित्र निर्णय गराइसक्नु पर्छ।

- गाउँपालिका/नगरपालिकामा सूचना केन्द्र स्थापना गरेर त्यस्तो केन्द्रमा वार्षिक योजना, कार्यान्वयनको तरिका, बजेट, जनताको सहभागिता सबै खुलाएर राख्नु पर्छ। कुनै पनि व्यक्तिले त्यस्ता अभिलेख पढ्न सकोस्। गरिएका कामको प्रगति थप्दै जानुपर्छ।
- पारित वार्षिक कार्यक्रम सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकारलाई र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई पठाउनु पर्दछ।
- योजनाको दूरगामी प्रभाव पर्ने हुँदा आवधिक योजना (५ देखि १० वर्ष सम्मको) बनाएर त्यसको सीमामा रही वार्षिक योजना बनाउनु उपयुक्त हुन्छ। सकेसम्म स्थानीय स्रोत, साधनहरूलाई प्रयोग गर्ने, स्थानीय व्यक्तिको सीप, ज्ञान वृद्धि हुने, रोजगारीका अवसर बढ्ने र स्थानीय संस्था र व्यक्तिलाई परिचालन गर्ने आयोजनाहरूलाई प्राथमिकता दिनुपर्छ।
- नगरपालिकाहरूले व्यवस्थित र स्वस्थ सहर बनाउनुपर्ने हुँदा नगर योजनाविद् (Urban planner), भूगर्भविद्, वनस्पतिविद् जस्ता विज्ञहरूको विज्ञता लिन वाञ्छनीय हुन्छ।

८. योजनाको निर्णय र कार्यान्वयन गर्दा अनिवार्य रूपमा पालना गर्नुपर्ने कुराहरू के-के हुन् ?

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादन छिटो दिने, रोजगार बढाउने, जनताको सहभागिता जुट्ने, वातावारणलाई असर नगर्ने, सामाजिक समावेशीकरणलाई वृद्धि गर्ने र साना आयोजना एक वर्षभित्र पूरा गरिसक्ने गरी बनाउनु पर्छ। ठूला आयोजना क्रमागत रूपमा कार्यान्वयन गर्ने भए त्यस आ.व. मा कति कार्यान्वयन गर्ने हो, स्पष्ट राख्नुपर्छ।
- निर्माण कार्य गर्दा विस्तृत डिजाइन, लागत इस्टिमेट, निर्माण सामग्रीको व्यवस्था, दक्ष कामदार र प्राविधिकको व्यवस्था भएको हुनुपर्छ। ठूला क्रमागत आयोजनालाई यो शर्त अनिवार्य हुन्छ।
- भवन बनाउँदा राष्ट्रिय भवन संहिताको पालना गरेर डिजाइन गरिएको नक्सा पास गरेर मात्र भवन निर्माण गराउनु पर्छ। अब बन्ने प्रत्येक घरमा दमकल र एम्बुलेन्स पुग्ने हुनुपर्छ।
- सडक बनाउँदा सडकको दायाँबायाँ अधिकार क्षेत्र (Right of way) को सीमा निर्धारण गरेर मात्र सडक निर्माण गर्नुपर्छ।
- औपचारिक शिक्षाको मूल विषयक पाठ्यक्रम र पाठ्यपुस्तकहरू नेपाल सरकारले तोकेको लागू गर्नुपर्छ। मातृभाषामा पढाइने विषयहरूमा ऐच्छिक पाठ्यक्रम र पाठ्यपुस्तक स्थानीय स्तरमा बनाउन सकिन्छ। त्यस्तै, कृषि, खाद्य, जनस्वास्थ, वनजस्ता संवेदनशील क्षेत्रमा नेपाल सरकारले तोकेको मापदण्डअनुसार काम गर्नुपर्छ।

९. स्थानीय सरकारको विशेष अधिकारहरू के-के हुन् ?

- संविधानको अनुसूची-८ मा दिइएका क्षेत्रगत विषयहरूलाई स्थानीय कानून (नेपाल सरकार/प्रदेश सरकारको कानूनसँग नबाझिने गरी) बनाएर पूर्णरूपले लागू गर्नसक्छ।
- आ-आफ्ना क्षेत्रभित्रका निर्माण भएका सडक क्षेत्रभित्र बनेका संरचनालाई हटाउन वा भत्काउन आदेश दिन सक्छ। आदेश नटेरे कार्यपालिकाले आफैं भत्काएर/हटाएर सम्बन्धित पक्षबाट लागेको खर्च असुल गर्न सक्छ।
- आ-आफ्ना क्षेत्रमा भू-जोखिम (बाढी, पहिरो, भास, चिरा, धाँजा आदि) को आधारमा भू-उपयोग मापदण्ड बनाउनुपर्छ र त्यस्ता क्षेत्रमा भवन बनाउने जग्गाको खण्डीकरण वा प्लटिङ्ग गर्न रोक लगाउन सक्छ।
- आ-आफ्ना क्षेत्रभित्रमा चार किल्ला तोकेर साँस्कृतिक वा पर्यटकीय क्षेत्र तोक्न सक्नेछ।
- भूकम्प वा विपद्का दृष्टिकोणले बस्न अयोग्य भवनहरू तत्काल पुनर्निर्माण गर्न, रेट्रोफिटिङ्ग (प्रवलीकरण) गर्न वा भत्काउन आदेश दिन सक्छ।
- आ-आफ्ना कार्यपालिकाको कार्य सञ्चालनका लागि कार्य विभाजन र कार्य सम्पादन नियमावली आफैं स्वीकृत गरी लागू गर्न सक्छ।
- स्थानीय स्तरको कर, राजस्व, शुल्क, दस्तुर, दण्ड जरिवाना स्थानीय कानून बनाएर लगाउन सक्छ।
- आ-आफ्ना क्षेत्रभित्र जुनसुकै स्वरूपमा गरिने सिन्डिकेट, कार्टेलिङ, कालोबजारीजस्ता कार्यमा रोक लगाउन सक्छ।
- जनस्वास्थलाई असर गर्ने लागू पदार्थहरू (सूर्तिजन्य पदार्थ, मदिरा आदि) को बिक्रीमा नियन्त्रण वा रोक लगाउन सक्छ। मापदण्ड नपुगेका वा समय गुज्रेका खाद्यपदार्थहरू नष्ट गर्न सक्छ। महामारी फैलिएको क्षेत्रमा वा हुल-हुज्जत भएका क्षेत्रमा निश्चित समयका लागि जो कोहीलाई आवागमनमा रोक लगाउन सक्छ।

१०. स्थानीय सरकारको न्यायिक समितिको बनावट कस्तो छ ?

- संविधानको धारा २१७ अनुसार प्रत्येक स्थानीय सरकारको उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा तीन सदस्यीय न्यायिक समिति गठन गर्नुपर्छ। न्यायिक समिति भने पनि यो अर्धन्यायिक हो।
- न्यायिक समितिमा आ-आफ्ना सभाले आफू मध्येबाट निर्वाचन गरेका दुईजना सदस्य हुनेछन्।

११. न्यायिक समितिले कस्ता मुद्दा/विवाद निरूपण गर्छ ?

- सन्धि-सर्पण मिचेको, कुलोपानी, पोखरी वा खोला-खोल्साको पानीको बाँडफाँड, बाटो मिचेको वा निकास नदिएको सम्बन्धी विवाद,
- बाली अर्मल विवाद।
- मुलुकी ऐनअन्तर्गत ज्याला मजदुरी, गरीब कङ्गाल महल अन्तर्गतका

विवाद, चौपाया छाडा छोड्ने, हराउने, पाउने विवाद, मुलुकी ऐनको कल्याण धन र अंशवण्डामा खान लाउन दिनुपर्ने विवादजस्ता नेपाल सरकारले ऐन/आदेशद्वारा प्रदत्त मुद्दाहरू,

- पानी र धाराको प्रयोग, चरन घाँस दाउरा, घरधनी र बहालमा बस्नेसम्बन्धी विवाद,
- सार्वजनिक सम्पत्तिसम्बन्धी विवाद,
- सङ्घीय र प्रदेश कानूनले तोकेका विषयहरू,
- विवादको निरूपण गर्दा संयोजक वा कुनै सदस्यको स्वार्थसँग गाँसिएको वा निजी सरोकार भएको वा नाताभित्रको व्यक्तिको परे त्यस्तो संयोजक वा सदस्यले कारबाही किनारामा भाग लिन पाउँदैन। बाँकी सदस्यले मात्र सर्वसम्मतिबाट निर्णय गर्नुपर्छ।

१२. न्याय सम्पादनको प्रकृया के हुन्छ ?

- सम्बन्धित गाउँ/नगर सभाले न्याय सम्पादन प्रकृयाको कार्यविधि भएको स्थानीय कानून बनाउनु पर्छ।
- निवेदन दर्ता, जाँचबुझ, म्याद तामेली, पक्ष-विपक्षलाई उपस्थित गराउने, प्रमाण जम्मा गर्ने, वकिल राख्ने वा प्रतिनिधि राख्ने, विभिन्न कार्यको समय अवधि, सरजमीन, साक्षी राख्ने र वयान गराउने र विवाद निरूपण गर्ने तौरतरिका सबै स्थानीय कानूनमा उल्लेख गर्नुपर्छ। सबै प्रकृयाको फर्मेट बनाउनु पर्छ। लेखनदास र विचौलिया आउन नपाउने गराउनु पर्छ।
- यो न्यायिक समितिको मुख्य कार्य भनेको दुई पक्षको सहमतिमा मिलापत्र गराउनु हो। मिलापत्र हुन नसकेका मुद्दाहरूमा मात्र कारबाही किनारा गर्नेछ। यसरी गरेका निर्णय (फैसला) को प्रतिलिपि सम्बन्धित पक्षलाई पैंतीस दिनभित्र उपलब्ध गराउनु पर्छ।
- न्यायिक समितिले गरेको निर्णय सम्बन्धित कार्यपालिकाले तत्कालै कार्यान्वयन गर्नु गराउनु पर्छ।
- न्यायिक समितिबाट भएको निर्णयको अभिलेख कार्यालयमा सुरक्षित राख्नुपर्छ।
- न्यायिक समितिको वार्षिक कार्य सम्पादन विवरण अध्यक्ष/प्रमुख मार्फत् गाउँ/नगर सभामा पेश गर्नुपर्छ।

१३. न्यायिक समितिको निर्णय उपर पुनरावेदन कहाँ गर्नुपर्छ ?

- न्यायिक समितिको निर्णय उपर चित्त नबुझ्नेले नब्बे दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्नु पर्छ।

१४. स्थानीय सरकारको कर, राजस्व र लेखासम्बन्धी व्यवस्था कस्तो छ ?

- स्थानीय सरकारले कानून नबनाई कर लगाउन, उठाउन र ऋण लिन पाउने छैन।
- घर जमिनको स्वामित्व भएका प्रत्येक घर परिवारसँग सम्बन्धित कर एकीकृत सम्पत्ति कर र मालपोत हो। स्थानीय सरकारले उठाउने अरू राजस्व कुनै व्यवसाय सञ्चालन गर्ने वा उपभोग गर्नेसँगमात्र उठाउने कर, शुल्क, दस्तुर हो।
- स्थानीय स्तरको प्राकृतिक स्रोतको प्रयोग, प्रदान गरेको सेवा, उत्पादन गरेको वस्तुको बिक्री कर, प्राविधिक वा प्रविधिजन्य सेवामा कर, शुल्क, दस्तुर, रोयल्टी उठाउन सक्छ।

१५. के-के मा कर, शुल्क वा दस्तुर लगाउन पाइँदैन ?

- कुटनीतिक नियोग वा कुटनीतिज्ञलाई कर लगाउन पाइँदैन।
- नेपाल सरकारले लिएको वैदेशिक ऋण वा सहायताबाट सञ्चालित कुनै आयोजना/कार्यक्रमका लागि विदेशबाट पैठारी गरी ल्याएका सामानमा कर, शुल्क वा दस्तुर लिन पाइँदैन।
- आफ्नै कार्यालयले स्वीकृत दिई बिक्रीका लागि बनेका सामूहिक वा संयुक्त आवास बिक्री नभइरहेका घर वा जग्गामा र सामूहिक उपभोग गरिएका बेसमेन्ट, बगैंचा, पार्किङ्ग, सडकको एकीकृत सम्पत्ति कर लिन पाइँदैन।

१६. कर छुट हुने क्षेत्र के-के हुन् ?

- आफ्ना क्षेत्रभित्रका धार्मिक स्थललाई ऐन, नियमबमोजिम लाग्ने कर, शुल्क, दस्तुर, छुट दिन सकिन्छ।
- विपद् वा जोखिम व्यवस्थापनका लागि ल्याइएका सामानहरू, महामारी रोकथामका लागि ल्याइएका औषधि वा अन्य सामानहरू, वृद्धवृद्धा वा शारीरिक अपाङ्गता भएका व्यक्तिले जीवन धान्न ल्याएका सामानहरूमा कुनै कर, शुल्क वा दस्तुर छुट दिन सकिन्छ।

१७. के-कस्ता कर, शुल्क, दस्तुर लिन प्रदेशसँग जिम्मेवारी र रकमको बाँडफाँड गर्नुपर्छ ?

- सवारी साधन कर (दर निर्धारण र सङ्कलन प्रदेशले गर्ने र बाँडफाँड स्थानीय सरकारसँग गर्ने),
- घरजग्गा रजिष्ट्रेसन शुल्क (दर निर्धारण प्रदेशले गर्ने, सङ्कलन स्थानीय सरकारले गर्ने),
- मनोरञ्जन कर (दर प्रदेशले गर्ने, सङ्कलन स्थानीय सरकारले गर्ने),
- एकभन्दा धेरै स्थानीय तहसँग सम्बन्धित पदयात्रा र पर्यटन शुल्क (प्रदेशले सङ्कलन र बाँडफाँड गर्ने),
- अर्को स्थानीय सरकार वा प्रदेशसँग गाँसिएको प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर-बहत्तर आदि) मा लगाउने कर वा शुल्क (प्रदेशले सङ्कलन र बाँडफाँड गर्ने)।

१८. के-कस्तो स्थानीय स्तरको शुल्क सङ्घीय सरकारले मात्र लगाउन पाउँछ ?

- पर्वतारोहण शुल्क
- राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्ष प्रवेश शुल्क

१९. आफ्ना क्षेत्रभित्रको दररेट कसले निर्धारण गर्छ ?

- स्थानीय सरकारले आ-आफ्ना क्षेत्रभित्रको निर्माण सामग्री, सेवा शुल्क, ज्याला, भाडा, महसुल,

दस्तुर, रोयल्टी आदिको न्यूनतम दररेट अर्को आ.व. सुरु हुन पन्ध्र दिन अगावै वर्षदिनका लागि तोक्नुपर्छ ।

२०. स्थानीय सरकारको कोषको स्वरूप कस्तो हुन्छ ?

- प्रदेश र स्थानीय सरकारको दोहोरो अधिकार क्षेत्रभित्रको कर, राजस्व, शुल्क उठाएको रकमको प्रदेश स्तरमा एक कोष खडा गरिनेछ । प्रदेश क्षेत्रभित्र प्रत्येक सरकारले उठाएको अलग-अलग स्रोत खुल्ने गरी यस कोषको प्रदेशले हिसाब राख्नु पर्छ ।
- यसरी उठाएको रकम प्रदेश सरकारले तोकेको संयोजकको संयोजकत्वमा स्थानीय सरकारको प्रतिनिधि सदस्य रहेको समितिले कसले कति पाउने बाँडफाँड गर्छ ।
- स्थानीय सरकारले स्थानीय सञ्चित कोषको नामले बैंकमा खाता खोल्नुपर्छ । सबै स्रोतबाट आएको आम्दानी यस कोषमा अनिवार्य जम्मा गर्नुपर्छ । आर्थिक वर्षको अन्त्यमा खर्च हुन नसकेका बाँकी रहेको रकम पनि यसै सञ्चित कोषमा सार्नु (जम्मा) गर्नु पर्छ ।
- स्थानीय सरकारले आकस्मिक कोषको नाममा छुट्टै खाता खोलेर आकस्मिक कोष खडा गर्नुपर्छ ।
- कर, राजस्व, शुल्क, रोयल्टी कुन कुन स्रोतबाट के-कति उठाउन सकिन्छ भन्ने सम्बन्धमा स्थानीय सरकारको प्रमुख/अध्यक्षको संयोजकत्वमा वार्षिक आयको आँकलन गर्न स्थानीय राजस्व परामर्श समिति गठन गर्न सकिन्छ ।
- संविधानको धारा २५१ अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय सरकारको खर्च आवश्यकता र राजस्वको क्षमताको आधारमा सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदान दिन्छ । यस्तै, मापदण्ड अपनाएर प्रदेश सरकारले पनि अनुदान दिन्छ । यस्तो अनुदान सशर्त, समपूरक वा विशेष अनुदान हुन्छ । यो सबै रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्छ ।
- वैदेशिक सहयोग जिन्सी, प्राविधिक र नगद हुने हुनाले सङ्घीय सरकारले गरेको सम्झौताअनुसार नगद प्रवाह हुने जति स्थानीय सञ्चित कोषमा जम्मा गरी खर्च गर्नुपर्छ । जिन्सी सामान जिन्सी खातामा 'इन्ट्री' गरेर मात्र खर्च गर्नुपर्छ ।
- निर्वाचन क्षेत्र विकास कार्यक्रमको नाममा सांसदहरूले स्थानीय सरकारको कार्यक्षेत्रभित्र छुट्टै अनुदान दिने प्रावधान संविधानले परिकल्पना गरेको स्थानीय सरकारको अधिकार क्षेत्रको विपरित हुन्छ । अब सबै रकम स्थानीय कोषमा राख्नै पर्छ ।

२१. स्थानीय सरकारले कोषको रकम कसरी खर्च गर्नुपर्छ ?

- सर्वप्रथम स्थानीय सरकारले आ-आफ्नो स्थानीय व्यवस्थापिका (गाउँ/नगर सभा) बाट आर्थिक प्रणालीको कानून बनाउनु पर्छ ।
- आर्थिक कानून र सो बमोजिम बनाएको नियमावलीअनुसार कर, राजस्व, शुल्क, दस्तुर, दण्ड, जरिवाना, ऋण, अनुदान, उठाउने/संकलन गर्ने गर्नुपर्छ । अनि त्यही कानून र नियम बमोजिम खर्च गर्नु पर्छ ।
- प्रत्येक वर्षको पुसभित्र बजेट अनुमान समितिको बैठक बसेर आगामी वर्ष र त्यसपछिका दुई वर्षको आय र व्ययको अनुमान गरी प्रक्षेपण गर्नु पर्छ ।
- कोषको रकम खर्च गर्दा साधारण र पूँजीगत (विकास) खर्चको सीमाभित्र रहेर खर्च गर्नु पर्छ । विकास खर्चको रकम साधारण खर्चमा रकमान्तर गरेर खर्च गर्न पाइँदैन ।
- स्थानीय सरकारको रकम वडा कार्यालयलाई जिम्मेवारी बनाई सो मार्फत् खर्च गर्नु पर्छ । ठूला आयोजना र एकभन्दा बढी वडामा सञ्चालन गरिने आयोजना/कार्यक्रमको सञ्चालन भने कार्यपालिकाले आफ्नै सचिवालय मार्फत् गर्न सक्छ । तर कुन वडामा के कामका लागि कति रकम खर्च गरिँदैछ भन्ने कुरा वडा कार्यालयलाई जानकारी गराउनु पर्छ ।

२२. स्थानीय सरकारले ऋण लिन सक्छ ?

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको निर्देशनको सीमाभित्र रही सभाबाट स्वीकृत गराएर विकासका लागि पूँजीगत आन्तरिक ऋण लिन सक्छ । साधारण खर्च चलाउन ऋण लिनु हुँदैन ।
- यस्तो ऋण बढीमा पच्चीस वर्षभित्र तिर्ने गरी लिनुपर्छ । समय सीमामा नतिरे सङ्घीय सरकार/प्रदेश सरकारले त्यस स्थानीय सरकारले पाउने अनुदान कटाएर ऋण तिरिदिने छ ।

२३. स्थानीय सरकारको खर्च शीर्षक कस्तो हुने र अन्तिम लेखापरीक्षण कसले गर्छ ?

- नेपाल सरकारले निर्धारण गरेकै आयव्ययको वर्गीकरण र खर्च शीर्षकमा लेखा राख्नु पर्छ । यसको ढाँचा महालेखा परीक्षकबाट स्वीकृत भएको हुनुपर्छ । स्थानीय सरकारको आयव्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुन्छ ।

२४. आय-व्ययको लेखासम्बन्धी बैंक खाता कसले सञ्चालन गर्छ ?

- अध्यक्ष वा प्रमुखले आफैंले खाता सञ्चालन गर्नु हुँदैन । कार्यकारी अधिकृतलाई उत्तरदायी बनाउने गरी अख्तियारी दिनुपर्छ । त्यसैगरि, वडा कार्यालयको खाता सञ्चालन पनि त्यहींका कर्मचारीले गर्नु पर्छ ।

२५. रकमान्तर कसले कति गर्न पाउँछ ?

- सभाबाट स्वीकृत वार्षिक बजेटको अधीनमा रही एक शीर्षकबाट अर्को शीर्षकमा एक वर्षमा एक पटक बीस प्रतिशतसम्म कार्यपालिकाले रकमान्तर गर्न सक्छ ।

२६. स्थानीय सरकारको प्रशासनिक संगठन कस्तो हुन्छ ?

- स्थानीय सरकार सञ्चालनका लागि न्यूनतम प्रशासन, कर राजस्व, लेखा, कानून, फोहरमैला

व्यवस्थापन, प्रहरी, दमकलजस्ता कार्य सञ्चालनका लागि एउटा गुदी समूह (Core group) अनिवार्य हुन्छ ।

- त्यसपछि जनतालाई अनिवार्य सेवा दिने, पूर्वाधार निर्माण गर्ने, स्रोतको सम्भाव्यता खोजी गर्ने र परिचालन गर्ने र पारदर्शिता कायम गराउन जनतालाई सुसूचित गर्न महत्वपूर्ण अरू समूह पनि चाहिन्छन् ।
- प्रशासनिक संगठनमा विभाग, महाशाखा र शाखा, के-के बनाउन आवश्यक छ र के-के जिम्मेवारी कुन पदलाई दिनुपर्छ भन्ने कुरा विज्ञहरूबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण (अध्ययन) गराएर त्यसअनुसार गर्दा मात्र दिगो हुन्छ । अधिकार क्षेत्रको किटान, जिम्मेवार, कार्य सम्पादनमा दक्षता, सरल सेवा प्रदान पद्धति, अन्तरसमन्वय जस्ता कुरा संगठनका महत्वपूर्ण कडी हुन्छन् । संगठनहरू चुस्त र मितव्ययी हुनु पर्छ ।
- सहयोगी रूपमा धेरै कर्मचारीहरू भर्ना गर्दा भविष्यमा आर्थिक भार बढ्ने भएकाले कम्प्युटर/फोटोकपी सेवा, सवारी चालक, कार्यालय सहयोगी र सरसफाईसम्बन्धी सेवाजस्ता बाह्य स्रोतबाट गर्न सकिने कार्यहरू कार्यपालिकाले आफ्नो कार्यकालका लागि करार सेवामा कर्मचारी वा संस्थालाई लिन सक्छ । यस्तो करार लाभ लागत हेरी गर्नु पर्छ । अस्थायी दरबन्दी सृजना गरी कर्मचारी भर्ना गर्नु हुँदैन ।
- निजामती सेवाको श्रेणी प्रथा स्थानीय तहमा काम नलाग्न सक्छ । स्थानीय स्तरमा तह प्रथा अपनाउन वेश हुन्छ ।
- स्थायी कर्मचारी नियुक्ति गर्दा आ-आफ्ना संगठनबाट तलब-भत्ता, सञ्चय कोष, उपदान, निवृत्तिभरण, औषधि-उपचार, अशक्त भत्ता आदिको लेखाजोखा गरी स्थानीय सेवा ऐन बनाएर मात्र नियुक्ति गर्नु पर्छ । वर्षौंदेखि अस्थायी काम गरिरहेका सक्षम कर्मचारीहरूलाई निश्चित मापदण्ड बनाएर समायोजन गर्नु पर्छ ।
- कर्मचारीलाई गैरमौद्रिक सुविधाहरू जस्तै वृत्ति विकास, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तालिम, समान पद र अवस्थामा सरुवा, जिम्मेवारी र अधिकारहरूबारे पनि उक्त सेवा ऐनमा राख्नु पर्छ ।
- के-कस्तो कर्मचारीहरूले ट्रेड यूनियन खोल्न पाउने र त्यस्ता ट्रेड युनियनका पदाधिकारीहरूलाई दिने सुविधाबारे स्पष्ट गर्नु पर्छ ।
- राम्रो काम गर्नेलाई पुरस्कार र विधिअनुसार काम नगर्नेलाई दण्ड दिने प्रकृया, निर्णयको तह, त्यस उपरको पुनरावेदनबारे स्पष्ट गर्नु पर्छ ।
- कार्यपालिकाले निश्चित सिद्धान्त बनाएर महिला, सीमान्तकृत/अल्पसंख्यक समुदाय, दलित, शारीरिक अपाङ्गता भएकालाई प्रशासनमा प्रतिस्पर्धात्मक रूपमा समावेश गर्ने व्यवस्था मिलाउनु पर्छ ।
- निर्वाचित जनप्रतिनिधिहरूले के-के प्रशासनिक निर्णय गर्नुपर्ने हुन्छ, कार्य विभाजन र अधिकार प्रत्यायोजनबाट स्पष्ट खुलाउनु पर्छ । तर कार्यालयको बैंक खाता सञ्चालन भने जनप्रतिनिधिले गर्न पाइने छैन ।

२७. स्थानीय सरकारको प्रशासकीय प्रमुख को हो ?

- नीतिगत रूपमा स्थानीय सरकारको प्रशासकीय प्रमुख अध्यक्ष/प्रमुख नै हो । वडामा वडाध्यक्ष नै हो । तर दैनिक प्रशासन सञ्चालन, कर्मचारीहरूको खटन-पटन, नियन्त्रण, मूल्याङ्कन, कर राजस्व संकलन, कोष तथा लेखा सञ्चालन र कार्यपालिका, सभा र न्यायिक समितिका निर्णयहरूको कार्यान्वयन गरी नतिजा निकाल्न योग्यता र दक्षता भएको प्रतिस्पर्धाबाट आएको एक कार्यकारी प्रमुख अधिकृत नियुक्ति गर्नु पर्छ । कार्यकारी अधिकृतको मातहतमा सहयोगी कर्मचारी रहन्छन् । वडा कार्यालयमा पनि प्रतिष्पर्धाबाट आएका अधिकृत र कर्मचारी हुनेछन् ।
- प्रदेश कानून बनेर नतोकेसम्म सङ्घीय सरकारबाट खटाएको अधिकृतले स्थानीय सरकारको प्रमुख कार्यकारी अधिकृतको रूपमा काम गर्छ । तर अन्य कर्मचारी प्रमुख अधिकृतले योग्यता, दक्षता र ज्येष्ठताको आधारमा वडा कार्यालय र आफ्ना सङ्गठनभित्रका विभाग, महाशाखा, शाखामा खटाउँछ ।

२८. स्थानीय कर्मचारीहरूको तलब, स्केल, ग्रेड कति कसले तोक्छ ?

- स्थानीय सरकारमा कार्यरत कर्मचारीहरूको तलब स्केल, ग्रेड र अन्य तलब सम्बद्ध सुविधाहरू (सञ्चय कोष, नागरिक लगानी कोष आदि) प्रदेश सरकारले तोक्छ ।
- प्रदेश सरकारको कानून नबनाएसम्म सङ्घीय सरकारले तोकेबमोजिम हुनेछ ।
- स्थानीय भत्ता वा अन्य आर्थिक सुविधा आ-आफ्नो आयस्रोतको आधारमा स्थानीय सरकारले दिन सक्नेछ । तर यसरी दिइने सुविधाबाट कार्यपालिकाको समग्र कार्यको सम्पादनलाई चुस्त र गतिशील गराउने पक्षमा दिनुपर्छ अथवा तोकिएको समयमा तोकिएको कार्य सम्पादन गर्न नसके यस्तो भत्ता वा आर्थिक सुविधा कटौती गरिने शर्त हुनु पर्छ ।

२९. साविकमा काम गरिरहेको कर्मचारीहरूको खटन-पटन के हुन्छ ?

- साविकमा काम गरिरहेको निजामती कर्मचारी वा स्थानीय कर्मचारीहरूलाई समान स्तरमा काममा खटाउने र निरन्तरता दिने कार्य सङ्घीय सरकारले गर्छ ।
- सङ्घीय सरकारले कानून बनाएर स्थानीय सरकारका दरबन्दीमा निजामती कर्मचारीलाई समायोजन गर्छ ।
- प्रदेश कानून बनेपछि त्यसअनुरूप कर्मचारीहरूको व्यवस्था गर्नु पर्छ ।
- काम गरिरहेका कर्मचारीहरूले स्थानीय सरकारको नयाँ जिम्मेवारी र नयाँ चुनौती बहन गर्न सक्ने

क्षमता प्रदर्शन गर्न नसके स्थानीय सरकारले 'गोल्डन ह्यान्डसेक स्कीम' (स्वेच्छिक अवकास योजना) ल्याएर त्यस्तो कर्मचारीको समूहलाई विदा दिन सक्छ ।

३०. स्थानीय सरकारसँग सम्वद्ध कति आयोग, समिति, उपसमितिहरू छन् ?

संविधानमा उल्लेख भएका

- प्रादेशिक लोक सेवा आयोग
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (संवैधानिक परिषद्ले सिफारिस गरेको अध्यक्ष र बढीमा ५ जना सदस्य)
- न्यायिक समिति (उपप्रमुख/उपाध्यक्ष संयोजकत्वमा तीन सदस्यीय समिति)
- नगर सभा (प्रमुख, उपप्रमुख, वडाअध्यक्ष, वडासदस्यहरू)
- गाउँ सभा (अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष, वडासदस्यहरू)
- जिल्लासभा र जिल्ला समन्वय समिति (अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू)

सङ्घीय ऐन आदेशअनुसार

- सीमा हेरफेर तथा निर्धारण समिति (विज्ञहरू, भूगोल/जि.आइ.एस. विद्, मानवशास्त्री/समाजशास्त्री, अर्थशास्त्री, जनसंख्याविद्, भौतिक योजनाविद् आदिको समूह)
- राजस्व बाँडफाँड समिति (प्रदेश र स्थानीय तह बीचको राजस्वका लागि) (प्रदेश सरकारले तोकेको अधिकारी र सम्बन्धित स्थानीय सरकारको प्रमुख, विज्ञसहित)
- बजेट अनुमान समिति (स्थानीय सरकारको प्रमुखको अध्यक्षतामा दलित, सीमान्तकृत र महिलासहित विपक्षी दलको प्रतिनिधि)
- स्थानीय राजस्व परामर्श समिति (स्थानीय सरकारको अध्यक्षतामा निजी क्षेत्र र विज्ञसहित)
- प्रदेश समन्वय परिषद् (मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश सरकारले तोकेका पदाधिकारी र स्थानीय सरकारका प्रमुखहरू)
- केन्द्रीय सहजीकरण समिति (सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा)
- केन्द्रीय व्यवस्थापन समन्वय समिति (मुख्यसचिवको संयोजकत्वमा)
- स्थानीय सरकारले आ-आफ्ना प्रयोजनका लागि समिति, उपसमिति वा कार्यदल निश्चित कार्यका लागि गठन गर्न सक्छ ।

३१. अहिलेका विषयगत मन्त्रालयका जिल्ला वा सोभन्दा मुनिका कार्यालयहरू, कर्मचारीहरू र त्यसको सम्पत्ति र दायित्व अब के हुने ?

- नेपाल सरकारको ऐन/आदेश अनुसार ६ महिनाभित्र गाउँपालिका/नगरपालिकाको कार्य जिम्मेवारी वमोजिम सम्बन्धित कार्यालय/निकायको नाममा रहेको सम्पत्ति, दायित्व र बजेट सम्बन्धित गाउँपालिका र नगरपालिकामा स्थानान्तरण/हस्तान्तरण गरिसक्नु पर्छ । कर्मचारीका हकमा भने कानूनद्वारा व्यवस्था नभएसम्म काम गरिरहन खटाउन सक्छ, हस्तान्तरण गर्न मिल्दैन । हस्तान्तरण भएपछि पनि ती कर्मचारीले पाउने तलब-भत्ता वा अन्य पाइरहेका सुविधा नेपाल सरकार/प्रदेश सरकारले व्यहोर्नु पर्छ ।

३२. सम्पत्ति र दायित्व भन्नाले के बुझिन्छ ?

- सम्बन्धित कार्यालयको स्वामित्वमा रहेका जमिन, प्रयोगमा आएको वा नआएको भवन, प्राकृतिक स्रोत स्थायी रूपमा बनेका अन्य संरचनाहरू अचल सम्पत्ति हुन् भने यान्त्रिक साधनहरू र अन्य एक ठाउँबाट अर्को ठाउँमा सार्न/लैजान मिल्ने त्यस कार्यालयका सामानहरू, विनियोजित रकम, निर्णयहरू चल सम्पत्ति हुन् । यी चल र अचल मिलाएर कार्यालयको सम्पत्ति हुन्छ ।
- दायित्व भन्नाले त्यस कार्यालयको ऋण, बेरुजु, धितो, तिर्नुपर्ने कर, राजस्व, शुल्क, भ्रष्टाचार वा दुरूपयोग रकम तथा अदालतमा परेका मुद्दाहरू र आफ्ना कार्यालयमा पदस्थापना भएका तर कार्यालयमा उपस्थित नभई अन्यत्र गएका कर्मचारीहरूलाई गर्ने कार्वाही, दण्डमा परी कार्यालयले तिर्नुपर्ने रकम सबै दायित्वभित्र पर्दछन् ।

३३. जिल्ला सभा र जिल्ला समन्वय समिति कसरी गठन हुन्छ ?

- जिल्लाभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख पदेन जिल्ला सभाका सदस्य हुन्छन् ।
- गाउँ सभा/नगर सभा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिनभित्र जिल्ला सभाको पहिलो बैठक बसिसक्नु पर्छ ।
- जिल्ला सभाले एकजना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित/अल्पसंख्यक सहित नौ जना सदस्य रहेको जिल्ला समन्वय समिति निर्वाचन गर्छ ।
- गाउँसभा/नगरसभा सदस्य जिल्ला समन्वय समितिमा उम्मेदवार हुन सक्छन् । निर्वाचित भएमा तलको पद स्वतः रिक्त रहन्छ ।
- जिल्ला समन्वय समितिका सदस्य तथा पदाधिकारीको पदावधि पाँच वर्षको हुन्छ ।

३४. जिल्ला समन्वय समितिले के काम गर्छ ?

- जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्दछ ।
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्छ ।
- विभिन्न मन्त्रालयका विषयगत कार्यालयलाई स्थानीय सरकारमा समायोजन गर्न मद्दत गर्छ ।

- विकास निर्माण कार्यको अनुगमन गर्छ र पृष्ठपोषण (feedback) दिन्छ ।
- जिल्लामा रहेका सङ्घीय र प्रदेश सरकारका कार्यालयहरू र गाउँपालिका/नगरपालिकाबीच समन्वय गर्छ ।
- स्थानीय सरकारबीच उत्पन्न विवाद समाधान गर्छ ।

३५. जिल्ला समन्वय समितिको बजेट कहाँबाट आउँछ ?

- जिल्ला समन्वय समितिको छुट्टै आय स्रोत केही पनि नहुने भएकाले गाउँपालिका/नगरपालिकाले दिने, प्रदेश सरकारले दिने र सङ्घीय सरकारले दिने अनुदान सहयोगबाट सञ्चालन गर्नु पर्छ ।

३६. जिल्ला समन्वय समितिका पदाधिकारीले के-कस्तो सुविधा पाउँछ ?

- जिल्ला समन्वय समिति पदाधिकारीले सम्बन्धित प्रदेशको कानूनले तोके बमोजिमको सुविधा पाउँछन् । प्रदेशको कानून नबनेसम्म सङ्घीय सरकारले तोके बमोजिम सुविधा पाउँछन् ।

३७. जिल्ला समन्वय समितिको प्रशासनिक सङ्गठन कस्तो हुन्छ ?

- जिल्ला समन्वय समितिको प्रशासकीय प्रमुख जिल्ला समन्वय अधिकारी रहनेछ । त्यस्तो जिल्ला समन्वय अधिकारी प्रदेश कानूनले नतोकेसम्म नेपाल सरकारले निजामति सेवाको कुनै अधिकृतलाई खटाउन सक्छ ।
- अन्य कर्मचारीहरूको हकमा कार्यबोझको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गराएर स्थायी प्रकृतिको कामका लागि सरकारबाट र अरू सबै सेवा करारबाट कर्मचारी लिने गरी दरबन्दी प्रस्ताव गर्नु पर्छ ।
- जिल्ला समन्वय समितिको सचिव जिल्ला समन्वय अधिकारी हुन्छ । सम्पूर्ण आर्थिक कारोबार, सम्पत्तिको संरक्षण, रकम खर्च गर्ने, लेखापरीक्षण गराउने, जिल्ला समन्वय समितिको निर्णय कार्यान्वयन गराउने कार्य यसै अधिकारीले गर्छ ।
- जिल्लासभा, सङ्घीय र प्रदेश सरकारबीच प्रशासनिक समन्वय पनि यसै अधिकारीले गर्नु पर्छ ।

३८. स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधि र कार्यरत कर्मचारीले सम्पत्ति विवरण पेश गर्नु पर्छ ?

- स्थानीय सरकारका जनप्रतिनिधिले पद धारण गरेको साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल-अचल सम्पत्ति, कसरी आर्जन गरेको त्यसको स्रोत र निस्सासहित तोकिएको ढाँचामा भरेर आ-आफ्नो कार्यालयमा पेश गर्नु पर्छ । त्यसपछि प्रत्येक आर्थिक वर्ष सुरु भएपछि साठी दिनभित्र सो सम्पत्ति विवरण अद्यावधिक गरी बुझाउनु पर्छ ।
- त्यसैगरी, स्थानीय सरकारका कर्मचारीले आर्थिक वर्ष सकिएपछि साठी दिनभित्र आफ्नो र आफ्ना परिवारको सदस्यको नाममा रहेको चल-अचल सम्पत्ति, आर्जनको स्रोत र निस्सासहित कार्यालयमा पेश गर्नु पर्छ ।
- यसरी प्राप्त विवरणहरू कार्यकारी अधिकृतले जम्मा गरी प्रदेश सरकारसमक्ष पठाउनु पर्छ ।
- प्रदेश सरकारले यी विवरणहरू गोप्य राख्नु पर्छ र कानून बमोजिम हुने छानविन/अनुसन्धानका लागि मात्र प्रयोग गर्न दिनु पर्छ ।
- समयभित्र सम्पत्ति विवरण नबुझाउनेलाई दण्डित गर्ने व्यवस्था छ ।

३९. स्थानीय जनप्रतिनिधिले आ-आफ्ना स्वच्छ छवि बनाउन पालना गर्नुपर्ने आचरणहरू के के हुन् ?

- कार्यालयको कामसँग निजी स्वार्थ जोड्न हुँदैन ।
- विकास निर्माण वा अन्य कुनै कार्य म गराउँछु भनेर आफ्ना नाममा कार्यालयको रकम पेश्की लिन हुँदैन ।
- नजराना, कोसेली काम गराउन आउनेबाट लिन हुँदैन । कार्यालयमा काम परेकासँग नगद वा जिन्सी लिन हुँदैन ।
- आफूले गरेका निर्णयहरू कानूनले गोप्य राख्नु पर्छ भनेर तोकेका बाहेक जनतालाई जानकारी गराएर पारदर्शी हिसाबले काम गर्नु पर्छ ।
- ऐन/नियमले दिएको सुविधाबाहेक रकम, गाडी, कम्प्युटर, मोबाइल, फर्निचर, पेश्की रकमजस्ता कुराहरू व्यक्तिगत प्रायोजनका लागि लिनु हुँदैन ।
- आफू वा आफ्ना परिवार संलग्न भएको मुद्दा मामिला स्वार्थ जोडिएको आर्थिक वा फाइदा लिने कुरा जस्तामा आफूले घोषणा नै गरेर तटस्थ बस्नु पर्छ ।
- दलगत स्वार्थ वा ठेक्कापट्टाजस्ता कार्यमा दवाब दिनु हुँदैन ।
- कर्मचारीहरू कार्यालयमा वा कार्यालयले तोकेका काम गरे सरकारी हुने र विदा लिए निजी जीवन हुन्छ । निजी जीवनमा सरकारी सुविधा चलाउन पाइँदैन । त्यस्तै जनप्रतिनिधिहरू जो पारिश्रमिक वा आर्थिक सुविधा लिन्छन्, उनीहरूको कार्यपालिकामा वा पदमा रहँदाको जीवन र निजी जीवन छुट्याउने गरेको छैन । आफ्ना परिवार वा सम्बन्धितको विवाह, ब्रतबन्ध, अस्पतालमा औषधिमूलो, तीर्थब्रत वा कार्यालयको काम बाहेकमा जाँदा पनि सरकारी साधन, रकम वा अन्य सुविधा प्रयोग गरेको पाइन्छ । यसर्थ जनताको मन जितेर काम गर्न, उच्च मनोबल बनाउन र स्वच्छ छवि बनाउन यस्ता कुरा स्पष्ट गर्नु पर्छ ।
- कर्मचारीहरू वा विज्ञहरू नियुक्ति गर्दा प्रतिस्पर्धा गराएर कानून बमोजिम गराउनु पर्छ, दवाब दिएर पक्षपात गरेर राख्नु हुँदैन ।
- यी सबै आचरणहरू राखेर आचारसंहिता बनाएर लागू गर्नुपर्छ ।

४०. स्थानीय सरकारले दूरदृष्टिका साथ काम गर्न के-के नयाँ कुरामा ध्यान पुऱ्याउनु पर्छ ?

- महानगरको कार्यक्षेत्र (scope of work) लाई समेट्ने गरी अहिले

ऐन बनेको छैन । नगरपालिकाको ऐनबाट महानगरपालिका/उपमहानगरपालिका सञ्चालन गर्ने होइन, महानगरपालिकाको ऐन बनाएर त्यसबाट नगरपालिका सञ्चालन गर्न सकिन्छ । केन्द्रीय राजधानी भएको सहरको महानगरपालिकालाई थप धेरै अधिकार चाहिन्छ । भौगोलिक क्षेत्र पनि बृहत हुनु पर्छ । काठमाडौं उपत्यकालाई विकासका दृष्टिकोणले एउटा इकाईको अवधारणा बनाएर एकीकृत विकास गर्नु पर्छ ।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा संविधानले तोकेको योग्यता भएको व्यक्ति कानूनतः गठन भएको स्थानीय सरकारहरूको महासंघले पनि संवैधानिक परिषद्मा सिफारिस गरी पठाउन पाउने व्यवस्था हुनु आवश्यक छ ।
- नेपाल सरकारका निर्णयहरू राजपत्रमा प्रकाशन गरेपछि वैधानिकता पाएको मानिने व्यवस्था छ । स्थानीय सरकारका निर्णयहरूलाई राजपत्रमा जस्तै के-कस्तो रूपमा प्रकाशन गरेर स्थानीय ऐन/नियमको अंग बनाइन्छ र आवश्यक पर्दा अदालतमा प्रमाणको रूपमा पेश गरिन्छ । कसरी ती निर्णयहरूको अभिलेखलाई संरक्षण गरिन्छ ? ध्यान पुऱ्याउनु पर्छ ।
- स्थानीय तहका गाउँपालिका/नगरपालिकाको सीमा निर्धारण गर्दा धेरै ठाउँमा विकासका दृष्टिकोणले भन्दा बाध्यताका कारणले गठन भएको पाइन्छ । अब स्थानीय सरकारहरू आफैंले यस कुराको लेखाजोखा गरी प्रशासनिक र आर्थिक दृष्टिकोणले धान्न सक्ने (viable) एकाईको रूपमा विकास गर्न मर्जर (गाभ्ने) रणनीतिको विकास गर्न जरुरी छ । गाउँ भए अविकसित, सहरबजार भए विकसित भन्ने अहिलेको मनोविज्ञानमा परिवर्तन ल्याउनुपर्छ । धेरै सहरबजारभन्दा स्वस्थकर र सेवा सम्पन्न गाउँ बनाउनु आवश्यक छ ।
- स्थनीय सरकारको आवश्यकतालाई पूर्ति गर्ने गरी नेपाल सरकारले बजेट दिन सक्ने अवस्था अझै धेरै वर्षसम्म हुनै सक्तैन । त्यसकारण स्थानीय तह पूर्वाधार निर्माण बैंक/वित्तीय संस्थाको स्थापना अत्यावश्यक भइसकेको छ । यस्तो बैंकबाट स्थानीय सरकारहरूले दीर्घकालीन/अल्पकालीन ऋण पाउन सक्ने गराउन आवश्यक छ ।
- जथाभावी 'प्लटिङ्ग' गरी घडेरी बेच्ने व्यवसायीहरूका कारण घर मलिलो माटोमा र खेतीपाती रूखो पाखोमा गर्नुपर्ने अवस्था आएको छ । यस्तो धन्दालाई तुरून्त रोकी अब रूखोपाखोमा घर बनाउन अनुमति दिएर उर्वर र उत्पादन जमिनको संरक्षण गर्ने पद्धति बसाल्नु पर्छ ।
- माओवादी आन्दोलनका क्रममा गाउँ जिल्लामा 'जनसत्ता' (सरकार) बनाएर विभिन्न व्यक्ति वा संस्थाको जमिन जनसत्ताले अरु कसैको नाममा लिखत पास गराई स्वामित्व सारेका मुद्दाहरू, कैयौं ठाउँमा अनागरिकलाई नागरिकता दिलाएका घटनाहरू, तीसौं/चालीसौं वर्षदेखि घर बनाई बसोबासो गरेका व्यक्तिहरूले धनीपुर्जा नपाएकाहरू, नापी छुट भई अन्यायमा परेका घर परिवारहरू र सुकुमवासी समस्याहरू जस्ता स्थानीयस्तरका सबै समस्याहरू अब स्थानीय सरकारले पूर्ण जवाफदेही भएर हल गनुपर्छ ।
- विभिन्न मन्त्रालयले गाउँ टोलमा आ-आफ्ना विषयगत सेवा दिइरहेको पृष्ठभूमिमा अब यस्तो सेवा स्थानीय सरकारमार्फत् दिनुपर्ने हुँदा यो नयाँ अभ्यासमा विशेष ध्यान पुऱ्याएर पहिलेको भन्दा सरल र सहज किसिमले सेवा दिने रणनीति स्थानीय सरकारले बनाउनु पर्छ । गुनासोभन्दा प्रशंसा आउने गराउनु पर्छ ।
- समाजको रूपान्तरण र विकास प्रयास सबै सकारात्मक मात्र नभएकोले सामाजिक अपराधमा वृद्धि भएबाट स्पष्ट छ । अहिलेको मिडिया र साइवरको सशक्त पहुँचमा रहेको जनतामा सकारात्मक प्रभावमात्र ल्याउन सजिलो पनि छैन । दुर्गम र भौगोलिक विकटतामा बसेका युवा पनि कामको खोजीमा खाडी मुलुकहरू, मलेशिया, कोरियाजस्ता अनेकन मुलुकमा पुगिसकेका छन् र बाह्य 'एक्स्पोजर' पाएका छन् । स्थानीय सरकारहरूले आ-आफ्ना बासिन्दाहरूको अध्ययन, विश्लेषण गरी समाजलाई सभ्य र सु-संस्कृत बनाउन नयाँ पाइला चाल्नुपर्ने हुन्छ । रोजगारीको नयाँ अवसरहरू श्रृजना गर्नु पर्छ । कमजोर र पछाडि परेका वर्गलाई मूलधारमा ल्याउन आवधिक योजना बनाउनु पर्छ ।
- तीनतिर खुला अन्तर्राष्ट्रिय सीमा भएको मुलुकका हामी बासिन्दा भएकाले सीमा क्षेत्रका गाउँपालिका/नगरपालिकाहरूले सीमापारका बासिन्दासँग संस्कृति र विकास पूर्वाधारहरूमा कसरी फरक छौं र हामी नेपाली हौं भन्ने गराउन रणनीतिक योजना बनाउन आवश्यक छ । यस कार्यले अन्तरराष्ट्रिय सीमा संरक्षणमा पनि बल पुग्ने र सीमा क्षेत्रका बासिन्दालाई नेपालीत्वभित्र आवद्ध हुने अवसर हुनेछ । यस्तो कार्यका लागि नेपाल सरकारले स्थानीय सरकारलाई थप सहयोग दिनु पर्छ र विकासको मापदण्ड (स्थानीय परिवेश अनुसार) बनाउन मद्दत गर्नु पर्छ ।

(यो प्रश्नोत्तर तयारी गर्ने क्रममा स्थानीय सरकारका विज्ञ श्री कृष्णप्रसाद सापकोटा, पूर्वसचिव श्री विमल वाग्ले र पूर्वसहसचिव श्री वसन्त गौतमबाट अमुल्य सुझावहरू प्राप्त भएकाले वहाँहरूलाई विशेष धन्यावाद ज्ञापन गर्दछु - लेखक)

❖❖❖

स्थानीय सरकार र सुशासन
सन्दर्भमा भ्रष्टाचार नियन्त्रण

– पूर्णचन्द्र भट्टराई*

विषय प्रवेश

आफ्नो शासन प्रणाली आफैंले निर्धारण गर्ने नेपाली जनताको चाहना नेपालको संविधान (२०७२) जारी भएपछि पूरा भएको छ। यस संविधानले नेपाललाई अग्रगामी संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा स्थापित गरी राज्यसत्तालाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरेको छ। विगतमा केन्द्रमा रहेको अधिकार प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुँदैछ। आमनागरिकले लामो समयको अन्तरालमा आफूले चुनेको प्रतिनिधि मार्फत् स्थानीय सरकारको निर्माण र सञ्चालनमा सहभागी हुने अवसर प्राप्त गरेका छन्। प्रदेश संरचना नेपालकै लागि पहिलो अभ्यास हो। यस लेखमा स्थानीय शासन भ्रष्टाचार न्यूनीकरण तथा स्थानीय सुशासनको लागि अवलम्बन गर्नुपर्ने उपायका बारेमा विश्लेषण गरिएको छ।

स्थानीय शासन

राज्यको राजनीतिक, आर्थिक तथा प्रशासनिक शक्ति अभ्यासको अधिकार नै शासन हो। अधिकारहरूको स्थानीय स्तरमा अभ्यास गरिने पद्धति नै स्थानीय शासन (Local Governance) हो। सार्वभौम जनताले चुनेका प्रतिनिधिमार्फत् आफ्नो शासन आफैं चलाउन पाउने व्यवस्था नै लोकतान्त्रिक व्यवस्था हो भने स्थानीय शासन लोकतन्त्र र असल शासनको आधार स्तम्भ हो। स्थानीय सरकार नागरिकहरूले हात फैलाउँदा भेटिने र छुँदा महसुस गर्न सकिने हुनुपर्ने मान्यता राखिन्छ।

सार्वजनिक सेवाहरू स्थानीय स्तरमै प्रदान गर्दा लागत प्रभावी हुने तथा सेवाग्राहीहरूबाट निरन्तर अनुगमन गर्न सकिने कारणसमेत स्थानीय शासनको माग बढ्दै गएको देखिन्छ। सार्वजनिक प्रशासनका महत्वपूर्ण सिद्धान्तका रूपमा रहेका Transaction Cost Theory, Principle Agent Theory का आधारभूत मान्यताहरूलाई मनन् गर्ने हो पनि भने स्थानीय शासनलाई नै बढावा दिएको पाइन्छ। राजनीतिक रूपमा समेत स्थानीय सरकारमा स्थानीय बासिन्दाद्वारा निर्वाचित प्रनितिधिले आफ्ना मतदाताप्रति जिम्मेवार र जवाफदेही रही कानुनबमोजिम स्थानीय स्तरका विकास निर्माण र सेवाप्रवाहको कार्य गर्ने गर्छन्। यसरी हेर्दा स्थानीय सरकार आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा उपयुक्त शासन व्यवस्था हो भन्न सकिन्छ।

विगतमा केन्द्रीय सरकारले पठाएको विकास बजेट परिचालन गर्ने इकाईका रूपमा मात्रै स्थानीय निकायले काम गर्थ्यो भने अब स्थानीय तहले आफैं स्रोतसाधन जुटाएर आफ्नो ठाउँको विकास निर्माणलाई गति दिन सक्छ। विगत झैं केन्द्रीय सरकारले बनाएको नीति, नियमको कार्यान्वयन गर्ने मात्र नभई स्थानीय सरकारले आफ्ना लागि आफैं नीति तर्जुमा, कानुन निर्माण, मापदण्ड र कार्यप्रणाली स्थापित गर्न सक्छ। आफ्नो शासन आफैं गर्ने अवसरले गाउँ, टोल, बस्तीसम्म लोकतन्त्रको अभ्यासलाई पुऱ्याउँछ नै। यसले स्थानीयलाई अवसर पनि दिन्छ। वर्तमान संवैधानिक प्रावधान बमोजिम स्थानीय तहमा व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारसमेत रहने भएकाले यसलाई स्थानीय सरकार भनिएको हो।

स्थानीय सरकारको द्वारबाट नै जनताले लोकतन्त्रमा प्रत्यक्ष सहभागी हुने र लोकतन्त्रको प्रतिफल प्राप्ति गर्ने अवसर प्राप्त गर्छन्। बलियो स्थानीय तहले नै भुइँतह (Grass Root Level) बाट नै लोकतन्त्रको संस्थागत विकास गर्न सक्छ। स्थानीय सरकारले नागरिक र राज्यका अन्य संयन्त्रबीच लोकतान्त्रिक सेतुको भूमिका सही रूपमा निभाउँदा समाजमा लोकतन्त्र बलियो, संस्थागत र सफल हुन सक्छ, राज्यको पहुँच र विकासको प्रतिफल सर्वसाधारणको घर-दैलोसम्म पुऱ्याउन सकिन्छ।

सुशासन

नेपालका विद्वान् तथा प्रशासक कुलशेखर शर्माले सुशासनलाई 'जनकल्याण अभिवृद्धिका लागि शक्ति र स्रोत साधनको उपयोग गर्ने पद्धति' का रूपमा परिभाषित गर्नुभएको छ। साथै उहाँले 'सुशासन यस्तो मापपदण्ड वा कसी हो, जसले सरकारको कामकाजलाई मूल्यांकन गर्छ' समेत भन्नुभएको छ। नेपालमा सुशासनलाई कानुनी स्वीकारोक्ति समेत गरेको छ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनले 'मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउने सेवा छिटो, छरितो र कम खर्चिलो ढङ्गबाट पाउने व्यवस्था' हुनुलाई सुशासनको रूपमा समेटेको छ।

मुलुकमा शान्तिसुरक्षा र अमनचयन कायम गराउँदै आर्थिक-सामाजिकलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा सुव्यवस्था कायम गरी जनताको सर्वोत्तम हितयुक्त लोककल्याणकारी राज्य व्यवस्था कायम गर्नु नै सुशासनको अभिष्ट हो।

---

* प्रशासनविद्, पूर्वसचिव, नेपाल सरकार

विगतमा केन्द्रीय सरकारले पठाएको विकास बजेट परिचालन गर्ने इकाईका रूपमा मात्रै स्थानीय निकायले काम गर्थ्यो भने अब स्थानीय तहले आफैं स्रोतसाधन जुटाएर आफ्नो ठाउँको विकास निर्माणलाई गति दिन सक्छ । विगत झैं केन्द्रीय सरकारले बनाएको नीति, नियमको कार्यान्वयन गर्ने मात्र नभई स्थानीय सरकारले आफ्ना लागि आफैं नीति तर्जुमा, कानुन निर्माण, मापदण्ड र कार्यप्रणाली स्थापित गर्न सक्छ । आफ्नो शासन आफैं गर्ने अवसरले गाउँ, टोल, बस्तीसम्म लोकतन्त्रको अभ्यासलाई पुऱ्याउँछ नै । यसले स्थानीयलाई अवसर पनि दिन्छ ।

सुशासनका सर्वमान्य परिभाषा भने भेट्न गाह्रो नै छ । तथापि पारदर्शिता, सार्वजनिक उत्तरदायित्व, प्रभावकारिता, कानुनको शासन तथा भ्रष्टाचार नियन्त्रणलाई सुशासनका आधारभूत तत्वहरूको रूपमा लिइन्छ ।

लोकतन्त्रको मुख्य उद्देश्य मुलुकमा सुशासन प्रवर्द्धन गरी शासन सत्ता र संयन्त्रलाई नागरिकको हितमा केन्द्रित गर्नु हो । जनताले शासनमा आफ्नो सक्रिय र सार्थक सहभागिता अनुभूत गर्न नपाएसम्म शासन व्यवस्थाप्रति जनतामा अपनत्व भाव रहँदैन । जनताले शासनमा आफ्नो सक्रिय र सार्थक सहभागिता जनाउन पाउने र सक्ने थलो भनेको निश्चित रूपमा स्थानीय सरकार नै हो । स्थानीय सरकारमा सुशासन स्थापना गर्न सकियो भने समग्र शासन प्रणालीप्रति नै जनतामा अविचलित विश्वास र निष्ठा स्थापित हुन सक्छ ।

स्थानीय सरकार र सुशासन

सुशासन हरेक शासन व्यवस्था तथा सरकारको चाहना र लक्ष्यको रूपमा स्थापित भएता पनि सुशासनको सुनिश्चितता त्यति सरल र सहज छैन । नागरिकहरूका आधारभूत सार्वजनिक सेवालगायत विधायिकी तथा सबै न्यायिक अधिकार समेत स्थानीय तहमा सवैधानिक रूपमा आइसकेको सन्दर्भमा स्थानीय स्तरमा सुशासनको प्रत्याभूतिले समग्र शासन व्यवस्थामा सुशासन प्रवर्द्धन गर्न महत्वपूर्ण आधार सिर्जना गर्छ । तसर्थ समग्र सुशासन स्थापनामा स्थानीय सरकारको भूमिका अपरिहार्य र महत्वपूर्ण रहने देखिन्छ ।

सरकारको पहिलो कर्तव्य आफ्ना नागरिकलाई सेवा प्रदान गर्नु हो । संविधानले स्थानीय प्रकृतिका सेवा र सुविधा प्रवाह गर्ने जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेबाट नागरिक कर्तव्य पालनामा स्थानीय तहको महत्वपूर्ण र निर्णायक भूमिका रहने देखिन्छ । यसका अलावा स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यमा समेत स्थानीय तहको भूमिका निर्णायक रहने देखिन्छ । स्थानीय सरकार राजनीतिक इकाई हुनुका साथै विकाससम्बन्धी कार्य गर्ने महत्वपूर्ण निकाय पनि हो । आर्थिक स्तरमा सुधारका अतिरिक्त अत्यावश्यक सेवा सुविधासम्म जनताका सहज पहुँच लगायतका विकास निर्माणसम्बन्धी आवश्यकतालाई स्थानीय सरकारले उचित ढंगले सम्बोधन गर्न सक्नु पर्छ । यथार्थमा भन्नुपर्दा प्रत्येक जनताको घरदैलोसम्म राज्यको पहुँच स्थापना गर्ने सशक्त माध्यम नै स्थानीय सरकार हो ।

स्थानीय सरकारले संविधानतः प्राप्त अधिकार बमेजिम कार्यसम्पादन गर्दा सुशासनका मन्यताहरूलाई आत्मसात गर्न सक्नु पर्छ । आफ्नो निर्णयमा खुलापन र पारदर्शिता, सार्वजनिक उत्तरदायित्व निर्वाह, कार्यसम्पादनमा प्रभावकारिता, कानुनको शासनको प्रभावकारी अभ्यास, भ्रष्टाचार नियन्त्रणको पर्याप्त र प्रभावकारी उपायहरूको अवलम्बन, सरोकारवालाहरूको सहभागिता र निर्णयमा पहुँच तथा शासन र लाभमा सबैको समावेशी सहभागिताजस्ता मानकहरूले नै स्थानीय सरकारको सुशासनको अवस्थालाई प्रतिविम्बित गर्छ ।

सुशासन र भ्रष्टाचार नियन्त्रण

सुशासन असल शासन हो भने भ्रष्टाचार कुशासनको उपज हो जहाँ निजी लाभका लागि सार्वजनिक पदको दुरूपयोग गरिन्छ । सुशासनले शासन व्यवस्थालाई जनमुखी बनाउँदछ भने भ्रष्टाचारले कानुनको शासन र लोकतन्त्रको मूल्यमान्यता एवं सदाचार नष्ट गर्छ । भ्रष्टाचार र आर्थिक अपराध मौलाएको अवस्थामा सुशासनको परिकल्पना गर्न सकिँदैन । मुलुकमा विगतदेखि नै भ्रष्टाचारको नियन्त्रण हुन नसकेकाले नै सुशासन कमजोर भएको हो । लामो समयदेखि नेपाल ट्रान्सपरेन्सी इन्टरनेशनलको सूचकाङ्कमा (३० अंकभन्दा कम पाई) भ्रष्टाचार व्याप्त मुलुकहरूको सूचीमा परेको छ । यसबाट मुलुकको अन्तर्राष्ट्रिय छविसमेत धुमिल भएको छ ।

नेपालमा सुशासन स्थापनाका उद्देश्यसहित सार्वजनिक सेवा प्रवाहमा स्थानीय तह जिम्मेवार र उत्तरदायी बनाइएको छ । यसले स्थानीय तहका काम कारबाही सुशासन प्रवर्द्धन र स्थापनामा महत्वपूर्ण हुने देखिन्छ । तथापि विगत लामो समयदेखि द्वन्द्व, जनप्रतिनिधि विहीनता र विभिन्न आन्दोलनहरूका कारण स्थानीय निकायहरू गम्भीर रूपमा प्रभावित भएका छन् । स्थानीय निकायहरूबाट प्रवाह हुने सेवा तथा त्यस निकायबाट सम्पादन हुने कार्यमा पारदर्शिताको अभाव, जनसहभागिता र जवाफदेहिताको कमजोर अवस्था, उत्तरदायी नेतृत्वको अभाव, कानुनको पूर्णपालना अभावजस्ता कमजोरीहरूका कारण स्थानीय निकायमा सुशासन कमजोर भएको छ । जसका कारण विकास कार्यले समेत गति लिन नसकेको अवस्था छ ।

वर्तमान संविधान बमोजिम स्थानीय तहहरूले विभिन्न जिम्मेवारी पाएका हुन्छन् । तसर्थ उक्त कार्यहरूको प्रभावकारी सञ्चालन गरी सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा उल्लेख्य योगदान दिन सक्ने देखिन्छ । उल्लिखित

क्षेत्रको जिम्मेवारीसँगै स्थानीय तहका सरकारहरूको भ्रष्टाचार नियन्त्रणको जिम्मेवारी र दायित्व समेत बढ्न जान्छ ।

भ्रष्टाचारको राजनीतिक आयाम

'यदि घरलाई पूर्णरूपमा सफा राख्ने हो भने घरको छतबाट सफा गर्नु पर्छ, नत्र तल जति सफा गरे पनि माथिबाट आउने धुलोले घरलाई फोहोर बनाइरहन्छ' उल्लेखित भनाई भ्रष्टाचार नियन्त्रणको सवालमा उत्तिकै सान्दर्भिक देखिन्छ । यसले पहिला राजनीतिक तहमा हुने भ्रष्टाचारलाई निवारण गर्नुपर्ने तर्फ ध्यानाकर्षण समेत गराउँछ । तर मुलुकमा भ्रष्टाचारी संस्कृतिको दबदबा एक किसिमले बढ्दै गएको छ । राज्य र हरेक अंग र तहहरू भ्रष्टाचार प्रवृत्तिको शिकार भएको देखिन्छ । तसर्थ भ्रष्टाचार नियन्त्रण निकै चुनौतीपूर्ण र जटिल बनेको छ । यसलाई राजनीतिक तहबाट प्राप्त स्थानले डरलाग्दो अवस्था सिर्जना भएको छ । 'मुलुकमा भ्रष्टाचार बढ्नुमा भ्रष्टाचारी र अपराधीहरू राजनीतिमा हावी हुनु, समाजमा नैतिक मूल्य मान्यतामा ह्रास आउनु, व्यक्तिगत स्वार्थ हावी हुनु, देशको नीति निर्माणमा संलग्न हुनेहरूको आचरण शुद्ध नरहनु, दलहरू भ्रष्ट प्रवृत्तिविरुद्ध सचेत र सतर्क नहुनु, भ्रष्टाचारीलाई समाजले बहिष्कार नगर्नु' आदि रहेका छन् ।

राजनीति नसुध्रिएसम्म भ्रष्टाचार नियन्त्रणको प्रयास प्रभावकारी नहुने तथ्य स्पष्ट नै छ । नेपालमा भ्रष्टाचार नियन्त्रण हुन नसक्नुमा मुख्यतः राजनीतिलाई नै दोष दिने गरिन्छ । भ्रष्टाचारको प्रकृति जेजस्तो भए पनि यसको मूलस्रोत राजनीति नै हो भन्ने आम बुझाई छ । राजनीतिक तहमा भ्रष्टाचार नियन्त्रण गर्न सर्वप्रथम राजनीतिक स्थिरता, आवधिक निर्वाचन, निष्पक्ष तथा तटस्थ प्रशासनयन्त्र, राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको आवश्यकता जरुरी हुन्छ । निर्वाचन प्रक्रिया खर्चिलो भएमा भ्रष्टाचार नियन्त्रण गर्न कठिन हुन्छ । स्थानीय तहमा भ्रष्टाचार नियन्त्रणसमेत राजनीतिक दलका व्यवहार र संस्कृतिले निर्धारण गर्छ किनकी स्थानीय तह राजनीतिक संस्कारको प्रवेश विन्दु हो ।

चुनावी घोषणापत्रमा स्थानीय सुशासन

प्रत्येक राजनीतिक दलका स्थानीय तहको निर्वाचन घोषणापत्रमा स्थानीय सुशासनले निकै महत्व पाएको छ । केही दलले केन्द्र र स्थानीय तह दुवै स्तरमा घोषणापत्र जारी गरेका छन् भने कतिपय उमेद्वारहरूले स्थानीय तहमा नै प्रतिबद्धता जारी गरेका पाइन्छन् । यस्ता प्रतिवद्धतामा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, सरसफाइ, विद्युत्, पर्यटन, कृषि, पशु, सिँचाइ, बस्ती तथा सहरी विकास, सामुदायिक भवन, लगायतका सामाजिक र आर्थिक पूर्वाधारको निर्माण सम्बन्धमा उल्लेख गरिएको छ, जुन स्थानीय सरकारको कार्यक्षेत्रभित्र पर्छन् ।

यसैगरी, भूकम्प प्रभावित जिल्लामा क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणमा तीव्रता प्रदान गर्ने र व्यक्तिगत घर पुनर्निर्माणको किस्ता समयमा उपलब्ध गराउने विषय पनि उल्लेख भएको पाइन्छ । कतिपय क्षेत्रमा मदिरा तथा दुर्व्यसन नियन्त्रण, जेष्ठ नागरिकको सुविधा, समावेशी विकास, रोजगारको सृजना, नदी तथा वातावरणीय स्वच्छता कायम गर्ने विषयदेखि सहकारी तथा वित्तीय पूर्वाधारको पहुँच वृद्धि, पूर्ण साक्षरता, विद्युतीय शासन (E-Governance) सम्मका प्रतिबद्धताहरू व्यक्त भएका छन् । यी समस्त विषयहरू कतै न कतै सुशासन प्रवर्द्धनसँग नै सम्बन्धित छन् ।

स्थानीय तहका राजनीतिक नेतृत्वले सुशासन प्रवर्द्धन र स्थापनामा कस्तो भूमिका खेल्न सक्छन् भने तथ्य नागरिक सामू गरिएका वाचा तथा प्रतिज्ञाबाट आँकलन गर्न सकिन्छ । हाल सम्पन्न भएको र हुँदै गरेको स्थानीय तहको निर्वाचनको सन्दर्भमा विभिन्न दलहरूले आ-आफ्ना तवरका योजना-पत्रमार्फत स्थानीय शासन व्यवस्था सम्बन्धमा वाचा र प्रतिवद्धता र कार्ययोजना पेस गरेका छन् । खासगरी राजनीतिक दलहरूले भ्रष्टाचारको नियन्त्रण तथा सुशासन कायम गर्ने प्रतिबद्धताहरू समेत जारी गरेका छन् । सार्वजनिक खर्चको अनुगमन र नागरिक रिपोर्ट कार्ड, सेवाग्राही सर्वेक्षणजस्ता स्थानीय सरकारलाई जवाफदेही बनाउन अपनाइने लोकतान्त्रिक विधिहरूको अवलम्बन गर्ने कुरा पनि घोषणापत्रमा उल्लेख गरिएको छ । साथै सदाचार संहिताको निर्माण गरी संघ, प्रदेश तथा स्थानीय तहका सबै पदाधिकारी एवं राष्ट्रसेवक र निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाजका संस्था लगायतका पदाधिकारीमा शुद्ध आचरणको विकास गर्ने व्यवस्था समेत उल्लेख गरिएका छन् । तर उल्लिखित प्रतिवद्धता कुन हदसम्म पूरा हुनेछन् त्यो हेर्न बाँकी नै छ ।

स्थानीय तहका सम्भाव्य अनियमितताका क्षेत्रहरू

स्थानीय सरकारमा समेत केन्द्रमा झैं नीतिगत तहमा (At Policy Level), खर्चको क्षेत्रमा (At Spending), राजस्वको क्षेत्रमा (Revenue Level)

नेपालमा सुशासन स्थापनाका उद्देश्यसहित सार्वजनिक सेवा प्रवाहमा स्थानीय तह जिम्मेवार र उत्तरदायी बनाइएको छ । यसले स्थानीय तहका काम कारबाही सुशासन प्रवर्द्धन र स्थापनामा महत्वपूर्ण हुने देखिन्छ । तथापि विगत लामो समयदेखि द्वन्द्व, जनप्रतिनिधि विहीनता र विभिन्न आन्दोलनहरूका कारण स्थानीय निकायहरू गम्भीर रूपमा प्रभावित भएका छन् । स्थानीय निकायहरूबाट प्रवाह हुने सेवा तथा त्यस निकायबाट सम्पादन हुने कार्यमा पारदर्शिताको अभाव, जनसहभागिता र जवाफदेहिताको कमजोर अवस्था, उत्तरदायी नेतृत्वको अभाव, कानुनको पूर्णपालना अभावजस्ता कमजोरीहरूका कारण स्थानीय निकायमा सुशासन कमजोर भएको छ ।

र नियमनको क्षेत्रमा (In Regulation) भ्रष्टाचार हुन सक्छ। 'जनप्रतिनिधिमूलक शासन व्यवस्थामा भ्रष्टाचार नियन्त्रण गरेर सुशासनको प्रत्याभूति गर्ने पहिलो दायित्व मूलतः सत्ताका दाबेदारका रूपमा रहेका राजनीतिक दलहरू र यसमार्फत गठन हुने कार्यकारिणी, संसद र न्यायालयको नै हो।' यसैगरी स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण गरी सुशासनको अनुभूति प्रदान गर्ने कार्य स्थानीय सरकारको नै हो। निर्वाचित जनप्रतिनिधिबाट नै सुशासनको मार्गको यात्रा आरम्भ हुन्छ र बाटो कोरिनु पर्छ, अवलम्बन हुनु पर्छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरूमा पछिल्ला वर्षहरूमा प्राप्त उजुरीहरूमा स्थानीय निकायहरूमा भ्रष्टाचार र अनियमितता भएको उजुरीहरूको संख्या उच्च छ। हाल अनियमितताका उजुरीहरूका दृष्टिले सर्वाधिक बढी शिक्षा, स्थानीय तहको विकास निर्माण तथा स्थानीय सेवा प्रवाहको क्षेत्र रहेका छन्।

त्यसैगरी महालेखा परीक्षकको प्रतिवेदनअनुसार अत्यधिक बेरुजु हुनेमा स्थानीय निकायले सबैलाई उछिनेका छन्। आ.व. ०७०/७१, आ.व. ०७१/७२ र आ.व. ०७२/७३ मा सरकारी कार्यालयको लेखापरीक्षण अंकमा बेरुजुको हिस्सा क्रमशः ४.३८५, ४.६७५ र ६.८६५ रहेको देखिन्छ। उक्त अवधिमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्तर्गतको लेखापरीक्षण अंकको बेरुजु प्रतिशत क्रमशः १०.७२, १८.०२ र ११.९८ प्रतिशत छ, यसले आगामी दिनमा स्थानीय तहमा रहेको वित्तीय जोखिमलाई उजागर गर्छ।

स्थानीय तहमा अनियमितता हुन सक्ने अर्को महत्वपूर्ण क्षेत्र सार्वजनिक जमिनको व्यवस्थापन पनि हो। विगतमा स्थानीय निकायहरूले जथाभावी सार्वजनिक जग्गाहरू हालसाविक र छुट दर्ताको नाममा व्यक्तिको नाममा दर्ता सिफारिस गरेकाले भू-माफियाहरूले ठूलो परिमाणमा सार्वजनिक जमिन हड्पिएका छन्। सबै नगर क्षेत्रहरूमा भवन नक्सापारित गर्ने काम पनि अनियमितताको सम्भावित क्षेत्र बन्न पुगेको छ।

साथै आयोगमा प्राप्त उजुरीहरूको विश्लेषण गर्दा स्थानीय निकायमा सामाजिक सुरक्षा भत्ता वितरणमा, विकास बजेट र अनुदान व्यवस्थापनमा समेत भ्रष्टाचार र अनियमितता हुने गरेको पाइएको छ। दलीय संयन्त्रका नाममा मिलिजुली गरी कागजी दस्तावेज तयार गरी विकास अनुदान सकाउने, विकास बजेट हिनामिना तथा अपचलन गर्ने, फ्रिज गर्नुपर्ने रकमसमेत फ्रिज नगरी अन्य खातामा लुकाउने, दलीय भागबण्डामा रकम वितरण गर्ने, कमसल तथा न्यून काममा पनि भूक्तानी गर्ने, हेर्ने पहिलो काम स्थानीय विकास निर्माण र सेवा प्रवाह नै हो। नयाँ संविधानले स्थानीय निकायको सूचीमा स्थानीय तहको पूर्वाधार विकास र सेवा प्रवाहसम्बन्धी विभिन्न क्षेत्रहरू समावेश गरिएको छ।

स्थानीय पूर्वाधार विकासतर्फ सिँचाइमा उपभोक्ता समितिको गठनदेखि मिलोमतोमा छाया ठेकेदारी, नहर सफाइ तथा मर्मतका नाममा अनियमितता, झुटा बिल भर्पाई बनाई रकम खाने गरेको, स्पेसिफिकेसन बनाउँदा बढी बनाई अनियमितता गर्ने, नजिकै पाइने निर्माण सामग्रीलाई टाढाको दूरी बनाई मिलोमतोमा ढुवानीवापत बढी रकम

योजनाको नाममा शिक्षक तथा अन्यलाई पारिश्रमिक वितरण गर्ने, नक्कली योजनाको नाममा भुक्तानी लेख्ने, लक्षित बजेट सम्बन्धित लक्षित वर्गभन्दा अन्यत्र खर्च गर्ने, अनुत्पादक क्षेत्रमा खर्च गर्ने, जथाभावी र अनियमित तवरले कर्मचारीका भर्नाजस्ता अनेकौं भ्रष्टाचार तथा अनियमितताका कार्यहरू भएका देखिन्छन्। यसले स्थानीय तहमा वित्तीय सुशासनमा जोखिम पक्षलाई उजागर गर्छ। यस्तो जोखिम आउने दिनमा समेत रहनेतर्फ नवनिर्वाचित जनप्रतिनिधिहरू सचेत हुनुपर्छ।

नयाँ संविधानले स्थानीय तहलाई प्रदान गरेका विषय क्षेत्रहरूमा हाल देखिएका भ्रष्टाचारका स्वरूपहरूको समयमै विश्लेषण गरी निराकरणका उपायहरूको अवलम्वन हुन आवश्यक छ। नवनिर्वाचित पदाधिकारीले सपथसँगै भुक्तानी गरी हिस्सा खाने, भेरिएसनको नाममा अनावश्यक रकम थप दायित्व र भुक्तानी, खानेपानी आयोजना समयमा सम्पन्न नहुने, मेसिनरी प्रयोग र उच्च प्रविधिको काम समेत मिलोमतोमा उपभोक्ता समितिले गर्दा गराउँदा न्यून गुणस्तरको हुने, स्थानीय तटबन्धको नाममा तारजालीको खेती र अनियमितता हुने आदि छन्।

संविधानले स्थापित गरेको स्थानीय सरकारको महत्वपूर्ण कार्यक्षेत्रको रूपमा माध्यमिक तहसम्मको शिक्षा राखिएको छ। शिक्षातर्फ खासगरी शिक्षक नियुक्तिदेखि विद्यालय निर्माणमा भ्रष्टाचार, छात्रवृत्ति, विद्यार्थी अनुदान, पुस्तक तथा अन्य सुविधा वितरणमा भ्रष्टाचार, प्रश्नपत्रको गोपनीयता भंग हुने, व्यवस्थापन समिति स्वयंका क्रियाकलाप समेत भ्रष्टाचार लक्षित

हुनु, नक्कली शैक्षिक प्रमाण-पत्रका आधारमा नियुक्त वा बढुवा, शिक्षकको सञ्चयकोष समेत दाखिला नगरी हिनामिना, विनास्वीकृति विद्यालयको सञ्चालन, बोर्डिङमा शुल्कमा अतिचार, जथाभावी विभिन्न शीर्षकमा अभिभावकबाट रकमको असुली आदि प्रमुख रहेका छन् ।

स्थानीय तहको कार्यक्षेत्रमा समाविष्ट जनसरोकारको अर्को महत्वपूर्ण क्षेत्र स्वास्थ्य रहेको छ । यसमा मूलतः स्वास्थ्यकर्मीको अनुपस्थिति, निःशुल्क औषधि वितरणमा अनियमितता, अत्यावश्यक औषधि खरिदको बजेट दुरुपयोग, गुणस्तरहीन स्वास्थ्य भवन तथा उपकरणलगायतका पूर्वाधार निर्माण, कमिसनको लोभमा अनावश्यक सामान खरिद, बढी मोलमा उपकरणहरूको खरिद, सुत्केरी महिलालाई उपलव्ध गराउनुपर्ने रकम र न्यानो झोला वितरणमा अनियमितता, स्वास्थ्य संस्थाका जग्गा तथा पसल कबोल भाडामा लगाउँदा समेत अनियमितता हुने गरेको आदि देखिने विषयको रूपमा रहेका छन् भने भ्रमण र प्रवर्द्धनात्मक कार्यहरूमा नक्कली किर्ते बिलभरपाई वा अपुष्ट कागजातहरूको राज नै चलेको अनुभूति हुने गरेको छ । महिला लक्षित विकास कार्यक्रममा अनियमितता, कार्यक्रमबाट अपेक्षित लाभ हासिल हुन नसक्नु, युवा लक्षित कार्यक्रम खेलकुद कार्यक्रम राजनीतिक अखडाको केन्द्र नै बन्न पुगेको छ ।

अनियमितताका अन्य क्षेत्रहरूको आंकलन गर्दा राजनीतिक नियुक्ति भएका क्षेत्रहरूमध्ये विभिन्न पर्यटन विकास समिति, प्रतिष्ठानहरू, नगर विकास समितिमा राजनीतिक नियुक्ति लिएर दलीय संरक्षणमा भ्रष्टाचार गर्ने गरेको विषय पनि धेरै उठ्ने गरेको छ । यस्तै जग्गाजमिन अनियमित तवरबाट बिक्रीवितरण तथा लिजमा प्रदान गर्ने, श्रम व्यवस्थापनमा विदेशमा कामदार पठाउँदा झूटा वाचाहरू गरी ठगी, अनियमितता, मजदुरलाई न्यूनतम पारश्रमिक नदिई श्रम शोषण, निकृष्ट प्रकृतिको बालश्रमको प्रयोग नियन्त्रणमा आउन नसक्नु, बजार व्यवस्थापनतर्फ अत्यावश्यक माल वस्तुमा अस्वाभाविक बढी मूल्य, कालोबजारी, न्यून परिमाण, सार्वजनिक सम्पत्ति तर्फ सार्वजनिक जग्गा वन तथा सार्वजनिक जग्गातर्फ राजनीतिक आडभरोसामा हुकुमबासीहरूबाट सार्वजनिक जग्गा तथा बन क्षेत्र अतिक्रमण/हडप्ने, सामुदायिक बनबाट काठ-दाउराको अनियमित बिक्रीवितरण तथा चोरी निकासी मुख्य समस्याका रूपमा देखिएका छन् ।

यसका अलावा अवाञ्छित सम्बन्धमा आधारित रही स्थानीय स्रोतसाधनको उपयोगमा अनियमितता हुने, स्रोतसाधनको अवैज्ञानिक वितरण तथा पर्यावरणीय ह्रास आउने गरी प्राकृतिक स्रोतको अति दोहन पनि विरासतकै रूपमा स्थानीय तहले सामना गर्नुपर्नेछ । सुशासनतर्फ काममा ढिलासुस्ती, जिम्मेवारी नलिने, कामको लागि अतिरिक्त रकम माग गर्ने, सेवाका गुणस्तर अत्यन्त कमजोर र न्यून हुनु आदि प्रमुख छन् ।

५. स्थानीय सुशासनका क्षेत्रमा चाल्नुपर्ने कदमहरू

वर्तमान संविधानले नागरिकलाई स्थानीय स्तरमा सेवा प्रवाह र विकास कार्यसम्पादन गर्न आवश्यक अधिकार र जिम्मेवारीसहित स्थानीय सरकार गठन हुने प्रबन्ध गरेको छ । नागरिकले आफूले चुनेको सरकारमार्फत् लोकतान्त्रिक शासनमा सहभागी हुन पाउने यो महत्वपूर्ण अवसर र विधि पनि हो । अतः निर्वाचनबाट छानिएका जनप्रतिनिधिहरूले स्थानीय तहको कार्यसञ्चालन र जिम्मेवारी निर्वाहमा निम्न विषयमा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ :-

(क) नेतृत्व

नेतृत्व क्षमता विकास : स्थानीय निकायका निर्वाचित प्रतिनिधिहरूले स्थानीय तहमा सरकारको प्रतिनिधित्व गर्ने (Governance Function), स्थानीय तहमा नेतृत्व प्रदान गर्ने (Leadership Function) र स्थानीय तहमा गरिने निर्णयहरूको सहजीकरण गर्ने (Facilitation of the decision making) गरी मुख्य तीन भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । यी तीनै भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न निर्वाचित प्रतिनिधिहरूमा नेतृत्वदायी र अभिभावकीय भूमिका निभाउने क्षमता आवश्यक छ । अन्य निर्वाचित प्रतिनिधिका साथै कर्मचारी, विज्ञ र सल्लाहकारहरूलाई स्थानीय तह प्रमुखले नेतृत्व प्रदान गर्नुपर्ने हुन्छ । निर्वाचित जनप्रतिनिधिहरूले दैनन्दिनको व्यवस्थापनका अलावा विज्ञ तथा सल्लाहकारबाट सुझाव लिई लोकतान्त्रिक विधिअनुरूप नागरिकहरूको हितमा योजना बनाउने, नीतिगत मार्ग निर्देशन गर्ने र अन्य रणनीतिक निर्णय गर्नमा केन्द्रित हुनुपर्छ । नेतृत्वले जटिल समस्याहरू छिटोभन्दा छिटो विश्लेषण गर्ने, समस्याबीच विचलित नभई अवसर पहिचान गर्ने र प्रतिकूलता हुँदाहुँदै पनि जनमुखी निर्णय गर्ने क्षमता र कुशलता प्रदर्शन गर्नुपर्ने देखिन्छ ।

दूरदृष्टि

- स्थानीय नेतृत्वले आफ्नो तहको विकासको स्पष्ट दीर्घकालीन खाका बनाउनु पर्छ । आफ्नो दूरदृष्टिलाई सर्वसाधारणको आवश्यकता र अपेक्षासँग तालमेल हुने गरी उनीहरूले बुझ्न र समर्थन गर्न सक्ने गरी प्रस्तुत गर्ने कलामा पोख्त हुन जरूरी छ । दीर्घकालीन विकास अवधारणाका साथै त्यसलाई व्यवहारमा उतार्न आवश्यक छोटो, मध्यम र दीर्घकालीन योजना तर्जुमा गर्ने क्षमता, कार्यान्वयन गर्ने सिप, ऊर्जा, साहस र दृढ अठोट हुनु अपरिहार्य छ । निर्वाचनका क्रममा उम्मेदवार राजनीतिक पार्टीसँग आबद्ध भए पनि चुनाव जितेपछि भने उसले आफ्नो राजनैतिक आस्था र पार्टीगत स्वार्थभन्दा माथि उठी आफ्नो नेतृत्वको दायरा फराकिलो पार्न सक्नुपर्छ । आफ्ना क्षेत्र र निकायको सम्पूर्ण मतदाता र नागरिकहरूको प्रतिनिधि र नेतृत्वदाता बन्न सक्नुपर्छ ।
- **Legitimacy :** स्थानीय निकायका निर्वाचित प्रतिनिधिले लोकतान्त्रिक विधिअनुरूप बढीभन्दा बढी जनतासम्म राज्यको उपस्थिति जनाउनु पर्छ । स्थानीय तहले गर्ने निर्णयहरू र त्यससँग सम्बन्धित कार्यान्वयनका पक्षहरू सर्वसाधारण

जनताको दैनिक जीवनसँग प्रत्यक्ष गाँसिएको हुन्छ । त्यस्तै सर्वसाधारण जनताका दैनन्दिनका विषय र स्थानीय आवश्यकताहरू परिपूर्ति गर्न स्थानीय निकायको प्रभावकारी भूमिका रहनु जरुरी छ ।

- **रूपान्तरण :** स्थानीय तहमा लामो समयसम्म निर्वाचित प्रतिनिधि नभएका कारण विकास प्रभावकारी हुन सकिरहेको छैन । नवनिर्वाचित स्थानीय नेतृत्वमाथि जनताको ठूलो आशा र भरोसा रहेको छ । यसैले स्थानीय नेतृत्व दैनिक कार्य सञ्चालन गराउने कारोवारीय (Transaction) भन्दा पनि आफ्नो स्थानमा आम परिवर्तन ल्याउन सक्ने रूपान्तरणीय (Transformational) हुनु जरुरी छ । यसैअनुरूप नेतृत्व विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।
- **अधिकारको निक्षेपण :** वर्तमान संविधानले अधिकारको स्थानान्तरण (Decontration) र अधिकारको प्रत्यायोजन (Delegation) मा आधारित विकेन्द्रीकरणको स्थानमा अधिकारको निक्षेपणमा आधारित शक्ति विकेन्द्रीकरणलाई स्थापित गरिदिएको छ । सबै स्थानीय तहको अवस्था एकै नरहेको र केन्द्रीय योजना तथा कार्यक्रमसमेत चालु रहिरहेको अवस्थामा यसैलाई आधार मानेर क्रमशः अधिकार हस्तान्तरणको विषय आउन सक्छ । विगतमा निक्षेपणको समयमा भएका यस्तै कमजोरीका कारण स्थानीय निकायले आफ्नो जिम्मेवारी निर्वाह नै गर्न नपाएको तीतो यथार्थ रहेको छ । जनप्रतिनिधि हटेपछि उनीहरूले उपभोग गरेका सीमित स्वायत्तता समेत गुमेर अन्ततः स्थानीय योजनाको छनौट समेत केन्द्रबाट हुने र केन्द्रको कृपामा स्थानीय निकायहरू चल्ने अवस्था आइपुगेको तथ्यलाई हृदयंगम गरी स्थानीय तहको क्षमता बढाउदै संवैधानिक सोच अनुरूप स्थानीय तहलाई जीवन्त बनाउँदै जानु पर्ने देखिन्छ । अधिकार क्षेत्रको वास्तविक कार्यान्वयनबेगर न त स्थानीय तहले स्थानीय सरकारको रूपमा काम गर्न सक्छ न त सुशासन नै स्थापना हुन सक्छ ।

(ख) नीतिगत तह

स्थानीय सुशासनको लागि नीतिगत तहमा समेत सकारात्मक रूपान्तरणको आवश्यकता पर्छ ।

- **लोकतान्त्रिक मान्यता, नियन्त्रण र सन्तुलन :** स्थानीय तहले कार्यपालिकीय, व्यवस्थापकीय कामको अलावा न्यायिक अधिकारको पनि प्रयोग गर्ने छन् । स्थानीय तहमा संविधान र प्रचलित कानुनको अधीनमा रही (संघ र प्रदेश कानुन) आफ्ना लागि कानुन बनाउनसमेत पाउने अधिकार हुनु आफैंमा ठूलो विषय हो । यस्ता कानुन निर्माण र कार्यान्वयनमा लोकतान्त्रिक मान्यता, शक्ति सन्तुलन र नियन्त्रण तथा अन्य तहका अधिकारको दायरा जस्ता विषयहरूलाई विचार पुऱ्याउन जरुरी छ ।

स्थानीय निकायका निर्वाचित प्रतिनिधिहरूले स्थानीय तहमा सरकारको प्रतिनिधित्व गर्ने (Governance Function), स्थानीय तहमा नेतृत्व प्रदान गर्ने (Leadership Function) र स्थानीय तहमा गरिने निर्णयहरूको सहजीकरण गर्ने (Facilitation of the decision making) गरी मुख्य तीन भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

- **नीतिगत विचलनमा सजगता :** निर्वाचन प्रणालीबाट विभिन्न हित र स्वार्थ समूहका प्रतिनिधित्व गर्नेहरूको चयन पनि हुन सक्छ । नीति तथा कानुन तर्जुमामा यस्ता निहित स्वार्थ समूहबाट पर रही नागरिकको सर्वोपरि हित प्रतिविम्बित गर्न सक्नुपर्छ । नीति निर्माण प्रक्रियामा सम्भाव्य निहित स्वार्थ बोकेका समूहको Conflict of Interest लाई ध्यानमा राखी सजगता अवलम्बन गर्न सक्नु पर्छ ।

(ग) कार्य सम्पादन

- **उत्तरदायी कर्मचारीतन्त्र :** सिद्धान्ततः स्थानीय सरकारले मजबुत र स्वायत्त रूपमा कामकाज सञ्चालन गर्न जनताको प्रतिनिधिप्रति उत्तरदायी कर्मचारीतन्त्र हुनु आवश्यक हुन्छ ।

  स्थानीय तहले कर्मचारीतन्त्रको निर्माण गर्दा व्यावसायिक र दक्षतामा ध्यान दिनुपर्छ । विगतमा स्थानीय तहमा केन्द्र र स्थानीय गरी दुई किसिमका कर्मचारीहरू रहेका थिए । केन्द्रीय तहबाट खटिने कर्मचारी केन्द्रप्रति नै बढी उत्तरदायी हुने र स्थानीय तहमा भर्ना गर्दा योग्यता प्रणालीको सही अवलम्बन हुन नसक्नाका साथै उनीहरूलाई हटाउने सहज व्यवस्था नहुँदा जनप्रतिनिधिलाई कर्मचारी नियन्त्रण गर्न कठिन बनेको अनुभव छ । स्थानीय तहका कर्मचारीहरू आफ्नो कार्यसम्पादनका लागि जननिर्वाचित प्रतिनिधिमार्फत् मात्र नागरिकप्रति जवाफदेही र उत्तरदायी हुने भएकोले केन्द्र वा प्रदेशबाट खटिने कर्मचारी कार्यरत रहँदासम्म स्थानीय तहकै नियन्त्रणमा हुने र उसको नेकिबदीबाट नियन्त्रित गर्ने व्यवस्था गर्नु जरुरी हुन्छ । यसैगरी ट्रेड युनियनिज्मलाई नियन्त्रणको दायरामा राख्न नसकेमा स्थानीय निर्वाचित नेतृत्वलाई अकर्मण्यको अवस्थामा पुऱ्याउन सक्नेतर्फ समेत सचेत हुन आवश्यक छ । विगतमा स्थानीय निकायमा कर्मचारीतन्त्रमा चरम राजनीतिकरण भएको तथ्यलाई मनन् गरी विद्यमान कर्मचारीहरूको व्यवस्थापन गर्न आवश्यक छ ।

- **सेवा व्यवस्थापन :** हाल स्थापना भएका स्थानीय तहहरूमा नयाँ प्रतिनिधि आएपछि पहिलो काम नै कार्यालय व्यवस्थापन हुने देखिन्छ । कतिपय स्थानीय तहका केन्द्र नै नयाँ स्थानमा तोकिँदा साविकका स्थानीय निकायका संरचनाहरू सेवा प्रवाहका हिसाबले न्यून रहेको देखिन्छ । स्थानीय तहबाट शिक्षा, स्वास्थ्य, कृषि तथा पशु सेवा,

हाल स्थापना भएका स्थानीय तहहरूमा नयाँ प्रतिनिधि आएपछि पहिलो काम नै कार्यालय व्यवस्थापन हुने देखिन्छ । कतिपय स्थानीय तहका केन्द्र नै नयाँ स्थानमा तोकिदा साविकका स्थानीय निकायका संरचनाहरू सेवा प्रवाहका हिसाबले न्यून रहेको देखिन्छ । स्थानीय तहबाट शिक्षा, स्वास्थ्य, कृषि तथा पशु सेवा, सहकारी, मालपोत नापी जस्ता नियमित सेवा प्रवाहका साथै पूर्वाधार विकासका कार्यहरू सुव्यवस्थापन र सञ्चालन गर्ने गरी कार्यालयको पूर्वाधार तय गर्नु आवश्यक छ ।

सहकारी, मालपोत नापी जस्ता नियमित सेवा प्रवाहका साथै पूर्वाधार विकासका कार्यहरू सुव्यवस्थापन र सञ्चालन गर्ने गरी कार्यालयको पूर्वाधार तय गर्नु आवश्यक छ। कतिपय स्थानमा भूकम्पीय क्षतिले पुनर्निर्माण नभइसकेको अवस्था पनि छ। कार्यदायरा र भौगोलिक क्षेत्र दुवैको विस्तार पश्चात्का स्थानीय सरकारलाई आफ्नो कार्य सुव्यवस्थित तवरले सञ्चालन गर्न आधारभूत सरसुविधा सहितका उपयुक्त कार्य स्थल र कार्य प्रणालीको आवश्यकता पर्ने देखिन्छ। स्थानीय सरकारको कार्य व्यवस्थापन लगत्तै वडा कार्यालयहरूको समेत व्यवस्थापन गर्न जरुरी हुन्छ अन्यथा सेवा प्राप्त गर्न विगत भन्दा टाढा जानुपर्ने परिस्थिति सृजना हुन सक्छ। यसैगरी हाल सञ्चालनमा रहेका संयुक्त वडा कार्यालयहरूलाई योजनाबद्ध रूपमा वडा पिच्छै पुऱ्याई सुचारु गर्नुपर्ने देखिन्छ। स्थानीय सरकारले दिनुपर्ने सेवाको लागि तदअनुसार नयाँ भवन तथा संरचना निर्माणको लागि उपयुक्त जग्गाको व्यवस्थापन पनि उत्तिकै जरुरी छ।

- **E-governance :** स्थानीय सरकारले विद्युतीय शासन प्रक्रियामा तीव्ररूपमा अगाडि बढ्न जरुरी देखिन्छ। सूचना प्रविधिको प्रयोग बढाई सेवाग्राहीलाई सार्वजनिक सेवा प्राप्त गर्न लाग्ने समय र लागतमा कमी ल्याउन आवश्यक छ। व्यक्तिगत घटना दर्ता, आय-राजस्व, उजुरी व्यवस्थापन, सामाजिक सुरक्षा भत्ता वितरण, भवन नक्सा पास आदिमा मन्त्रालयले विकास गरेका सफ्टवेयर, टेलिफोन नेटवर्क सुविधा पुगेको ठाउँमा तत्काल आरम्भ गर्न सकिन्छ।

- **एकीकृत सेवा प्रवाह :** संविधानले राज्यले सेवाग्राहीलाई पुऱ्याउनुपर्ने सेवा सुविधा सहज रूपमा वितरण होस् भनेर स्थानीय निकायको दायरा फराकिलो बनाएको छ। स्थानीय तहको संख्या घटेता पनि सेवा प्रवाह गर्ने विन्दुको रूपमा वडा कार्यालय रहने हुँदा यसले स्थानीय सरकारलाई जनताको झनै नजिक पुगेर सेवा दिने अवसरको सृजना गरेको छ। स्थानीय तहको क्षेत्रफल र जनसंख्या समेतलाई दृष्टिगत गरी कतिपय सेवाहरू वडा तहबाटै एकीकृत रूपमा प्रवाह गर्न सकिन्छ। यसैअनुरूप स्थानीय रूपमा प्रवाह हुने सेवालाई स्थानीयकरण गरी समग्र सेवा प्रवाहलाई प्रभावकारी बनाउने गरी एकीकृत सेवा प्रवाह प्रणाली अवलम्बन गर्न आवश्यक देखिन्छ।

- **नागरिक बडापत्र :** सेवाप्रदायक निकायले प्रदान गर्ने सेवा, सेवाको प्रकृति र प्रक्रिया, पेस गर्नुपर्ने कागजात, लाग्ने समय र सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार अधिकारी, गुनासो सुन्ने अधिकारीका बारेमा सेवाग्राहीलाई स्पष्ट जानकारी प्रदान गर्न सार्वजनिक गरेको नागरिक विवरणयुक्त सूचना अर्थात् "नागरिक बडापत्र" को महत्वपूर्ण भूमिका रहन्छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २५ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ मा सार्वजनिक सेवा प्रदायक निकायले अनिवार्यरूपमा नागरिकले स्पष्टरूपमा बुझ्ने गरी बडापत्र राख्नु पर्ने व्यवस्था गरेको छ। प्रदत्त सेवाको बारेमा "सेवाग्राही सन्तुष्टि मापन प्रणाली" स्थापना भएमा घोषित सेवा प्रवाहको वास्तविक अवस्था थाहा भई तत्कालीन र निरन्तर सुधारका उपायहरू अवलम्बन गर्न सकिन्छ, बडापत्रअनुसारका सेवा प्रवाह र विकाससँग सम्बन्धित क्रियाकलापहरू थप प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग पुग्दछ। नागरिक बडापत्र सेवा प्रदायकको तर्फबाट सेवाग्राहीलाई प्रदत्त सेवाको सुनिश्चितता भएकाले सेवा प्रदायकले बडापत्र अनुसार कार्यसम्पादन नगरी सेवाग्राहीलाई क्षति भएमा निश्चित सेवा कार्यमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र समेत कार्यान्वयन गर्न सकिन्छ, जसले स्थानीय तहमा पारदर्शिता, एवं आर्थिक अनुशासन र स्वच्छ प्रशासनलाई सहयोग पुगी सुशासन कायम गर्न मद्दत गर्छ।

- **समन्वय :** स्थानीय निकायका प्रतिनिधिहरूको केन्द्रीय तथा प्रान्तीय सरकारसँग समन्वय गर्ने महत्वपूर्ण भूमिका समेत निर्वाह गर्नुपर्छ। समन्वयकारी भूमिका प्रभावकारी रूपमा निभाउन सक्नु एक सफल नेतृत्वकर्ताको अर्को प्रमुख गुण हो। सबैलाई सँगै लैजान सक्ने क्षमता राख्नु र राज्यका विभिन्न निकाय (केन्द्रीय सरकारदेखि स्थानीय तह) तथा आमनागरिकहरूसँग समन्वय गर्न सक्ने कलामा पोख्त हुनु नेतृत्वको अर्को गुण हो।

- **प्रतिस्पर्धात्मक कार्य सम्पादन :** स्थानीय तहहरूबीच कार्यसम्पादन प्रतिस्पर्धाको प्रणाली अवलम्बन गरी राम्रो कार्यसम्पादन गर्ने स्थानीय निकायहरूलाई थप स्रोत साधनका साथ प्रोत्साहित गर्न र असल अभ्यासहरू अन्य तहहरूमा समेत प्रवाह हुने प्रणाली विकास गर्न आवश्यक हुन्छ। यसले स्थानीय सरकारहरूलाई स्वस्थ प्रतिस्पर्धाका

आधारमा राम्रो काम गरी सुशासनको अभिवृद्धि गर्न सहयोग पुग्दछ। कतिपय देशमा नगर-नगरबीच प्रतिष्पर्धा गराई केन्द्रले राम्रो गर्नेलाई प्रोत्साहन प्रदान गर्ने गरेको समेत पाईन्छ।

(घ) क्षमता विकास

- सार्वजनिक साधनस्रोतको दक्ष एवं उत्पादनशील प्रयोग गर्न, सरल सहज, छिटो छरितो र प्रविधिमैत्री बनाई सेवाप्रवाह गर्न क्षमता विकासको आवश्यकता पर्छ। हालै गठित स्थानीय तहलाई संविधान तथा कानुन बमोजिम सञ्चालन गर्नका साथै निर्वाचनमा गरिएका बाचा र प्रतिबद्धता पूरा गर्न स्थानीय सरकारको क्षमता विकास गर्न जरुरी हुन्छ। क्षमता विकासमा Supply-driven / Demand-driven दुवै रणनीति अपनाउनु पर्छ।
- **जनशक्तिको क्षमता विकास :** स्थानीय तहमा निर्वाचित हुने जनप्रतिनिधिहरू र कर्मचारी सबैलाई नयाँ व्यवस्था बमोजिम स्थानीय सरकारको कार्य सञ्चालन गर्न क्षमतावान बनाउन आवश्यक छ। कर्मचारी तथा पदाधिकारीहरूलाई निजहरूको जिम्मेवारी तथा कार्यक्षेत्र अनुसार स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान वा अन्य तालिम निकायहरूबाट प्रशिक्षण प्रदान गर्न सकिन्छ। यसैअनुसार पदाधिकारी तथा कर्मचारीहरूको स्थानीय तहले समेट्ने सबै विषयगत क्षेत्रहरूमा क्षमता अभिवृद्धिसम्बन्धी मानव स्रोत विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनु आवश्यक हुन्छ।
- **संस्थागत क्षमता विकास :** स्थानीय निकायहरू लामो समयदेखि जनप्रतिनिधिबिहिन हुँदा स्थानीय स्रोत साधन परिचालन कमजोर भएको छ भने संरचना शिथिल र कमजोर बन्न पुगेका छन्। योजनाको गुणस्तर कमजोर, उत्तरदायित्वमा ह्रास, दलीय भागबण्डामा आधारित विनियोजन जस्ता बेथिति कम गर्न निर्वाचित जनप्रतिनिधिले स्थानीय तहको संस्थागत क्षमता विकासमा क्रियाशील हुनै पर्छ। अब निर्वाचित प्रतिनिधिले बेथितिको प्रश्नमा निरुत्तर हुन वा जवाफदेही पन्छाउने ठाउँ रहने छैन।

(ङ) सदाचार

- **आचारसंहिता :** स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीका लागि आचारसंहिता बनाई लागू गर्नुपर्ने हुन्छ। यस्तो आचारसंहितामा अन्य कुराका अतिरिक्त निर्णय प्रक्रियामा निजी हकहित जोडिएका विषयमा संलग्न हुन नहुने, पारदर्शी, जवाफदेही कार्य प्रक्रियाको अवलम्बन गर्ने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने, सार्वजनिक शिष्टाचार तथा सुशासन प्रवर्द्धन, एक अर्को स्थानीय तह, प्रदेश र संघको कार्यप्रणाली तथा अधिकार क्षेत्रको सम्मान गर्ने लगायतका विषयहरू समावेश हुनुपर्छ। आचारसंहिताले सुशासनको दायरामा रहेर काम गर्न मार्ग निर्देशित गर्छ। नवनिर्वाचित प्रतिनिधिहरूलाई मार्गनिर्देशित हुने गरी हालै नेपाल सरकारले स्थानीय तहका लागि दस बुँदे आचारसंहिता जारी गरेको छ।
- **सार्वजनिक जीवनमा सदाचार :** सदाचारयुक्त सार्वजनिक जीवनले नेतृत्वप्रति विश्वासमात्र होइन, नेतृत्वलाई आफ्नो स्थानीय तह हाँक्न ठूलो मद्दत पुऱ्याउँछ। जीवनशैलीमा सादगी, सरकारी अस्पताल वा स्वास्थ्य केन्द्रमा उपचार, आफ्ना सन्ततिलाई सामुदायिक विद्यालयमा पढाउने, वैयक्तिक आचरणमा शुद्धता आदि यसका केही उदाहरण हुन्। उच्च नैतिकताले नेतृत्वमा, निष्पक्षता, पारदर्शिताजस्ता सुशासनका अवयवहरूमा दृढताको विकास गर्छ।
- **सम्पत्ति विवरण :** पारदर्शिता जनविश्वासको आधार हो। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) ले प्रत्येक आर्थिक बर्ष प्रारम्भ भएको ६० दिनभित्र

आफ्नो र आफ्नो परिवारका सदस्यको नाममा रहेको चल-अचल सम्पत्तिको स्रोत सहितको अद्यावधिक विवरण बुझाउनुपर्ने व्यवस्था गरेको छ। स्थानीय निर्वाचित पदाधिकारीले पदबहाली अघि र पदबाट हटेपछि सम्पत्ति विवरण सार्वजनिकीकरण गर्ने अभ्यास आवश्यक देखिन्छ। आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरी स्थानीय निकायको वेबसाईटमा राख्ने र समय समयमा अद्यावधिक गर्न सकेमा आफ्ना प्रतिनिधिको बारेमा मतदाता सुसूचित हुनेमात्र होइन, जनविश्वास आर्जन गर्नसमेत सहयोग पुग्ने हुन्छ। यसले स्थानीय निकायमा सुशासनको निमित्त स्वास्थ्य परम्पराको समेत आरम्भ गर्नेछ।

(च) योजना तथा विकास

- **दीर्घकालीन विकास योजना :** दीर्घकालीन विकाससँग सम्बन्धित स्थानीय तहमा गर्नुपर्ने निर्णय, बनाउनु पर्ने योजना र त्यसको कार्यन्वयन गर्ने प्रमुख निकाय स्थानीय सरकार हो। आफ्नो क्षेत्रको शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, एकीकृत बस्ती विकास तथा सहरी योजना, भू-उपयोग जस्ता क्षेत्रहरू समेटेर दीर्घकालीन विकास योजना बनाई व्यवस्थित विकासको अभ्यासहरू आरम्भ गर्न सकिन्छ। विवेकशील योजना निर्माण र कार्यान्वयन पद्धतिको अवलम्बनले उपलव्ध स्रोत साधन र अवसरलाई विकासमा रूपान्तर गर्न प्रभावकारी भूमिका खेल्दछ। नेपाल सरकारले समग्र नगर विकास योजनाको अवधारणा अघि सारेको छ। समग्र नगर तथा गाउँ विकासको अवधारणाअनुरूप नगरको वातावरण विकास, पूर्वाधार विकास र आर्थिक विकासका कार्य अघि बढाइनु पर्छ।

- **सहभागितामूलक प्रणाली :** स्थानीय तहले प्रत्यक्ष रूपमा जनतासँग प्रत्यक्ष सम्पर्क र सम्बन्धमा रही विकास योजनाको तर्जुमा र सेवा सुविधा प्रवाह गर्नुपर्ने हुन्छ। यसका लागि स्थानीय सरकारको कार्यशैली सहभागितामूलक हुनु अनिवार्य छ। सहभागितामूलक पद्धतिबाट मात्रै आमनागरिकलाई उनीहरूको आवश्यकताको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिफलको उपभोग गर्दै विकास प्रक्रियामा प्रभावकारिता ल्याउन सहयोग पुऱ्याउँदछ।

विगतमा दुई पटक निर्वाचित स्थानीय जनप्रतिनिधिले यसको अभ्यास गरिसकेका छन्। उक्त अवधिमा स्थानीय सुशासनका निमित्त सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अत्यन्तै महत्वपूर्ण रहे। विद्यमान स्थानीय तहले स्थानीय स्वायत्त शासन ऐनको भन्दा अझ उन्नत सहभागिता-मूलक प्रणालीको विकास गर्न आवश्यक छ। टोलबस्ती तहबाट नै सहभागितामूलक प्रणाली अपनाइएमा जनताको घरदैलोमा बसेर काम गर्ने 'स्थानीय सरकार' का कामलाई नजिकबाट अनुगमन पनि गर्न सकिनेछ। हाल नगर तथा गाउँमा टोल विकास संस्थाहरू सक्रिय छन्। देशव्यापी रूपमा यस्ता संस्थाहरू निर्माण गरी सहभागितामूलक विकासलाई स्थापित गर्नुपर्छ।

- **वस्तुस्थिति विश्लेषण :** स्थानीय निकायहरूले आफ्ना योजना तथा कार्यक्रमको तर्जुमा गर्न त्यहाँको बस्तुस्थिति विश्लेषण गर्न आवश्यक हुन्छ। यसका निमित्त स्थानीय निकायसँग आफ्नो गाउँ, नगर तथा वडाका वासिन्दा, स्रोत साधन, सार्वजनिक सम्पत्तिलगायत यावत् कुराहरूको गुणस्तरीय तथ्यांक हुनु पर्छ। 'जनसंख्या' (Demographic) देखि 'भौगोलिक सूचना' (Geographic Information System) सम्बन्धी डेटाबेसहरूको निर्माण गरी सूचना-प्रविधिद्वारा प्रभावकारी प्रयोग गर्नुपर्छ। भरपर्दो डेटाबेस (Database) को प्रभावकारी प्रयोगबाट छिटो-छरितो रूपमा स्थानीय जनताको आवश्यकता आँकलन र स्रोत परिचालन गर्न सकिन्छ। यसले तुलनात्मक लाभका क्षेत्रहरू, जनसांख्यिक लाभका अवसरहरू, प्राकृतिक स्रोतसाधनको अवस्था र सम्भावना आदिका बारेमा जानकारी उपलब्ध भई तदानुसार विकास योजना तर्जुमा गर्न मद्दत पुग्छ। त्यस्तै विपद् आइपरेको खण्डमा छिटोभन्दा छिटो उद्धार गर्न र उचित व्यवस्थापन गर्न पनि डेटाबेसको प्रयोग हुन सक्छ।

पारदर्शिता जनविश्वासको आधार हो। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) ले प्रत्येक आर्थिक बर्ष प्रारम्भ भएको ६० दिनभित्र आफ्नो र आफ्नो परिवारका सदस्यको नाममा रहेको चल-अचल सम्पत्तिको स्रोत सहितको अद्यावधिक विवरण बुझाउनुपर्ने व्यवस्था गरेको छ। स्थानीय निर्वाचित पदाधिकारीले पदबहाली अघि र पदबाट हटेपछि सम्पत्ति विवरण सार्वजनिकीकरण गर्ने अभ्यास आवश्यक देखिन्छ।

- **सामुदायिक केन्द्र :** स्थानीय जनतासँग सरोकार राख्ने र स्थानीय निकायले दिने सेवा सुविधाका लागि प्रत्येक वडामा सामुदायिक केन्द्र स्थापना गर्न सकिन्छ। यस्ता केन्द्रहरूबाट स्थानीय स्तरमा प्रवाह हुन सक्ने सेवाहरूको उपलब्धता सहज हुन्छ। सामुदायिक केन्द्रलाई त्यस वडाको सेवा प्रवाह, स्थानीय तहका भेला तथा बैठक स्थल, पुस्तकालय, सूचना केन्द्र तथा प्रतिभा प्रस्फुटन केन्द्र लगायतका सामजिक मिलन विन्दुका रूपमा विकास गर्न सकिन्छ। स्थानीय वडा समितिले वडा नागरिक मञ्च वा टोल सुधार समितिमार्फत् स्थानीय जनताको प्रत्यक्ष सहभागिता जुटाउन सक्छन्।

- **पुनर्निर्माण :** २०७२ सालको विनाशकारी भूकम्पले ठूलो धन

पारदर्शिता जनविश्वासको आधार हो । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) ले प्रत्येक आर्थिक बर्ष प्रारम्भ भएको ६० दिनभित्र आफ्नो र आफ्नो परिवारका सदस्यको नाममा रहेको चल–अचल सम्पत्तिको स्रोत सहितको अद्यावधिक विवरण बुझाउनुपर्ने व्यवस्था गरेको छ । स्थानीय निर्वाचित पदाधिकारीले पदबहाली अघि र पदबाट हटेपछि सम्पत्ति विवरण सार्वजनिकीकरण गर्ने अभ्यास आवश्यक दखिन्छ । आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरी स्थानीय निकायको वेबसाईटमा राख्ने र समय समयमा अद्यावधिक गर्न सकेमा आफ्ना प्रतिनिधिको बारेमा मतदाता सुसूचित हुनेमात्र होइन, जनविश्वास आर्जन गर्नसमेत सहयोग पुग्ने हुन्छ ।

जनको क्षति पुगेको छ । मुलुकको एकतिहाइ भाग यसबाट प्रभावित बनेको छ । विगतमा जनप्रतिनिधिको अभावमा राहत तथा उद्धार कार्य प्रभावकारी बन्न नसकेको तथ्यलाई मध्यनजर गरी यसतर्फ विशेष ध्यान दिनु जरुरी छ । जनप्रतिनिधिको अभावमा पुनर्निर्माणले गति लिन सकेको छैन । भूकम्पबाट ध्वस्त निजी आवास, विद्यालय, सम्पदा तथा अन्य स्थानीय पूर्वाधारको पुनर्निर्माणलाई तीब्रता प्रदान गरी स्थानीय तहमा राज्यको उपस्थिति तथा स्थानीय सरकारको महत्व र आवश्यकता पुष्टि गर्नु जरुरी छ, जुन स्थानीय सुशासनका दृष्टिले समेत महत्वपूर्ण छ ।

(छ) खर्च व्यवस्थापन

- **आम्दानी वृद्धि र खर्च व्यवस्थापन :** संविधानले दिएको कार्यभार सम्पादन गर्न स्थानीय सरकारहरूले अनुदानमा मात्र भर नपरी आफ्नो राजस्वको आकार र दायरा फराकिलो बनाउन ध्यान दिनु आवश्यक छ । जति अनुदानमा निर्भर भइन्छ माथिका सर्त, प्रक्रिया र विधिमा बढी आश्रित हुनुपर्ने हुँदा स्वायत्तताका दायरा खुम्चिन्छ । संविधान तथा कार्य विश्लेषणले स्थानीय सरकारलाई निश्चित किसिमका कर, राजस्व, सेवा शुल्क र जरिवाना निर्धारण गर्ने अधिकार प्रदान गरेको छ । प्रदत्त अधिकारअनुसार आयको दायरा जति फराकिलो बनाउन सक्यो, उति नै आर्थिक दृष्टिकोणबाट आत्मनिर्भरता बढ्दै जान्छ । दिगो आन्तरिक स्रोतको व्यवस्थाले स्थानीय सुशासनमा महत्वपूर्ण भूमिका खेल्दछ ।
- **स्थानीय तहमा खर्च व्यवस्थापन :** स्थानीय तहमा खर्च व्यवस्थापन जनप्रतिनिधिको प्रमुख चुनौतीका रूपमा आउने निश्चित प्रायः छ । सरकारका तहगत राजस्वका अधिकारको विश्लेषण गर्ने हो भने स्थानीत तहको अवस्था कमजोर देखिन्छ । विशेषज्ञले राजस्वमा संघको दायरामा ८६ प्रतिशत तथा प्रदेश र स्थानीय तहको दायरामा करिब १४ प्रतिशत मात्र रहने आँकलन गरेका छन् । कर, सेवा शुल्क, दण्ड जरिवानालगायत क्षेत्रबाट संकलित हुने आन्तरिक स्रोतको दायरा निकै सीमित छ । यसैगरी विद्युत्, पर्वतारोहण, वन, खनिज, आदि प्राकृतिक स्रोतको उपयोगबाट संकलन हुने राजस्वलाई बाँडफाँट गर्ने संरचना र आधार बनिसकेको छैन । यसैगरी सवारी कर, विज्ञापन कर, मनोरञ्जन कर र घरजग्गा रजिस्ट्रेसनबाट प्राप्त रोयल्टी प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्नुपर्ने हुन्छ ।
- "संविधानत : स्थानीय तह राज्यशक्ति प्रयोग गर्ने निकाय भएको हुँदा अब खर्चको व्यवस्थापन आफैँ गर्नुपर्ने हुन्छ । अब पनि हरेक कामको लागि केन्द्रको आशा गर्ने वा धाउने अवस्था रहदैन।" नागरिकहरूको अपेक्षा बढीरहेको छ, केन्द्रबाट प्राप्त हुने स्रोतको आकार बढाउन, राजस्व बाँडफाँटको हिस्सादारीमा वृद्धि गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । साथै निर्वाचित पदाधिकारीहरूको सिर्जनात्मक उपायहरू, स्वप्रयास, पौरख र सीपबाट आन्तरिक स्रोतमा वृद्धि गरी खर्च व्यवस्थापन गर्दै सेवा र सुविधा पुऱ्याउनुपर्ने हुन्छ । सुशासनबिना यस्ता प्रयासले साकार रूप लिन सक्दैनन् ।

(ज) भ्रष्टाचार नियन्त्रण

- **भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता :** स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले लोकतन्त्रलाई जरैबाट मजबुत बनाई आमनागरिकको राजनीतिज्ञप्रति भरोसा बढाउन भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्नु आवश्यक छ । यसका लागि स्थानीय तहमा नियन्त्रण र सन्तुलन प्रणाली मजबुत बनाउने, भ्रष्टाचारजन्य कसुरलाई कडा कारबाहीको प्रक्रियामा लाने, आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा दिगोपनामा स्थानीय सहभागिता सुनिश्चित गर्ने, आय-व्ययको जानकारी सार्वजनिक गरी सरोकारवालासम्म पुऱ्याउने, लेखा समितिलाई प्रभावकारी बनाउनेजस्ता कार्यहरू अवलम्बन गर्नुपर्ने देखिन्छ । यस अलावा भ्रष्टाचार विरुद्धका प्रवर्द्धनात्मक तथा सचेतनामूलक कार्यक्रमहरू पनि टोलबस्ती (Grass Root) सम्म सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- **कार्यसम्पादनमा पारदर्शिता र सामाजिक जवाफदेहिता :** स्थानीय तहले गर्ने काम, प्रदान गरिने सेवा र विकास कार्यहरूमा पारदर्शिता अभिवृद्धि गर्न सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण, गुणस्तर परीक्षण, व्यवस्थापन परीक्षण, सार्वजनिक सुनुवाइजस्ता

उपक्रमहरूको प्रयोग गर्नु उपयुक्त हुन्छ । यसले कार्यसम्पादनमा पारदर्शिता र उत्तरदायी कार्यप्रणालीलाई प्रोत्साहित गर्छ जुन सुशासनको महत्वपूर्ण आधार हो ।

खासगरी स्थानीय योजना र कार्यक्रम सम्पन्न भएपछि सेवाग्राही, स्थानीय बासिन्दा र नागरिक समाजका प्रतिनिधिमूलक संस्थाहरू समेतलाई सहभागी गराई सम्पादित कामको सार्वजनिक लेखा परीक्षण गराउनु पर्छ, जसमा मुख्यतः लक्ष्यअनुसार काम भए/नभएको, लक्षित वर्गले लाभ प्राप्त गरे/नगरेको, जनताको जीवनमा सकारात्मक प्रभाव परे/नपरेको, वातावरणमा प्रतिकूल प्रभाव परे/नपरेको, सीमान्तीकृत समुदायलाई योजना र कार्यक्रम कार्यान्वयनमा सहभागी बनाइए/नबनाइएको आदि विषयको लेखाजोखा गर्नुपर्ने हुन्छ ।

यसैगरी प्रत्येक स्थानीय तहले सुशासन ऐन तथा नियमावली अनुसार प्रत्येक अर्धवार्षिकमा आय व्ययको विवरण, कामकारबाही योजना वा कार्यक्रम आदिका बारेमा सार्वजनिक सुनुवाई गरी कामकारबाहीमा स्वच्छता, पारदर्शिता र वस्तुनिष्ठता सुनिश्चितता गर्न सक्छन् ।

- **सार्वजनिक उत्तरदायित्व :** लोकतान्त्रिक शासन प्रणालीमा राज्यशक्तिको स्रोत जनता हुने हुँदा आफूबाट निर्वाचित पदाधिकारीको कार्यसम्पादनका बारेमा जानकारी राख्ने अधिकार नागरिकमा हुन्छ । त्यसैले प्रतिनिधिहरू सदा आफ्ना मतदाता अर्थात् नागरिकप्रति उत्तरदायी हुनु पर्छ । सार्वजनिक पदाधिकारीले आफूले प्राप्त अधिकार, काम, कर्तव्य र जिम्मेवारीको निर्वाह गर्दा उत्तरदायी ढंगबाट गर्नु आवश्यक हुन्छ । सार्वजनिक गतिविधिका बारेमा नागरिकलाई सुसूचित गराउने, सार्वजनिक नीति, निर्णय, योजना र कार्यमा सरोकारवालालाई सहभागी गराउँदै आफ्ना कार्यहरूलाई निरन्तर रूपमा नागरिकद्वारा अनुमोदित गराउन प्रणालीले नै शासनमा नागरिकहरू वास्तविक रूपमा सहभागी हुने अवसर पाउँछन् । खुला तथा पारदर्शी एवं सहभागितामूलक कार्यशैलीले उत्तरदायित्व अभिवृद्धि गर्छ भने उत्तरदायित्वले सुशासनलाई सबल बनाउँदछ । 'उत्तरादायित्वले अख्तियारीको दुरूपयोगलाई नियन्त्रण गरी गुणस्तरीय सेवाको उपलब्धता सुनिश्चित गराउन मद्दत गर्छ । भनिन्छ उत्तरदायित्व विनाको शक्तिले मानिसलाई निरंकुश र भ्रष्ट बनाउँदछ । त्यसैले उत्तरदायित्वलाई भ्रष्टाचारको रोकथामको औजार भनिन्छ ।' जननिर्वाचित प्रतिनिधिले आफ्नो कामको बारेमा आमनागरिकलाई जवाफ दिने, आलोचना सहने, सचेत रहने समेतका कुराहरू निर्वाह गर्नु पर्छ ।
- **निर्णय प्रक्रियामा सहभागिता :** स्थानीय निकायको प्रत्यक्ष सरोकार तथा जवाफदेहिता जनताप्रति नै हुन्छ । अतः उसले सम्पादन गर्ने हरेक कामकारबाहीप्रति जनविश्वास आवश्यक हुन्छ । जनतालाई शासन सञ्चालन तथा निर्णय प्रक्रियामा जति बढी सहभागी गराउन सकिन्छ, उनीहरूमा स्वामित्वबोध पनि त्यति नै अभिवृद्धि हुँदै जान्छ । संविधानले प्रजातान्त्रिक पद्धतिलाई जनतासम्म पुऱ्याउने एउटा सशक्त माध्यम र जनताको घरदैलोमा राज्यको उपस्थिति पुऱ्याउने संरचनाको रूपमा स्थानीय तहको भूमिका दर्बिलो बनाएको छ । सहभागितामूलक निर्णय प्रक्रियाले स्थानीय शासनमा नागरिकहरूको अधिकाधिक संलग्नताको अवसर प्रदान हुनका साथै योजना वा कार्यक्रममा जनताको स्वामित्व स्थापित भई यस्ता योजना तथा कार्यक्रम दीगो, प्रभावकारी र जनमुखी समेत हुन्छ ।
- **प्रभावकारी सञ्चार तथा सूचना प्रणालीको स्थापना :** स्थानीय तहले आफूले सम्पादन गरेको कार्य, योजना बजेट आय-व्यय तथा महत्वपूर्ण गतिविधिहरू सञ्चार माध्यमलाई उपलब्ध गराई पारदर्शिताको प्रवर्द्धन तथा सूचनाको हकको प्रत्याभूतिमा सहयोग पुऱ्याउन सक्छन् । यसैगरी महत्वपूर्ण योजनाहरूमा विवरणयुक्त होर्डिङ बोर्ड आदि राखेर समेत जानकारी प्रदान गर्न सकिन्छ । कार्यालयमा प्रवक्ता तथा सूचना अधिकारीको व्यवस्था र उनीहरूसम्म सूचनाग्राहीको सहज पहुँचले समेत सूचना र जानकारी प्रवाहमा गतिशीलता उत्पन्न गर्न सहयोग पुग्छ ।
- **नागरिक शिक्षा :** नागरिकलाई राज्यको हरेक पक्षमा सहभागी गराउन र समाज उत्थानका लागि कार्य गर्न नागरिक शिक्षाले ठूलो सहयोग गर्छ । मुलुक र समाजलाई अगाडि बढाउन सक्ने सभ्य, चेतनशील, जागरुक र नैतिकवान् नागरिक नै उन्नत समाजको आधार हो । समाजको असल नीतिको पालना गर्ने र मुलुकको सामाजिक सांस्कृतिक बहुलताको सम्मान र

स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूले लोकतन्त्रलाई जरैबाट मजबुत बनाई आमनागरिकको राजनीतिज्ञप्रति भरोसा बढाउन भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्नु आवश्यक छ । यसका लागि स्थानीय तहमा नियन्त्रण र सन्तुलन प्रणाली मजबुत बनाउने, भ्रष्टाचारजन्य कसुरलाई कडा कारबाहीको प्रक्रियामा लाने, आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा दिगोपनामा स्थानीय सहभागिता सुनिश्चित गर्ने, आय-व्ययको जानकारी सार्वजनिक गरी सरोकारवालासम्म पुऱ्याउने, लेखा समितिलाई प्रभावकारी बनाउनेजस्ता कार्यहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

जगेर्ना गर्दै उन्नत, सभ्य, आदर्श व्यवहारअनुसार कार्य गर्ने नागरिकको विकासमा नै राष्ट्रको समग्र विकास आधारित छ । तसर्थ यसतर्फ स्थानीय तहको ध्यान जानु जरुरी छ । चेतनशील र जागरुक नागरिकले स्थानीय तहलाई जवाफदेही बनाउन प्रभावकारी भूमिका खेल्न सक्छन् । स्थानीय सरकारले कसरी काम गर्छ ?, बजेट कसरी बनाइन्छ र खर्च कसरी हुन्छ ? आदि विषयमा तथा आफूलाई शासन गर्ने निकायले कानुन र विधिहरू कसरी बनाउँछ भन्ने विषयमा यस्ता नागरिकले सदैव अनुगमन र निरीक्षण गर्न सक्छन् । स्थानीय तहले प्रदान गर्ने सेवा सुविधा र कार्यमा कानुनको उल्लंघन भएको पाइए सचेत नागरिकले त्यस्ता व्यक्ति तथा अधिकारीलाई कानुनको दायराभित्र ल्याउन र कारबाही गराउन सहयोगसमेत गर्छन् । साथै सूचनाको हकसम्बन्धी संवैधानिक अधिकार प्रयोग गरी नागरिकले सार्वजनिक निकायमा भएका सूचना, जानकारी तथा कानुनी शिक्षाबारेमा जनतालाई प्रशिक्षित गर्न दबाब दिन सक्छन् ।

- **सूचनाको हकको कार्यान्वयन :** स्थानीय सरकार लोकतन्त्रको आधार हो भने सूचनाको हक लोकतन्त्रको मेरुदण्ड हो । अधिकतम खुलापन सूचनाको हकको सर्वमान्य सिद्धान्त पनि हो । प्रत्येक नागरिकलाई सार्वजनिक सूचनाको जानकारी लिने हक हुन्छ । सरकार नागरिकको सेवाका लागि हो । त्यसैले सरकार के गरिरहेको छ भनी जान्न पाउने अधिकार नागरिकलाई हुन्छ । सूचनामा पहुँचले सर्वसाधारणलाई स्थानीय तहको योजना, विकास, सेवा प्रवाह तथा अन्य सरोकारका विषयमा आवद्धसमेत गराउन सक्छ । आफ्ना प्रतिनिधिलाई प्रश्न सोध्ने, सोधिएका प्रश्नको जवाफ प्राप्त गर्न सक्ने भएकाले सूचनाको हकले स्थानीय सरकारलाई खुला, जवाफदेही बनाउँदै अनियमितता, भ्रष्टाचार र शक्तिको दुरूपयोग रोक्न योगदान पुऱ्याउँछ । यो नागरिकको मौलिक हकमात्र नभएर जानकारी अवसर र ज्ञानको स्रोत पनि हो । नागरिकको विश्वास र समर्थनमा नै स्थानीय सरकारले काम कारबाही जनमुखी र प्रभावकारी हुने भएकाले सुशासन उन्मुख पारदर्शी स्थानीय सरकारले नागरिकको सूचनाको हकको सम्मान गर्नै पर्छ ।

(झ) विधि र प्रक्रियाको स्थापना

- **कानुनहरूको निर्माण :** संविधानले स्थानीय तहले संघ र प्रदेश कानुनसँग नबाझिने गरी कानुनहरू बनाउन पाउने अधिकार प्रदान गरेको छ । यस्तो महत्वपूर्ण अधिकारको प्रयोग गर्दा कानुन तर्जुमाका अन्तर्राष्ट्रिय मान्यता, शक्ति पृथकीकरण र सन्तुलन, राष्ट्रिय एकरूपताजस्ता विषयमा ध्यान दिनु आवश्यक हुन्छ । पहिलोपटक गठित स्थानीय तहको सरकारले निर्माण गर्ने विधि र प्रक्रियाहरू क्रमशः अभ्यासबाट परिमार्जन गर्दै जाने प्रचलन हुन्छ । यसैले यस्ता कानुनहरू बनाउँदा सुशासनका स्थापित मान्यताहरूलाई आत्मसात गरिनु पर्छ ।
- **योजना, बस्ती विकास तथा भवन निर्माण मापदण्डको स्थानीयकरण :** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र विकास तथा सेवा व्यवस्थापनसम्बन्धी योजनाका मापदण्डहरू तयार गरी व्यवस्थित रूपमा काम अगाडि बढाउन आवश्यक हुन्छ । खासगरी सडकको वर्गीकरण र सडकको दायाँबायाँको अधिकार क्षेत्र (Right of Way), भवन संहिता, स्कुल जोन, भू-उपयोग नक्सांकनअनुसार सहरी क्षेत्र, बस्ती क्षेत्र, कृषि क्षेत्र, खुला क्षेत्र र पार्क एवं उद्यानलगायतका भौतिक पूर्वाधारको निर्माण, सञ्चालन व्यवस्थापन मापदण्ड अवलम्बन गर्नु पर्छ ।

(ञ) आर्थिक विषय

- **वित्तीय संघीयता :** स्थानीय तहमा स्रोत साधन र जिम्मेवारी एउटै डालोमा बाँडफाँट गरी हस्तान्तरण गरिनुपर्छ। पटके केन्द्रीय अनुदानबाट स्थानीय सरकारहरूले प्रभावकारी रूपमा काम गर्न सक्दैनन्। मुलुकको प्राकृतिक स्रोत, आर्थिक स्रोत र राजस्वको बाँडफाँट निश्चित मापदण्डका आधारमा हुने व्यवस्था अवलम्बन गरिनु पर्छ। यसका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन यथाशीघ्र गरिनुपर्छ र स्थानीय तहले आयोगमार्फत् निश्चित स्रोतको सुनिश्चितताका लागि सामूहिक पहलहरू गर्न सक्नु पर्छ।

- **खर्च क्षमता :** स्थानीय निकायहरूमा वार्षिक बजेटको ८ र ९ प्रतिशतको हाराहारीमा (करिब ८० अर्बदेखि १ खर्बसम्म) विनियोजन हुँदै आएकोमा निर्वाचन पश्चात्का स्थानीय तहले झन्डै एकतिहाई बजेट (झन्डै ४-६ खर्ब) प्राप्त गर्न सक्ने देखिन्छ। बजेट कार्यान्वयनका अधिकांश विकासमूलक निकायहरू स्थानीय सरकारमा समायोजन हुने भएकाले यो कार्य जिम्मेवारी स्वाभाविक रूपमा स्थानीय सरकारको काँधमा आउनेछ। यस्तो बजेट कार्यान्वयन गर्नका लागि उपयुक्त प्रशासनिक संयन्त्र, व्यवस्थित योजना तथा कार्यक्रम र खर्च क्षमता आवश्यक हुन्छ। बजेटको आकार बमोजिम क्षमताको विकास हुन नसक्दा एकातर्फ दुर्लभ स्रोतसाधनको ठीक प्रयोग नहुने र अर्कोतर्फ अनियमितताको जोखिमसमेत बढेर जाने हुन्छ। अतः खर्च योजना सहित क्षमताको विकास गरी बढ्दो स्रोतसाधनको उच्चतम उपयोग गरी बढी प्रतिफल दिन ध्यान दिनुपर्ने हुन्छ। जनप्रतिनिधि बहाल भएपछि स्वाभाविक रूपमा विकास निर्माणका कार्य तथा सेवा प्रवाहलगायत जनताको आवश्यकता पूरा गर्न पनि खर्च क्षमता बढाउन आवश्यक पर्छ।

- **आर्थिक कारोबारमा नियमितता :** महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले स्थानीय निकायमा आर्थिक अनियमितताको आकार ज्यादै नै उच्च देखाएको छ। प्रतिवेदनले अन्य सरकारी कार्यालयमा खर्चको अनुपातमा बेरुजुको आकार ६.८६५ भन्दा कम रहे पनि स्थानीय निकायमा यस्तो बेरुजुको आकार करिब दोब्बर (११.९८५) रहेको इंगित गरेको छ। यसका अलावा राजस्व आय, सार्वजनिक खरिद, विकास निर्माण, नियुक्ति आदि क्षेत्रमा आर्थिक चलखेल बढी नै रहेको देखाएको छ। विरासतमा प्राप्त यस्तो विकृति र विसंगतिबाट बचेर आर्थिक कार्यमा नियमितता र पारदर्शिता अभिवृद्धिमा स्थानीय निकायका नवनिर्वाचित जनप्रतिनिधिहरू गम्भीर हुन आवश्यक छ।

- **सम्पत्ति र दायित्वको अभिलेखांकन :** गाउँ तथा नगरपालिकाले साविकका स्थानीय निकायका सम्पत्ति र दायित्व दुवै ग्रहण गर्ने भएकोले सर्वप्रथम सम्पत्ति र दायित्वको अभिलेखांकन आवश्यक हुन्छ। यस अलावा आफ्ना क्षेत्रभित्रका सार्वजनिक निर्माण तथा संरचना, सार्वजनिक सम्पत्ति (बाटोघाटो पुल-पुलेसा कुलो-नहर, उद्यान सामुदायिक बन) धार्मिक तथा सांस्कृतिक सम्पदा लगायतका प्राकृतिक सम्पदा आदिको अभिलेख अद्यावधिक गरी राख्नुपर्छ। यी सार्वजनिक सम्पत्ति स्थानीय तहको भावी विकास कार्यका लागि अत्यन्त उपयोगी हुनेछ।

(ट) विविध

- **नागरिक समाजमूलक संस्थाहरू क्रियाशील गराउने :** विगतमा जनप्रतिनिधिको रिक्तताको अवस्थामा स्थानीय विकासमा नागरिकको सहभागिता वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रजस्ता नागरिक समाज उन्मुख संस्थाहरूले गरेका थिए।

  खासगरी समाजको शक्ति संरचनालाई रूपान्तरण गर्ने, विपन्न तथा पछाडि परेका वञ्चित समूहहरूलाई शासन प्रणालीमा सहभागी गराउने र नागरिक अधिकारमा सशक्तीकरण गर्ने उद्देश्यले स्थापित यस सामाजिक परिचालन अभियानले जराधार तहदेखि नै संस्थागत गरेको सहभागितामूलक योजना, समावेशी विकास र अधिकारमुखी स्थानीय शासनका आधारहरूले निर्वाचित स्थानीय सरकारहरूलाई महत्वपूर्ण सहयोग पुऱ्याउन सक्छन्। निर्वाचित जनप्रतिनिधिहरूले यी संस्थाहरूलाई सामाजिक परिचालन र रूपान्तरणका माध्यमको रूपमा उपयोग गर्न सक्छन्। स्थानीय सरकार सक्षम र प्रभावकारी हुन प्रभावकारी जनपरिचालन आवश्यक हुन्छ जसबाट स्थानीय तहबाट सम्पादन हुने कार्यहरू यथासमयमा प्रभावकारी रूपमा सम्पन्न गर्न सहज हुन्छ। नागरिक समाजको विकास र यस्ता नागरिक संगठनहरूको क्रियाशीलताले प्रतिनिधिहरूलाई आफ्नो कार्यसम्पादनमा सहयोग समेत पुग्न सक्छ।

> **"स्थानीय तहले प्रदान गर्ने सेवासुविधा र कार्यमा कानुनको उल्लंघन भएको पाइए सचेत नागरिकले त्यस्ता व्यक्ति तथा अधिकारीलाई कानुनको दायराभित्र ल्याउन र कारबाही गराउन सहयोगसमेत गर्छन्। साथै सूचनाको हकसम्बन्धी सैवैधानिक अधिकार प्रयोग गरी नागरिकले सार्वजनिक निकायमा भएका सूचना, जानकारी तथा कानुनी शिक्षाबारेमा जनतालाई प्रशिक्षित गर्न दबाब दिन सक्छन्।"**

- **सुधारका प्राथमिकताहरूको निर्धारण :** लामो अवधिको राजनीतिक संक्रमण नीतिगत असंगति तथा परिवर्तनका कारण मुलुकको आर्थिक सामाजिक क्षेत्र सन्तोषजनक रहेका छैनन्। उत्पादक उमेर समूहको ठूलो हिस्सा रोजगारका लागि बाहिरिएको अवस्था छ। विद्यालय तथा विश्वविद्यालयको

शिक्षा व्यावसायिक तथा रोजगारउन्मुख छैन । स्वास्थ्य सेवाको गुणस्तर कमजोर छ । जसका कारण आय असमानता र गरिबीसमेत चुनौतीपूर्ण बन्न पुगेको छ । उल्लिखित समस्याहरूको अन्त्य गरी समुन्नत राष्ट्र निर्माणमा योगदान पुग्ने गरी स्थानीय तहहरूले आगामी पाँच वर्षका लागि रोजगारी सिर्जना, शिक्षाको गुणस्तर वृद्धि, सर्वसुलभ र गुणस्तरीय शिक्षा तथा गरिबी निवारण र आयउपार्जनलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने देखिन्छ ।

- **राजनीतिक स्थायित्व :** राजनीतिक स्थीरताविना समाज परिवर्तन र विकास सम्भव छैन । कुनै पनि दलको बहुमत नहुँदा सरकारहरू अस्थिर बनेका छन् । यस अवस्थामा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न कठिन हुने तथ्य विगतको अनुभवले प्रमाणित गरिसकेको छ । स्थानीय तहको नेतृत्व पाँच वर्षका लागि चुनिने हुँदा स्थानीय सरकारहरूको स्थायित्व मार्फत् सुशासन प्रवर्द्धनमा उल्लेख्य योगदान पुग्ने देखिन्छ । स्थानीय सरकारको स्थायित्वले स्थानीय तहमा लगानी बढ्ने, विकास कार्यक्रमहरू प्रभावकारी हुने विश्वास लिन सकिन्छ ।

१०. चुनौती

- नेपाल संघीय रूपान्तरणको सँघारमा उभिएको यस घडीमा नेपाली जनता र समग्र विश्वको नजर नेपाल माथि केन्द्रित छ । मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट यस सम्बन्धमा चासो र चिन्ताहरू व्यक्त भएका छन् । 'विधिको शासनको सम्मान गरेर सरकारका तीन अंगको स्वतन्त्रतालाई मान्यता दिई भ्रष्टाचार गर्ने अनि कानुन मिच्नेलाई जवाफदेही बनाएर नेपाल पनि अन्य जवाफदेही लोकतान्त्रिक मुलुकले अपनाएको बाटोमा हिँड्ला कि भनी हामी हेरिरहेका छौं' भन्ने यो भनाइलाई एउटा प्रतिनिधिका रूपमा लिन सकिन्छ ।
- संविधानको निर्माणपछि पुनर्संरचित स्थानीय तह भर्खरै प्रारम्भ भएका छन् । यिनीहरूलाई शासन व्यवस्था सुचारु गर्न नै केही समय लाग्छ । प्रारम्भिक अवस्थाबाट नै सुशासनलाई ध्यानमा नराखेमा भोलिका दिनमा झन् चुनौतीहरू थपिँदै जानेछन् । स्थानीय तह सञ्चालन सम्बन्धमा केन्द्र र प्रदेश कानुनसँग नबाझिने गरी कानुनहरू बनाउनु चुनौतीपूर्ण छ । जिम्मेवारी स्थानान्तरण भए पनि स्रोत साधनमा केन्द्रीकरणको अवस्था कायमै रहेबाट जिम्मेवारी र स्रोतमा तादात्म्यताको अभावमा अधिकांश स्थानीय तहको विकास र प्रशासनिक खर्चका लागि केन्द्रीय वा संघीय सरकारमा निर्भर रहनुपर्ने देखिएको छ, जसले अन्ततः स्थानीय तहको स्वायत्तता समेत प्रभावित हुने देखिन्छ । त्यसैगरी, कानुनले तोकेको काम, कर्तव्य र अधिकारको पालना र प्रयोग तथा राजनीतिक निकायको हैसियतबीच सन्तुलन कायम राख्न नसक्दा स्थानीय सेवाप्रदायक संस्था अति राजनीतिकरणको चपेटामा पर्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन । उल्लिखित चुनौतीहरूलाई मध्यनजर गरी स्थानीय तहहरूले संस्थागत विकास गर्दै जानु आवश्यक छ ।

११. उपसंहार

- स्थानीय सरकारहरू जनताका नजिकका सरकार हुन् । वर्तमान संविधानले वडा तहलाई नै जनताका सबैभन्दा नजिकका सक्षम सार्वजनिक एकाइको रूपमा स्थापित गरेको छ । स्थानीय सुशासनको प्रारम्भिक तथा आधार तह वडा भएकाले माथिका निकाय जति राम्रा भए पनि तल्लो तहमा सुशासन स्थापना हुन नसकेमा समस्त सार्वजनिक सुशासनमा चुनौती खडा हुन्छ । नेपालको संविधानले राजनीतिक विकेन्द्रीकरण सुनिश्चित गरे पनि वित्तीय विकेन्द्रीकरणका विषयहरू अझै स्पस्ट हुन नसकेबाट स्थानीय सुशासन प्रवर्द्धनको मार्ग स्पष्ट हुन सकेको देखिँदैन ।
- सुदृढ र जीवन्त लोकतन्त्र वस्तुतः जराबाट उठेको हुन्छ । स्थानीय सरकारको यो नयाँ संवैधानिक व्यवस्थाले तलैदेखि लोकतन्त्रलाई सबल र संस्थागत गर्ने अभूतपूर्व अवसर प्राप्त भएको छ । शताब्दीयौंदेखि सिंहदरबारमा केन्द्रित शासन-प्रशासन, योजना र विकासमाथि निर्णय गर्ने जिम्मेवारी अब स्थानीय सरकारको माध्यमबाट नागरिकको घरदैलोमा पुगेको छ । 'लोकतन्त्रलाई जनताले सबैभन्दा निकटबाट अनुभूति गर्ने भनेको स्थानीय तहमै हो । यसले प्रत्यक्ष लोकतन्त्रको अनुभूति पनि दिन्छ । साथै आममानिसको राज्यसँग सम्पर्क कायम गर्छ र सरोकारलाई सम्बोधन गर्छ ।'
- स्थानीय तहको निर्वाचनले नागरिकलाई शासनमा सहभागी हुने अवसर जुटाएको मात्र होइन, जनअपेक्षासमेत ह्वात्तै बढाएको

नेपाल संघीय रूपान्तरणको सँघारमा उभिएको यस घडीमा नेपाली जनता र समग्र विश्वको नजर नेपाल माथि केन्द्रित छ । मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट यस सम्बन्धमा चासो र चिन्ताहरू व्यक्त भएका छन् । 'विधिको शासनको सम्मान गरेर सरकारका तीन अंगको स्वतन्त्रतालाई मान्यता दिई भ्रष्टाचार गर्ने अनि कानुन मिच्नेलाई जवाफदेही बनाएर नेपाल पनि अन्य जवाफदेही लोकतान्त्रिक मुलुकले अपनाएको बाटोमा हिँड्ला कि भनी हामी हेरिरहेका छौं' भन्ने यो भनाइलाई एउटा प्रतिनिधिका रूपमा लिन सकिन्छ ।

छ । यसलाई सम्बोधन हुने गरी स्थानीय सरकारले आफूलाई तयार पार्नु आवश्यक छ । स्थानीय निकायको स्रोतलाई प्राथमिकताका आधारमा लगानी गरी बढीभन्दा बढी आर्थिक सामाजिक प्रतिफल हासिल गर्नका साथै सेवा प्रवाहलाई छिटो छरितो र चित्तबुझ्दो बनाउनु आवश्यक छ ।

- स्थानीय स्तरमा लोकतन्त्रको सहज अभ्यास भयो भनेमात्र वास्तविक रूपमा जनता अधिकार सम्पन्न हुन्छन् । जनता अधिकार सम्पन्न भएको स्थानमा मात्रै लोकतन्त्र सबल हुन सक्छ । उल्लिखित तथ्यलाई मनन् गरी स्थानीय तहले जनमुखी, पारदर्शी र लोकतान्त्रिक विधिअनुरूप कार्य सम्पादन गर्नु पर्छ । कानुनी शासन नै सुशासन र सबल लोकतन्त्रको मुटु हो । स्थानीय सरकारका नीति, कार्य प्रक्रियाहरू विधिसम्मत् हुन आवश्यक छ । यस्ता विधिसम्मत 'नीति र कानुनहरूको इमानदारीपूर्वक कार्यान्वयन गर्नु भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि पहिलो खुट्किलो हो ।' समग्र शासन व्यवस्था र प्रशासनिक संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, विधिसम्मत र नागरिकमैत्री बनाई स्थानीय तहको सेवा प्रवाहमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता सुनिश्चित गर्नु आवश्यक छ । स्थानीय सुशासनको स्थापनाबाट मात्रै लोकतन्त्रका उपलब्धीहरू संस्थागत हुन सक्छन् ।

- स्थानीय तहले नागरिक र नेतृत्वबीच सेतुको कामसमेत गर्छ । जनतामा आशा र भरोसा जगाउँछ । समग्रमा आमनागरिकलाई सरकारको सारभूत उपस्थिति र शासनलाई उजिल्याउने काम गर्ने भएकाले स्थानीय तहको सुशासनले ज्यादै महत्व राख्छ । विगतमा स्थानीय निकायहरूमा अनियमितता तथा बेथितिहरू बढेर संस्थागत मूल्य र पद्धतिको क्षयीकरण हुँदै गएका कारण स्थानीय सुशासन कमजोर बनेको छ । संवैधानिक प्राबधान बमोजिम गठित स्थानीय तहले अन्तर्राष्ट्रिय प्रचलन, शासकीय मान्यता स्थापित विधि, पद्धति र प्रक्रियाका आधारमा स्थानीय शासन सञ्चालन गरी आमनागरिकको स्वीकार्यता अभिवृद्धि गरी स्थानीय सुशासन संस्थागत गर्नु जरुरी छ ।

सन्दर्भ सामग्री

१. नेपालको संविधान २०७२

२. कार्य विश्लेषण प्रतिवेदन, २०७३ नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अप्रकाशित)

३. नेपालको स्थानीय शासन, मिरेस्ट नेपाल, वर्ष पुस्तक- २०६८

४. सुशासन व्यवस्थापन तथा सञ्चालनसम्बन्धी ऐन, २०६४, कानुन किताब व्यवस्था समिति

५. भ्रष्टाचार निवारण ऐन, २०५९

६. नेपालको स्थानीय शासन दोस्रो शृंखला मिरेस्ट नेपाल- २०७०

७. स्मारिका, २०७३ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल

८. संघीयता र स्थानीय स्वायत्त शासन, गाउँ विकास समिति राष्ट्रिय महासंघ, नेपाल २०७१

९. विकेन्द्रीकरण र विकास टोनी हेगन, हिमाल किताब, मार्च २०१७

१०. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन २०७१, २०७२, २०७३

११. स्थानीय तह निर्वाचन घोषणापत्र नेपाली कांग्रेस

१२. स्थानीय तह निर्वाचन घोषणापत्र नेकपा एमाले

१३. स्थानीय तह निर्वाचन साझा घोषणापत्र, २०७४ किशोर थापा र निरूपमा यादव

१४. समाज र भ्रष्टाचार कारण, आयाम र परिणाम, सूर्यनाथ उपाध्याय, दिपेशकुमार घिमिरे, सांग्रिला बुक्स, २०७३

❖❖❖

विकास बाटोमा नेपाल
संघीयता कार्यान्वयनमा स्थानीय तह

– दिनेश थपलिया*

लामो समयदेखि जनताले स्थानीय स्तरमा आफ्नो सहभागिता र निर्णयको अधिकार र स्वायत्तता खोजिरहेका छन् । स्थानीय तहको विकासमा स्थानीयले समावेशिता र स्वामित्व स्थापित हुने अवसर खोजिरहेका छन् । गरिब र सीमान्तीकृत वर्गका जनता समेत शासनमा पहुँच खोजिरहेका छन्, न्यायिकताको आशा गरिरहेका छन् र समताको प्रत्याभूति खोजिरहेका छन् । अब यो क्रमशः पूरा हुने क्रममा छ ।

संवैधानिक इतिहासमा राज्य व्यवस्थाको विकासका क्रममा पहिलोपटक यति धेरै स्रोत, साधन, अधिकार र जिम्मेवारी स्थानीय तह (गाउँपालिका र नगरपालिका) जसलाई हामीले सार्वभौमिकता, स्वायत्तता र सुशासनको अधिकारलाई स्थापित गर्ने संवैधानिक इकाइका रूपमा लिन पाएका छौं, मा गएको छ ।

स्थानीय सरकारका रूपमा संविधानतः परिभाषित गरिएका गाउँपालिका र नगरपालिकाले संघ र प्रदेशले जस्तै आफ्नो क्षेत्रमा शासन र अधिकारको प्रयोग गर्दछ । राज्य पुनर्संरचना पश्चात् स्थापना गरिएका सात सय ४४ स्थानीय तहमा पहिलो चरणको निर्वाचनबाट (प्रदेश नम्बर ३, ४ र ६ पहिलो चरणमा भइसकेका छन् भने असार १४ गते १, ५ र ७ मा निर्वाचन भएको र प्रदेश नम्बर २ मा असोज २ गतेलाई तोकिएको) महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा जनप्रतिनिधि छनोट भएका छन्, अब केही जिल्लामा मात्र हुनेक्रममा छ ।

अब स्थानीय सरकारले के काम गर्छ ? कत्रो भयो भने सेवा प्रभावकारी हुन्छ भन्नेमा राजनीतिज्ञ नै अन्योलमा छन्, अझै एकमत हुन सकेका छैनन् र कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरा राजनीतिज्ञबीच नै एक हुन नसक्नु सबैका लागि दुर्भाग्य हो । हामीले पनि विभिन्न चरणमा विभिन्न व्यक्तिसँग सोध्दा अत्यन्त ठूला भनिएका नेताहरूले पनि अहिले यो जिल्लालाई अधिकार नदिएर किन यस्तो बिजोग पारेको ? स्थानीय तह १५ सय वटा बनाइदिँदा के बिग्रन्छ ? भनेको हामीले धेरै सुन्यौं ।

जुन मिहिनेत गरेर गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले ५ सय ६५ को हाराहारीमा भनेर सुरुमा तयार गरिएको विषय जे थियो त्यसअनुसार जान नसक्दा र पछिल्लो समय ७ सय ६६ बनाउने टिमको कुपात्र म पनि भएको हुनाले मैले अनुभूति के पाएँ भनें यो पुनर्संरचना भन्ने विषय चाहिँ राजनीतिक एजेन्डा हो राजनीतिज्ञले भन्दिएपछि प्राविधिक र प्रशासनिक नेतृत्वले त्यसलाई पुष्टि गर्दिनै पर्छ । आठ सय भन्यो सकियो त्यसलाई जसरी पनि पुष्टि गर्दिनुपर्छ अर्थोक तिनको काम होइन भन्ने आशय पाइयो । यो क्षणिक विषय नभएकाले यसरी काम गर्नु कसैका लागि पनि हितमा थिएन, छैन पनि ।

लामो समयदेखि स्थानीय निकायको निर्वाचन नहुँदा जनता विकासको भोकले तड्पिरहेका छन् । त्यसैले लामो समयपछि जनप्रतिनिधिलाई नेतृत्व दिइरहँदा १५ वर्षसम्म जे पीडा सहनुपरेको थियो अब त्यसबाट मुक्ति मिल्नेछ भनेर बुझे हुन्छ । साँच्चै नै जनप्रतिनिधिमूलक संस्थाहरू जनप्रतिनिधिबाटै चलायो भने दीगो शान्ति, सम्वृद्धि र शान्तिसँगै विकासको मार्ग प्रशस्ती हुनेछ भनेर प्रमाणित गरेर निर्वाचितले अब देखाउनु हुनेछ । तर जनप्रतिनिधिको यस्तो अभ्यास त फेरि भोलि पनि अझै हुन्छ भनेर काम थाँती राख्ने काम अब नहोस् । तहको संख्या र संरचनाको विषयमा बहस हुँदा साँच्चै नै यसलाई स्थानीय सरकार बनाउने हो भने यो यी कुनै पनि कुरामा कम्प्रोमाइज (सम्झौता) गर्न हुँदैन । यो यथार्थ राम्रोसँग राजनीतिक तहमा कुरो पुऱ्याउन जरुरी छ किनकि अझै पनि स्थानीय तहबारेका विषयमा पाँच जनामा पाँच वटा कुरो भइरहेको छ ।

लामो समयदेखि जनताले स्थानीय स्तरमा आफ्नो सहभागिता र निर्णयको अधिकार र स्वायत्तता खोजिरहेका छन् । स्थानीय तहको विकासमा स्थानीयले समावेशिता र स्वामित्व स्थापित हुने अवसर खोजिरहेका छन् । गरिब र सीमान्तीकृत वर्गका जनता समेत शासनमा पहुँच खोजिरहेका छन्, न्यायिकताको आशा गरिरहेका छन् र समताको प्रत्याभूति खोजिरहेका छन् । अब यो क्रमशः पूरा हुने क्रममा छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकायका लागि बनेको स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ खारेज गरी स्थानीय तहका लागि स्थानीय शासन ऐन २०७४ कार्यान्वयनको

* सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

प्रकृयामा छ। मन्त्रालयबाट मस्यौदा तयार पारी मन्त्रिपरिषद् पुगेको उक्त विधेयक स्वीकृत भई व्यवस्थापिका संसदमा ऐनको रूप पाउनका लागि पुऱ्याइएको छ। यो केही महिनादेखि अड्किरहेको छ। जुन ऐन पास नभएकोमा म खुसी छु। अहिले मस्यौदाका रूपमा जसजसको हातमा पुगेको छ त्यही ऐन ल्याएर मुलुकभरका स्थानीय तह चलाउन सकिन्छ भन्नेमा म विश्वस्त छैन। त्यसलाई धेरै सुधार र परिमार्जन गरी एउटा छाता ऐनका रूपमा ल्याउन जरुरी छ। त्यसपछि त्यही ऐनको खाकाभित्र स्थानीय तहले धेरै ऐन, नियम, पद्धति, प्रक्रिया, निर्देशिका र कार्यविधि बनाउन सक्ने मार्गप्रशस्त गर्नुपर्छ।

स्थानीय तह पुनर्संरचना आयोगले दिएको प्रतिवेदन र उहाँहरूले नै स्थानीय तहको कार्य जिम्मेवारीको विस्तृतीकरण त्यहीबेला गरिसकेको भन्ने आधारमा त्यसलाई राखेर कार्यकारी आदेश (स्थानीय तह सञ्चालन र व्यवस्थापन आदेश) भनेर जारी गरेका छौं। त्यो आदेशले धेरै हदसम्म स्थानीय तहमा के कसरी काम गर्ने भन्ने अन्योलता हटेको छ। धेरै हदसम्म कामचाहिँ रोकिँदैन भन्ने वातावरण बनेको छ। सरकारले मुलुकभरका ७ सय ४४ स्थानीय तहका लागि १६ वटा नमूना कानून तथा कार्यविधि बनाइरहेको छ। जसमध्ये १० वटा नमूना कानून तथा कार्यविधिहरू तयार भइसकेकाले सबै स्थानीय तहमा पठाइसकेको छ। मन्त्रालयले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका लागि १० वटा नमूना कानुन तथा कार्यविधिहरू तयार पारेको हो।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका समेतको अधिकार पाएका स्थानीय सरकार (तह) ले आफू अनुकूल कानून तथा कार्यविधि बनाउन पाउने भए पनि सबै तहमा एकरूपता कायम होस् भन्ने उद्देश्यले मन्त्रालयले १० वटा कानून तथा कार्यविधि तयार पारिदिएको हो। नेपालको संविधान २०७२ ले राज्यको शासकीय स्वरूप संघात्मक प्रणालीको हुने र यसमा तीन तह (संघीय, प्रादेशिक र स्थानीय सरकार) को मूल संरचनाको व्यवस्था गरेकाले अब शासन जनताकै हातमा पुगेको हो।

मन्त्रीस्तरीय निर्णयबाट स्थानीय तहको आर्थिक ऐन, स्थानीय तहको विनियोजन ऐन, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, स्थानीय तहको बैठक सञ्चालन कार्यविधिको नमूना कानून तथा कार्यविधिहरूका ढाँचा स्वीकृत भएका हुन्। यसैगरी, गाउँ कार्यपालिकाको कार्य सम्पादन नियमावली, नगर कार्यपालिकाको कार्य सम्पादन नियमावली, गाउँ कार्यपालिकाको कार्य विभाजन नियमावली, नगर कार्यपालिकाको कार्य विभाजन नियमावली, उपमहानगर कार्यपालिकाको कार्य विभाजन नियमावली र महानगरपालिका कार्यपालिकाको कार्य विभाजन नियमावलीका नमूना ढाँचा स्वीकृत भएका हुन्।

मन्त्रालयले तयार पारी स्वीकृत भएका १० वटै नमूना कानून तथा कार्यविधिलाई सम्बन्धित गाउँपालिका र नगरपालिकाले तत्तत् गाउँसभा र नगरसभाबाट स्वीकृत गरी लागू गर्नुपर्नेछ। यी नमूना कानून तथा कार्यविधिमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आफूअनुकूल नियम/कानून बनाउन पाउने अधिकार संविधानले दिएको छ। १० वटै कानून तथा कार्यविधिले संविधान बमोजिम स्थानीय तहमा सारभूत रूपमा कार्यप्रक्रियाका आधारभूत विषयमा एकरूपता कायम भइ जनस्तरमा अपेक्षित सेवा प्रवाह र विकास निर्माणमा जनप्रतिनिधिमूलक जिम्मेवारी र उत्तरदायित्वको सुनिश्चितता हुनेछ।

कर्मचारीको विषय दोस्रो ठूलो र जटिल हो। यसबारे पनि हामीले दुई दिनअघि अर्को आदेश जारी गऱ्यौं। यसले केन्द्रीय सरकारअन्तर्गत स्थानीय तहको कार्यक्षेत्रभित्र परेका कर्मचारी स्वतः स्थानीय तहमा असारमसान्तभित्र गइसक्छन्। बाँकी कर्मचारीको हकमा पनि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित मन्त्रालयहरूले हेरेर कति कर्मचारी कहाँ पठाउन सकिन्छ भन्ने निर्णय भइसकेको छ।

संघीयतामा जाँदा हाल भएका सात सय ४४ तह पनि बढी भएको मेरो व्यक्तिगत अनुभव छ। अब स्थानीय तहहरू मर्ज गर्नु उपयुक्त हुनेछ। खण्डीकरण हुने होइन, मर्ज भए यस्तो यस्तो इन्सेन्टिभ पाउन सक्छ भनेर ऐनभित्रै राखौं र राखेरमात्र ऐन आवोस् भन्ने चाहना छ। अहिले स्थानीय तहको कार्यक्षेत्र र अन्योलता चाहिँ छैन धेरै हदसम्म स्पष्ट भएको छ। बरु पाएको कामको कार्यसम्पादन र व्यवस्थापन कसरी गर्ने भन्ने जटिलता चाहिँ कायमै छ। अहिले सबैभन्दा राम्रो कुरो के हुन्थ्यो भने यतिवटा स्थानीय तह भन्ने बनाएर ती तहले प्रयोग गर्ने कानून र ऐन बनाएर बल्ल निर्वाचनको घोषणा हुनुपर्थ्यो।

विकासको गतिमा बझाडको चैनपुर

हिजो र आज निकाय र तहको कुरो गर्दा अरु कर्मचारी पनि छन् स्वायत्त संस्था भनेको होइन। विभिन्न आयोजना, परियोजनाका कर्मचारी,

समिति, प्रतिष्ठानका कर्मचारीहरू छन् । धेरैजसो समिति र प्रतिष्ठानहरू अहिले पनि रहने अवस्थामा छैनन् तर विभिन्न तरिकाले नाम फेर्दै राख्ने प्रयत्न गरिरहेका छन् । जुन मन्त्रालयमा छु प्रष्ट के राखेको छु भने स्थानीय विकास मन्त्रालयअन्तर्गतका १८ वटा समिति खारेज गर्दियो भने कसैलाई मुलुकलाई पद पाएका र कर्मचारी बाहेक कसैलाई केही नोक्सान पर्दैन । खारेज गर्ने भनिएको गरिबसँग विश्वेश्वर कार्यक्रम त अर्को मन्त्रालयमा गएजस्तो छ ।

संघीयतामा गइसकेपछि अब हिजोजस्तै ठुलाबडा र टाठाबाठाले भागबण्डाको आधारमा गरिने वितरणमुखी विकासको प्रयासले यो हाम्रो अपेक्षालाई सम्बोधन गर्न सक्दैन । त्यसैले निर्वाचित जनप्रतिनिधिले अब जनताले चाहेका कुरा प्राथमिकताका आधारमा उत्पादन र लगानीमुखी आयोजनाहरू स्थापित गर्दै जानुपर्छ । हुनत अहिले विकासको अत्यधिक माग छ । हुनत साह्रै धेरै स्रोतहरू स्थानीय तहमा गयो भन्ने पनि छ । तर यदि हामीले समावेशी सिद्धान्तका आधारमा मागहरूलाई सम्बोधन गर्न सकेनौं भने, न्यायलाई स्थापित गर्न सकेनौं भने हाम्रो विकास हाम्रो सेवा प्रवाहका लागि अवरुद्ध पनि हुनसक्छ, त्यसैले विकासका पूर्वाधारहरू, सेवासुविधाका आपूर्तिका विषयहरू र सामाजिक सुरक्षाका बीच तालमेल मिलाउँदै दीगो विकासको आधारशीला तयार पार्ने प्रतिवद्धता पनि जनप्रतिनिधिले गर्नुपरेको छ ।

यद्यपि साँच्चै नै व्यवहारतः स्थानीय तहलाई बलियो बनाउन लागिपरेका छौं कि छैनौं भन्ने प्रश्न हामीभित्रै छ । बजेटमा यो विषय अभिव्यक्त भएको छ । स्थानीय तहलाई ठूलो बजेट गएको छ भन्ने परेको छ । त्यो के गर्ने हो भन्ने अन्योल भएकाले छिटै मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय बसेर तत्काल मार्गदर्शन बनाई स्रोत कसरी परिचालन गर्ने, कर कसरी लगाउने, नयाँ दररेट कसरी निर्धारण गर्ने, निशर्त र सशर्त अनुदान कसरी प्रयोग गर्ने भन्ने टुंगो लगाउने छौं ।

प्लानिङ प्रोसेस अब स्थानीय तहमा कसरी र कस्तो हुन्छ ? यो सबैको


दूरदर्शिताको अभावमा अव्यवस्थित बनेको राजधानी काठमाडौं

चासोको विषय हो । यो सूचक बनाएर काम गर्नुपर्छ । अहिले स्थानीय तह कस्तो देखियो भने बडो अन्योल छ हाम्रा लागि जटिलता छ । जनप्रतिनिधिले शिक्षा र स्वास्थ्यका आधारभूत आवश्यकता पूरा गर्नेभन्दा पनि आफ्नै अधिकार खोज्न र प्रयोग गर्न हतारो गरेको पाइयो । तर स्वायत्ततालाई अराजकतातिर लगियो भने अनि स्वतन्त्रतालाई स्वच्छन्दतातिर रूपान्तरण गर्न खोजियो भने हाम्रा सबै मिहिनेत ध्वंश हुनेछन् ।

मन्त्रालयबाट यसअघि उपलब्ध गराएको निशर्त र सशर्त अनुदान आदिबाट जिल्ला स्तरमा गएको बजेट जोड्दा झन्डै झन्डै तीन खर्ब ८२ अर्ब हुन्थ्यो । यो रकममध्ये कम्तिमा ३ खर्ब बजेट पठाउने व्यवस्था गरौं भन्यौं । आवश्यक योजना त बनाउन पाउँछ । सशर्त अनुदान कसैले पनि बढाउन सकेनन् । निशर्त अनुदान मागेभन्दा बढी गयो । विषयगत क्षेत्रको अनुदान जति जानुपर्ने त्यति गएन । एकल अधिकारभित्रको सूची उसैले मात्र गर्छ भन्ने मान्यता राख्ने हो भने त्यही काममा केन्द्रीय सरकार वा प्रादेशिक सरकारले काम गर्न हुने कि नहुने ? यो गम्भीर प्रश्न ।

सबैभन्दा ठूलो खर्च संरचनामा हुँदोरहेछ । केन्द्रीय संरचना घन्टाउको जस्तो यत्रो छ तल चैं लिखुरे खुट्टा उभिएको संगठन छ प्रशासनिक संरचना । मन्त्रालय घटाउने कुरो गरिएको छ तर मुद्दा १८ वटा मन्त्रालयको हुँदै होइन । मन्त्रालयजस्तै हामीले प्यारालाल रूपमा बनाएका समिति, विभाग, प्रतिष्ठान यति धेरै संरचना बनाएका छौं जुन १ मिनेटमा खारेज गर्दिए कसैलाई केही क्षति पुग्नेवाला छैन पदाधिकारी बाहेक । त्यो राखेर केन्द्रको बजेट सधैं ठूलो हुने र प्रशासन मै जाने भयो । एउटा संरचनागत सुधार नगरी तल बजेट बढाउनै सकिँदैन । माथि संरचना सानो बनाएर तललाई फुकाउँदै गर्नुपर्छ । तहको संरचनामा बढी फोकस गर्नुपर्ने छ ।

पुनर्संरचनापछि स्थानीय तहले केही काम गर्नुपर्ने देखिन्छ । उसलाई कानुन, नीति, नियम सबै बनाउने भनिएको छ तर कतिवटा कानुन चाहिन्छ भन्ने पनि हामीलाई नै एकिन छैन । सुरुमा १६ वटा कानुन ड्राफ्ट गरिरहेका छौं, मैले भनिसकें १० वटा तयार पारेर पठाइसक्यौं । प्रमाणीकरण तहले नगरी कार्यान्वयन हुन सक्दैन । कार्यविभाजन नियमावली छैन । मोडल कार्यविभाजन नियमावली पनि पठाइदिन्छौं । विगतमा १४ चरणमा हुने योजना छनोट र बजेट कार्यान्वयनका लागि अब ७ चरणमा हुनेगरि बनाएका छौं । तहको आ-आफ्नो सर्वसञ्चित कोष हुन्छ यसमा रकम कसरी आउँछ, कसरी खर्च गर्ने त्यो पनि भन्दिनुपर्ने अवस्था छ । यी सबै विषयमा जनप्रतिनिधि गम्भीर रूपमा सोचीविचारी काम गरुन् भन्ने हामी सबैको अपेक्षा हो । अब जनता नागरिक भएका छन्, विकासमा उनीहरूको हक, अधिकार र पहुँच सुनिश्चित हुनैपर्छ ।

प्रस्तुति : गोपीकृष्ण ढुंगाना

❖❖❖

महिला सशक्तीकरणको परिवेशमा
नेपाली महिलाको राजनीतिक सहभागिता

– पद्मा माथेमा*

कोठाको अँध्यारोलाई विस्थापित गरी पूरा कोठामा उज्यालो पार्न मैनबत्तीको सानो प्रकाशले योगदान पारेजस्तै महिला नेतृत्वको राजनीतिले व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकालाई स्वायत्त, स्वतन्त्र, निष्पक्ष तथा न्यायपूर्ण बनाई राज्य सञ्चालन व्यवस्थालाई पूर्णतातर्फ अघि सार्न महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। महिला समानता, सशक्तीकरण तथा कृयाशील सहभागिता लैंगिक समानता र महिला विकासका लागि गरिएका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रयासहरूले एक शताब्दी पार गरिसकेको छ। विषेशगरी अन्तर्राष्ट्रिय महिला वर्ष सन् १९७५ देखि अपनाइएका प्रयासहरूले पितृसत्तात्मक विश्व परिवेश र अवधारणाका चलनचल्तीहरूलाई समन्वय तथा समायोजन गरी महिला र पुरूषबीच समान अधिकार, कर्तव्य तथा उत्तरदायित्वको परिवार, समाज, राष्ट्र तथा विश्व नै परिवेश निर्माणतर्फ अघि बढिसकेको छ।

हुनत विश्वव्यापी मानव अधिकार घोषणा सन् १९४८ र नागरिक, राजनीतिक अधिकार तथा सामाजिक, आर्थिक, सांस्कृतिक महासन्धिहरूले महिला र पुरुषलाई समान अधिकार प्रतिपादन गरेको छ भने महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि सन् १९७९, बेइजिङ भावी विकास कार्ययोजना सन् १९९५, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव 'प्रस्ताव नम्बर १३२५ र १८२०' मा महिला सशक्तीकरण समानताका लागि अपनाइएका महत्वपूर्ण प्रमुख दस्तावेजहरू (Documents) रहेका छन्। यी प्रतिवद्धताहरूको कार्यान्वयनले गर्दा २१औं शताब्दीका महिलाहरू संविधानप्रदत्त व्यवस्थाअनुरूप देशको राजनीतिक तथा राज्य सरकारमा समान सहभागी र मौलिक अधिकार तथा कर्तव्य बहन गर्ने समान नागरिक स्तरमा पुगिसकेका छन्। यसका साथै शिक्षित, स्वस्थ र श्रम बजारमा क्रियाशील नागरिक भएकाले देश विकास तथा गार्हस्थ उत्पादनमा अमूल्य योगदान पुऱ्याउने नागरिक तथा सरकारी नीति तथा गैरसरकारी क्षेत्रको निर्णय स्तरमा नेतृत्व प्रदान गर्ने निर्णयकर्ता पनि छन् भने प्रमाण विभिन्न अध्ययन CEDAW को प्रतिवेदन, राष्ट्रिय प्रतिवेदन तथा संयुक्त राष्ट्रसंघबाट प्रत्येक वर्ष प्रकाशित हुने महिला विकास सूचकहरूले तथ्यांक सहित प्रस्तुत गरेको छ।

नेपालको सन्दर्भमा

क्रमशः छैटौं योजनादेखि संयुक्त राष्ट्रसंघको सहयोगमा नेपाल सरकारले लैंगिक समानता र महिला विकाससम्बन्धी मानवअधिकार तथा अन्य महासन्धिहरूमा हस्ताक्षर गरेर सहमति जनाएको छ। यसअनुसार छैठौं योजनादेखि महिला विकास, लैंगिक समानता र विकास नीति क्रमशः अपनाएको छ। यी प्रयासहरूको उपलब्धी र प्रभावलाई लैंगिक समानता र महिला सशक्तीकरणको पृष्ठभूमिमा मूल्यांकन र विश्लेषण गरी हेर्दा नेपाली महिलाको राजनीतिक, सामाजिक तथा आर्थिक समुन्नतिमा समानता र सहभागिता भएको छ। यी उपलब्धीहरू भएता पनि महिला, जनजाति र सीमान्तकृत समूह निर्णायक भूमिका निर्वाह गर्ने तथा प्रभाव पार्ने स्थितिमा पुग्न बाध्यात्मक व्यवस्था हुनुपर्ने आवश्यकतालाई पनि औंल्याउन सकिन्छ।

> **"देशको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुरूप राज्य सञ्चालनका लागि व्यवस्थित संघीय प्रदेश र स्थानीय स्तरमा महिलाको सहभागिता, नेतृत्वमा निर्णायक प्रतिनिधि हुनुपर्ने आवश्यकतालाई औंल्याइएको छ।"**

पितृसत्तात्मक राजनीतिक, सामाजिक, आर्थिक कानुन तथा व्यवहारहरू, सशस्त्र द्वन्द्व तथा प्राकृतिक प्रकोपहरूले निम्त्याएका महिलासम्बन्धी समस्याहरू, गरिबीको असर आदि कारणले गर्दा महिला सशक्तीकरण निर्णायक भूमिका प्रभावकारी हुन सकेको पाइन्न। यसमा पनि विशेषगरि राजनीति र राज्य सञ्चालनका तीन अंगहरू व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकामा महिलाहरूको सहभागिताको समान तथा नेतृत्वमूलक भूमिका पनि न्यून रहेको संविधान सभामा नै सकारात्मक व्यवस्था गरिएको छ।

नेपालको संविधान र महिला सहभागिता

नेपालको संविधानको प्रस्तावनामा लैंगिक विभेद अन्त्य गरी आर्थिक समानतामा सम्वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको सृजना गर्ने संकल्प गरिएको छ। जस अनुरूप देशको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुरूप राज्य सञ्चालनका लागि व्यवस्थित संघीय

---

* सामाजिक अर्थशास्त्री, कार्यसमिति सदस्य, स्वशासन अध्ययन प्रतिष्ठान

दुर्गम क्षेत्रमा महिला सशक्तीकरणको एउटा नमूना । फोटो : युनिसेफ

प्रदेश र स्थानीय स्तरमा महिलाको सहभागिता, नेतृत्वमा निर्णायक प्रतिनिधि हुनुपर्ने आवश्यकतालाई औंल्याइएको छ ।

महिला सहभागिताका लागि गरिएको आरक्षण व्यवस्थालाई केलाई हेर्दा नेपाल अधिराज्यको संविधान २०४७ ले संसद निर्वाचनका लागि ५ प्रतिशत महिला उम्मेदवारी हुनुपर्ने र २० प्रतिशत गाउँ विकास समिति, नगरपालिकामा निर्वाचित सदस्यहरू हुनुपर्ने व्यवस्थाबाट थालनी भएको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले ६०१ संविधान सभाको कूल निर्वाचित सदस्यहरू मध्ये ३३ प्रतिशत महिला हुनुपर्ने बाध्यात्मक व्यवस्था गरेअनुरूप ३३ प्रतिशत महिला सांसदहरू संविधान सभामा सहभागिता गराइएको थियो । यसले राजनीति र राज्य सञ्चालनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । वर्तमान नेपालको संविधानले व्यवस्था गरेअनुरूप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको राज्य सञ्चालनका लागि संघीय, प्रादेशिक र स्थानीय शासन व्यवस्थामा विभाजन गरी राष्ट्राध्यक्ष र उपराष्ट्राध्यक्षका लागि राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था गरेको छ (भाग ६) ।

यस सम्बन्धमा लैंगिक समानता र महिला सशक्तीकरणको सिद्धान्तलाई आत्मसात गरी राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिंग र समुदायको हुने व्यवस्था गरिएको छ (धारा ७०) । यसरी यस संविधानले आरक्षण व्यवस्थालाई प्रदेश र स्थानीय राज्य सञ्चालन तहमा बाध्यात्मक आरक्षण व्यवस्था अपनाएको छ । अर्थात् राज्य सञ्चालन तथा नेतृत्व तहमा महिला सशक्तीकरण र सहभागितालाई व्यवहारमा सार्थक बनाउन संविधानको धारा र अन्तर्गत कानुनबाट कानुनी बाध्यात्मक व्यवस्था अपनाएको छ ।

जसअनुसार संघीय व्यवस्थापिकाको प्रतिनिधि सभाको कुल सदस्य र संख्यामा एक तिहाई सदस्य महिला हुनुपर्ने र कुनै राजनीतिक दलको एक तिहाई सदस्य महिला नभएमा आफ्नो दलबाट संघीय संसदमा निर्वाचित हुने कूलसदस्यको कम्तिमा एक तिहाई महिला सदस्य हुने गरी निर्वाचन गर्नुपर्छ । यसमा समानुपातिक प्रतिनिधित्व हुनेगरि समावेश गर्नुपर्ने हुन्छ । त्यस्तैगरि, राष्ट्रिय सभाको ५९ निर्वाचित सदस्यमध्ये तीन जना महिला, एक/एक जना दलित, अपांग र अल्पसंख्यक गरी ५६ निर्वाचित र राष्ट्रपतिबाट मनोनयन हुने एक जना महिलासहित तीन सदस्यहरू हुने व्यवस्था छ । प्रदेश कार्यपालिका र व्यवस्थापिकामा समानुपातिक व्यवस्थाअनुरूप महिलाको सहभागिता हुने व्यवस्था छ ।

संविधानले स्थानीय तहलाई राज्य सञ्चालन र राज्यशक्तिमा संरचनात्मक व्यवस्था गरी गाउँपालिका, नगरपालिका र जिल्ला सभाको व्यवस्था गरेको छ । गाउँ र नगरपालिकामा संविधानको अधिकारमा रही स्थानीय तहको कार्यपालिका र व्यवस्थापिकाको अधिकार क्रमशः गाउँपालिका र नगरपालिका तथा गाउँसभा र नगरसभामा निहित हुने व्यवस्था गरिएको छ । संघीय कानुन बमोजिम गाउँपालिका र नगरपालिकामा अध्यक्ष र उपाध्यक्ष प्रमुख र उपप्रमुख फरक-फरक लिंगका र समुदायका हुनुपर्ने व्यवस्था गरिएको छ । यसका साथै गाउँसभा र नगरसभामा एक वडाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्यहरू महिला, दलित र अल्पसंख्यक समुदायबाट निर्वाचित सदस्यहरू हुने व्यवस्था गरिएको छ । यसरी महिला सहभागिताका साथै सीमान्तकृत, जनजाति महिलाहरूको समावेशी सिद्धान्तलाई यस संविधानले आत्मसात गरेको पाइन्छ ।

नेपालको संविधानले गरेको यस बाध्यात्मक सकारात्मक आरक्षण व्यवस्थाले वैशाख ३१ गते २०७४ सालमा भएको पहिलो चरणको निर्वाचन परिणाममा राष्ट्रको स्थानीय स्तरको राज्य सञ्चालनमा महिला सहभागिता तथा नेतृत्वमा निर्वाचित महिलाको संख्यामा उत्साहजनक वृद्धि भएको छ । प्रथम चरणको निर्वाचनमा तीन प्रदेशको ३४ जिल्लामा २८३ स्थानीय तहमा ३५५६ पदका लागि निर्वाचन भएको थियो ।

भरतपुर महानगरपालिका बाहेक २८२ स्थानको मतपरिणाममा जम्मा १३,४०९ सदस्यहरू निर्वाचित भए । यसमध्ये ५,१६२ (३८%) महिला निर्वाचित छन् । जसमध्ये नगरपालिकाका प्रमुखमा ४, गाउँपालिका अध्यक्षमा ८, उपाध्यक्षमा १५३, महिला निर्वाचित सदस्य २,४५६, दलित २,२३० र खुलामा १०० जना रहेका छन् । यी निर्वाचितहरूले संविधानको अधिनमा रही कार्य गर्ने गरी संविधानको अनुसूची ८ र ९ मा क्रमशः स्थानीय तहको अधिकार र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको कार्यसूची विवरण दिइएको छ जसमा महिलाहरूको पनि निर्णायक भूमिका रहनेछ ।

स्थानीय तहको अधिकार सूचीका स्थानीय तहको तथ्याङ्क संकलन, अभिलेख संकलन र व्यवस्थापनमा आधारभूत शिक्षा, स्वस्थ्य, स्थानीय सडक, ग्रामीण सडक सिँचाइ, कृषि र विकास आदि पर्छन् भने प्रशासनिक तथा आर्थिक व्यवस्थाका कार्यहरू पर्दछन् । यसका साथै स्थानीय न्यायिक कार्य र शान्ति सुरक्षासम्बन्धी कार्य पनि समावेश गरिएको छ । अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहमा समन्वय तथा सहकार्य गरी सञ्चालन गर्नुपर्ने विकास कार्य, सामाजिक सुरक्षा यातायात व्यवस्थासम्बन्धी कार्यहरू सूचीकृत गरिएको छ ।

निर्वाचित महिला सदस्यहरूका चुनौती

निर्वाचित महिला सदस्यहरूको यस संख्यात्मक वृद्धि उत्साहजनक भएता पनि यस व्यवस्थाले प्रदान गरेको अवसरहरूको पूर्ण कार्यान्वयन गरी महिला नेतृत्वलाई व्यवहारमा उतार्दै वास्तविक समतामूलक समाज विकास गरी राष्ट्रको उत्थान गर्ने उत्तरदायित्व सामु आएको छ । तर पनि यसमा देखिएका चुनौतिहरू निम्नअनुसार छन् :-

- देशको राजनीति र राज्य सञ्चालनमा भएको पितृसत्तात्मक संरचना र व्यवहारले गर्दा शक्ति संरचनामा पुरुष नै रहेको छ भने महिलाको चुप लाग्ने बानीले महिलासम्बन्धी सम्वेदनशील विषय र अन्य निर्णयहरूमा प्रभावकारी नेतृत्व लिन नसक्नु ।
- ऐन-कानुन, नियमन र नीतिहरू अझै पनि लैंगिक समानतामुक्त नभएको महिला समानताका प्रयासहरू प्रभावकारी हुन नसक्ने तथा राजनीति र निर्वाचन प्रकृया खर्चिलो भएकाले आर्थिक स्रोतका कारण नेतृत्वदायी पदहरूमा महिला सहभागितामा कमी हुनु ।
- राजनीति तथा निर्वाचनहरूमा हुने द्वन्द्व तथा महिलाविरूद्ध हुने हिंसाका घटना तथा सम्भावनाहरूले गर्दा महिला अगाडि बढ्न नसक्नु ।
- महिलाले आर्जन गरेको सम्पत्तिमा अझै पनि महिलाको स्वामित्व र हक न्यून देखिनु ।
- राजनीतिक तथा राज्य सञ्चालनका लागि आवश्यक अनुभव र शिक्षाको अवसरको कमी हुनुका कारण महिला नेतृहरूको कार्य सम्पादनमा प्रश्न उठ्नु ।
- प्रजनन् स्वस्थ तथा बच्चाहरूको रेखदेखका साथै घरपरिवारको जिम्मेवारीले गर्दा राज्य सञ्चालनमा नेतृत्वले माग गरेबमोजिम समय तथा प्रविधि संलग्नतामा उपलब्धिमूलक सहभागी हुन नसक्नु ।

अबको बाटो

राज्य सञ्चालनमा महिला सहभागिता र सशक्तीकरण वर्तमान युगको अपरिहार्य माग हो । नेपाली महिलाको नेतृत्वदायी भूमिका संख्यात्मक रूपमा दक्षिण एशियाली राष्ट्रहरू विषेशगरि पाकिस्तान, भारत, बंगलादेशको भन्दा राम्रो छ । गुणात्मक वृद्धि गर्न बाँकी छ ।

आगामी चरणमा हुने स्थानीय निर्वाचनले पनि महिला सहभागिता बढी हुने स्पष्ट छ भने प्रदेश तथा संघको निर्वाचनबाट महिला सहभागिता अझ बढी हुने स्पष्ट छ । राष्ट्रका प्रमुख पदहरू राष्ट्रपति, सभामुख र प्रधानन्यायाधीश महिला भएको राष्ट्रमा नेपालमात्र एक हो । वैशाख ३१ गते सम्पन्न प्रथम चरणको स्थानीय निर्वाचनले राजनीतिमा महिलाको सहभागिता उल्लेखनीय वृद्धि भएको छ अझ महिला-पुरुष बीचको प्रमुख र उपप्रमुख पदमा भएको लिंग र समुदायमा फरक हुनुपर्ने व्यवस्थाले स्थानीय सरकारको निर्णय प्रकृयामा महिला नेतृत्व बढेको हो ।

अब महिला सहभागितालाई उपलब्धिमूलक तथा प्रतिफलदायी बनाउन प्राविधिक तथा सामाजिक परिवेशमा अझै बलिया पाइलाहरू चाल्नु पर्ने देखिन्छ । विकासको परिप्रेक्ष्यमा महिलाका लागि लगानी (Investment in women) का एकीकृत कार्य योजनालाई प्राथमिकतामा राख्नुपर्छ । यस कार्ययोजनामा राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रहरूमा साथै सञ्चार क्षेत्रहरू समावेश गरिएको हुनुपर्छ । निर्वाचित महिलालाई लक्षित गरी क्षमता अभिवृद्धिका लागि गर्नुपर्ने भविष्यका पाइलाहरू निम्न अनुसार सूचीकृत गरिएका छन् :-

- गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगर-पालिकाहरूमा संविधानप्रदत्त कार्यहरूमा उत्तरदायित्व बहन गर्न मौजुदा लैंगिक समानतामूलक नीति ऐन/नियमहरू परिमार्जन गर्ने र नयाँ निर्माण गर्ने । निर्वाचित महिलाका लागि विशेष तालिमको व्यवस्था गर्ने ।
- परम्परागत पितृसत्तात्मक सामाजिक तथा धार्मिक चलनचल्तीका व्यवहारहरूमा छोराले जस्तै छोरीको पनि उत्तरदायित्य हुने भन्ने बुझाईलाई व्यवहारमा ल्याउने र सञ्चार माध्यमहरूलाई परिचालन गरी जनचेतना वृद्धि गर्न विविध कार्यहरू सञ्चालन गर्ने ।
- घरभित्रका कार्यहरूमा परिवारका सबै सदस्यलाई 'हामी सबैको काम हो' भन्ने अवधारणा आत्मसात गराएर मिलेर काम गर्ने पारिवारिक वातावरण सृजना गर्ने ।
- घरगृहस्थीका लागि भान्छाको सामान प्रयोगमा विद्युतीय सामान प्रयोग गर्न प्रोत्साहन गर्ने र यी सामानहरूमा कर सहुलियत सुविधा प्रदान गर्ने ।
- संघ, प्रदेश र स्थानीय सरकारबीच संस्थागत सञ्जालको विस्तार गरी विकासका कार्यहरूका लागि समन्वयको वातावरण सृजना गर्ने । संयुक्त आयोजना सञ्चालन, सांस्कृतिक एवं आर्थिक अवलोकन भ्रमण आदि कार्यहरू सञ्चालन गरी विकासमा महिला पुरुषको समान सहभागितालाई गराउने ।

सन्दर्भ-सामाग्री

१. नेपालको संविधान २०७२

२. संघीय राज्यमा राजधानी स्वायत्त मेट्रोसिटी, नेपाल नगरपालिका संघ

३. नगर सरकारको सूचना

❖❖❖

अवको विकास

'समावेशी विकास'

'हामी शिल्पी हौं, दलित होइनौं'

– डा. दुर्गाप्रसाद पौड्याल*

वसन्तप्रताप सिंहको खोजमूलक समाचार 'जता मालिक उतै भोट' (कान्तिपुर ३० जेठ २०७४) पढ्दै थिएँ। बझाङ्ग जिल्लाको कैलाश गाबिस-५ का दलित बस्तीको आगामी चुनावसँग जोडिएका कथाव्यथा समेटिएका रहेछन्। प्रथम पृष्ठमा छापिएको फोटोले त्यहाँको जनजीवनलाई सजिव चित्रण गरेको छ।

१२० घरपरिवार भएको दलित बस्तीमा मूलतः पुस्तौंपुस्तादेखि अर्काको जग्गामा बसेर दैनिक ज्यालादारीबाट जीविकोपार्जन गर्नेको संख्या अधिक रहेछ। त्यसैले चुनावमा आफ्नै जग्गामालिकलाई भोट दिएर जिताउनुपर्ने बाध्यता रहेछ। नजिते उनीहरू नै दोषी देखिन्छन्। २०७० सालको संविधान सभाको निर्वाचनमा कोइरालाकोट बिस्खेतका १८ दलित परिवारले कुटाइ खानु पऱ्यो। अब फेरि चुनाव आउन लागेको अवस्थामा कोइरालाकोट बिस्खेतकी ६५ वर्षीया चारबुटी दमाईलाई डर लाग्न थालेको रहेछ।

त्यस्तैमा, आमालाई कसैले फोनबाट 'नेत्रेको छोरो झुण्डिएर मऱ्यो' भन्ने समाचार सुनायो। हाम्री कान्छी फुपूको नाति झुण्डिएर मरेको खबरले स्तब्ध हुँदै आमाले सोध्नुभभो 'के भएर झुण्डिएछ ?' उत्तर आयो, 'खै, दुई वर्षअघि त्यहींकी एउटी दमिनीसँग बिहे गरेको थियो रे। सबैले गाली गरे होलान्। त्यसैले हो कि अरू केही पऱ्यो थाहा छैन।' दलितसँग बिहे गरेका कति युवा (युवक/युवती) ले समाजसँग जुध्न नसकी यस्तै घटना घटेका उदाहरण हेरेर त्यस्तो अनुमान गरेको होला। आमाले पनि त्यस्तै गाली गरेर निचोड निकाल्नु भयो, 'सकिएको पातकी नै रहेछ।' मलाई ननिको लाग्यो। मेरी

कान्तिपुरबाट साभार

८९ वर्षकी आमाको त्यो प्रतिक्रिया स्वाभाविक होला। तर हाम्रो समाज तीव्र गतिमा रूपान्तरण हुँदोछ। त्यसमा म आफैं पनि पैरवी एवं सहजीकरणमा लागेको छु।

'दलित' सँग बसेर उनीहरूले नै सिलाएका कपडा लगाएर उनीहरूले कुँदेका मूर्तिमा सँगै पूजा लगाउन नसके पनि एनजीओहरूको कार्यक्रम र संगतले कामका सिलसिलामा उनीहरूसँग 'लन्च' वा 'डिनर र ड्रिङ्क' सम्म गर्ने गरेको छु। त्यसैले मुलुकका प्रायः सबै भागमा छरिएर बसेका नागरिकलाई हाम्रो पुस्ताले पनि यस्तै छोडी दिने हो कि उनीहरूलाई समाजले मानसिक रूपमा स्वीकार्ने अवस्थामा पुऱ्याउन सघाउने ? के त्यस्तो सामाजिक अन्तरघुलनका लागि हाम्रो पुस्ता तयार छ ? प्रस्तुत आलेखमा ग्रामीण स्वावलम्वन विकास केन्द्रद्वारा बझाङ्ग जिल्लाको छान्ना क्षेत्रमा सञ्चालन गरिएको स्वावलम्बन कार्यक्रमको अनुभवका आधारमा यिनै प्रश्नहरूमा केही विवेचना गर्ने प्रयास गरेको छु।

विपन्नताबाट मुक्तिका लागि स्वावलम्वन कार्यक्रम

हाम्रा सुदूर गाउँबस्तीमा बसोबास गरेका कथित दलित समुदायहरू इतिहासका विभिन्न कालखण्डमा विविध कारणहरूले जातच्यूत गरिएका तथा स्रोत र साधनमा पहुँच नपुग्नाले सीमान्तीकृत हुँदै गएका विपन्न समुदायमा पर्छन्। कुन ऐतिहासिक पृष्ठभूमिमा उनीहरू दलित भए र जग्गाजमिनबाट वञ्चित भए भन्ने अध्ययन अनुसन्धान भएको छैन। त्यसमाथि ऐतिहासिक कालदेखि थोपरिएका कतिपय संस्कारले गर्दा उनीहरूसँग भएको क्षमताको उपयोग गरी उनीहरू आफैं गरिबीबाट पार पाउन सक्तैनन्।

बझाङ्गका दलित बस्तीकै सवालमा अधिकांश घरपरिवारहरू भूमिहीन छन्। अर्काको जमिन अधियाँमा कमाउने र दैनिक ज्याला-मजदुरी गरेर जीविकोपार्जन चलाएका छन्। अप्ठ्यारो पर्दा साहुसँग मासिक सयकडा ५ रूपैयाँसम्मको चर्को ब्याजमा लिएको ऋणको साँवा तिर्ने त

* कार्यकारी प्रमुख, ग्रामीण स्वालम्वन विकास केन्द्र, काठमाडौं

कुरै छाडौं, ब्याजबापत वर्षौंदेखि साहुको हलो जोतिरहेका हुन्छन् । त्यस्तै, उनीहरूले हलो जोतेको श्रमलाई 'हलिया' प्रथाबाट, कृषि औजार तथा भाँडा बनाएको र मर्मत गरेकोमा 'खलिया' प्रथाबाट, विवाहमा डोली बोकेबापत 'डोलिया' प्रथाबाट, विवाह/ब्रतबन्ध/पूजाका भाँडाकुँडा माभ्ने, फोहोर सफा गर्ने काममा 'भुँड' प्रथाबाट वार्षिक रूपमा केही अन्न दिने प्रथाले गर्दा उनीहरू आफ्नो श्रम/सीपलाई प्रतिस्पर्धामा बेचेर आय-आर्जन गर्न सक्तैनन् । यस्ता यावत् कुराहरू बाहेक छोई-छिटो, बेग्लै पँधेरोजस्ता सामाजिक बहिष्करण समेतले उनीहरूमा हीनताबोध हुनु स्वाभाविक हो ।

ग्रामीण स्वावलम्वन विकास केन्द्रले सञ्चालन गर्दै आएको स्वावलम्बन अवधारणाले यो अवस्थालाई सामाजिक बहिष्करणमा परेका एवं विपन्न जनताले आफैंमाथि विश्वास गुमाउँदै गरेको अवस्था मान्छ । त्यसैले यसबाट मुक्तिका लागि आफूले आफैंलाई हीन वा कमजोर ठान्ने अवस्थाबाट मुक्त पारेर आत्मविश्वास जागृत गराउनु अपरिहार्य ठान्छ । यसका लागि लक्षित समुदायको आवश्यकता र क्षमता, उनीहरूको चाहना र समस्यालाई समेटेर लैजानका लागि उनीहरूकै सहभागिता आवश्यक हुन्छ । त्यसैले समाजका सबैभन्दा तल्लो तहका विपन्न वर्गको घरदैलोमा पुगी उनीहरूलाई आफ्नै श्रम, सीप र जाँगरमा स्वावलम्बी हुने प्रेरणा जगाउने यसको सञ्चालन विधि छ ।

यही अवधारणा अन्तर्गत ग्रामीण तहका विपन्न समुदायहरूको सामाजिक, आर्थिक, वातावरणीय तथा सुशासनमा सुधार गरी उनीहरूको जीवनमा तात्विक परिवर्तन ल्याउने उद्देश्यले बझाङ्ग जिल्लाको छान्ना छेत्रका पहिलेका ६ गाविस क्रमशः गडराय, पाटादेवल, कालुखेती, माझीगाउँ, लामातोला र पौवागढीमा सन् २०१३ देखि विपन्नताबाट मुक्तिका लागि स्वावलम्वन कार्यक्रम सञ्चालन भएको हो । यसमा प्रयोग गरिएका केही कार्यक्रमहरू यहाँ प्रस्तुत गरिएको छ :-

१. संगठित क्षमता विकास

छरिएर रहेका विपन्न घरपरिवारको सामुदायिक क्षमता विकास गर्नका लागि आय-आर्जन समूह गठन गर्ने विधिअनुरूप सम्बन्धित टोलबस्तीमा रहेका महिला दलित समाजसेवी र सामाजिक अगुवा आदिको भेला गराई स्वावलम्बन कार्यक्रमको परिचय, संस्थाका मुख्य उद्देश्यहरू, स्वावलम्वन कार्यक्रम सञ्चालन पद्धति, सञ्चालन गरिने कार्यक्रमसम्बन्धी जानकारी एवं छलफल गराई समूह गठन गरिन्छ । सोहीअनुसार छान्ना क्षेत्रका ६ वटै गाविसमा २९ वटा आयआर्जन समूह गठन भई कूल १०७५ घरधुरी समेटिएका छन् ।

आय-आर्जन समूहको नियमित बैठक, बचत संकलन तथा परिचालन व्यवस्थित रूपले हुने गर्दछ । २०१६ डिसेम्बर सम्मको कूल कोष ९ लाख ७७ हजार ९ सय १२ रहेको छ जसलाई उनीहरूले घरायसी काममा आइपर्ने सानातिना समस्या समाधान लगायत स-साना आय-आर्जनका कामका लागि सस्तो सुलभ ब्याजदरमा आय-आर्जन समूहभित्रै ऋण दिने गर्दछन् ।

२. करेसाबारीको विकास

त्यस क्षेत्रमा खाद्यान्नका रूपमा सागसब्जी खाने चलन विरलै थियो । बाहिरबाट जाने पाहुनालाई तरकारीका रूपमा सत्कार स्वरूप चाउचाउको झोल दिने चलन थियो । स्वावलम्बन कार्यक्रमपछि मौसमी तथा बेमौसमी तरकारी तालिम र उपयुक्त बीउ उपलब्ध गरियो । परिणाम स्वरूप यतिबेला कार्यक्रम क्षेत्रमा जतातत्तै करेसाबारी देखिन्छ । सागसब्जी खाने चलन बढेको छ । केही परिवारले बिक्री गरेर आम्दानी पनि लिन लागेको, उन्नत अन्नबाली गहुँ र धान लगाएर उत्पादनमा वृद्धि भएका छन् । किसानलाई थप प्रोत्साहित गर्ने उद्देश्यले वर्षमा एकपटक कृषि मेला प्रदर्शनी आयोजना भएको छ । यस वर्ष पनि गएको कात्तिक २० गते गडराय गाविसको प्राङ्गणमा कृषि प्रदर्शनी भयो । जिल्ला कृषि विकास कार्यालय, इलाका कृषि सेवा केन्द्र, गाविसका पदाधिकारीहरू सो मेलामा सम्मिलित थिए । सहभागी सबैजना प्रदर्शनीबाट अत्यन्तै प्रभावित भए ।

त्यस्तै, बेमौसममा पनि तरकारी उत्पादन गर्न सक्ने बनाउन, तरकारी लगाउने तौरतरिका र रोग कीरा नियन्त्रण टनेल वा प्लाष्टिक घर व्यवस्थापन र निर्माणसम्बन्धी विषयको

ज्ञान हासिल गराउने उद्देश्यले ३ दिने बेमौसमी तरकारी खेती तालिमको आयोजना गरियो । तालिमपछि ५ जना किसानले टनेलमार्फत् बेमौसमी तरकारी खेती गरिरहेका छन् ।

४. फलफूलको विकास

छान्ना क्षेत्रको धेरैजसो डाँडाहरू खाली छन् । त्यहाँ उन्नत जातका फलफूलको विकास गरेर रोजगारी र आम्दानीका अवसरहरू बढाउने हो भने त्यहाँका युवाले भारत गएर रोजगारी गर्नुपर्ने थिएन । दीर्घकालिन सोच राखेर किसानसँगको साझेदारीमा ५ वटा

सफलताको कथा

गडराय गाविसका वडा नं. २ सार्की टोलका ५२ वर्षीय डबलबहादुर सार्कीले प्लाष्टिक टनेलमा बेमौसमी तरकारी व्यवसायको सुरुआत गरेका छन् । उनका छोराबुहारी समेतले उनलाई करेसाबारी तरकारीमा सघाउँदै आएका छन् । उनको जमिन पत्थरिलो छ । उनले बाहिरबाट माटो ल्याएर खेती गरेका छन् । उनको टनेलमा लगाएका सबै प्रकारका तरकारी हेर्नलायक छन् । आफू एक विपन्न भूमिहीन दलित भएर पनि सानो प्रयासबाट उनले ठूलो उपलब्धी हासिल गरेका छन् । आफ्नै घरसँग जोडिएको भिरालो जग्गामा उनले तालिमपछि करेसाबारी बनाउन साहस गरे ।

तरकारीबारीमा डबलबहादुर सार्की

करिब आधा रोपनी भिरालो जमीनमा तरकारी (जसमा बन्दाकोपी, काउली, मूला, रायो, धनियाँ, प्याज, टमाटर र गाजर) लगाए । योभन्दा पहिला आफूले तरकारीको बारेमा केही पनि थाहा नपाएकाले यस्तो काम गर्न सक्दैन कि भन्ने पनि उनलाई डर लागेको थियो । तर मेहेनत र लगनशीलताले गर्दा उनी सफल भए । विगत २०७० सालको भदौबाट तरकारी खेती सुरु गरेका सार्कीले हाल आफ्नो बारीमा बन्दाकोपी, रायो, मूला, धनियाँ र गाँजर लगाएर तरकारी उत्पादन गरी गडरायमा रहेको पञ्च रोकायाको होटेलमा तीन हजार रुपैयाँको र गाउँमा हुने विवाह भोज आदिमा दुई हजार रुपैयाँको गरी जम्मा ५ हजार रुपैयाँको तरकारी बिक्री गरी आम्दानी गरेका छन् । घरमा उनको दैनिक तरकारी पाक्ने गरेको छ । सुत्केरी बुहारी मनाको स्वास्थ्यका लागि पनि उनले तरकारी खान जोड दिएका छन् ।

कृषि क्षेत्र उनको बिषय होइन । किनभने उनीसँग जग्गा छैन । भएको जग्गा कमेरे माटो र ढुंगा भरिएको छ । टनेल खेतीका लागि माटो एक किलोमिटर तलबाट बोकेर ल्याउनुपर्ने ठाउँमा कसरी तरकारी खेतीबाट उन्नति गर्नु ? के गर्ने त ?उनी भन्छन्, 'खै, कुखुरा पाल्ने तालिम लिइयो तर मधेसबाट चल्ला ल्याएर पाल्नै सकिएन । बरु बाबुबाजेदेखि सिकेर आएको छालाको काम गर्न पाए उन्नति गर्न सकिन्थ्यो होला ।' उनी थप्छन्, 'यत्रो छालाका सामग्री विदेशबाट आउँछ । किन यहीँ छाला उत्पादन गर्न सकिँदैन ? छाला बिनाको मासु खाने चलन बसाएदेखि हरेक घरमा दसैंमा काटिने खसीको छाला संकलन गर्न सकिन्छ । त्यस्तै, सस्तो मासुका लागि बुढी बाखी, भैंसी काट्न प्रोत्साहन गरेमा गरिबले मासु खाने र छाला पनि प्रयोग हुन सक्थ्यो । त्यस्तोमा अनुसन्धान, तालिम तथा लगानी भए सबै सार्की समुदायले रोजगारी पाउन सक्छन् ।

हाम्रा गाउँबस्तीका सीमान्तकृत इलाकामा छरिएर रहेका दलित एवं विपन्न परिवारहरूलाई सामुदायिक तहका समूहहरूमा संगठित गरी सामूहिक काम गर्न अभ्यास गराउने, नियमित बचतको माध्यमबाट पूँजीको संकलन गराउने र आयआर्जनका विविध क्रियाकलापमा त्यही पूँजीलाई सुलभ ब्याजदरमा लगानी गर्न प्रोत्साहित गरी रोजगारी र आम्दानीका अवसर सृजना गर्नेसम्मका काम गैरसरकारी संस्थाले गर्न सक्छ ।

गाविसमा ९ वटा फलफूल नर्सरी स्थापना गरिएको छ जसबाट एक लाखभन्दा बढी बिरुवाहरू उत्पादन गर्न लागिएको छ ।

५. कुखुरापालन

गडराय गाविस-२ को दलित बस्ती जसमा पनि अति विपन्न सार्की टोलमा रहेका २२ जना भगवती आयआर्जन समूहका सदस्यहरूको जीविकोपार्जनमा सुधार ल्याउन तथा उनीहरूलाई व्यावसायिक बनाउने उद्देश्यले ३ दिने कुखुरापालन तालिमको आयोजना गरिएको थियो । तालिममा कुखुरापालनसम्बन्धी किसानलाई आवश्यक पर्ने ज्ञान सीपको विषयमा छलफल गरिएको थियो । तराईबाट ल्याउँदा कुखुराको चल्ला मर्ने जोखिम, ढुवानीको व्यवस्था, तराईमा चलेको आन्दोलन, भारतीय नाकाबन्दीजस्ता यावत समस्याका कारण चल्ला वितरण गर्न सकिएन ।

६. जनचेतना अभिवृद्धि

नागरिक अधिकारका लागि जनचेतना अभिवृद्धि गर्नका लागि सामाजिक असमानता, दलित, महिलाप्रतिको भेदभाव, घरेलु हिंसा, छाउपडी प्रथा उन्मूलन जस्ता चेतनामूलक अभियानहरू सञ्चालन गरियो । दलित अधिकारका सवालमा पैरवी गर्न र उनीहरूको हकहितका लागि समुदाय स्तरमा आवाज उठाउन, परम्परागत रूपमा समुदायमा जकडिएर रहेको जातीय छुवाछुतको अन्त्य गर्नका लागि नियमित रूपमा दलित सञ्जाल गठन भएदेखि हालसम्म ६ वटा मासिक बैठकको आयोजना गरिएको छ । हाल दलित सञ्जालले समुदायमा मासिक रूपमा बचत संकलन, लगानी व्यवस्थापन लगायतका कार्यहरू गर्दै आएको छ । गाविसस्तरमा पहिलादेखि गरिने जातीय छुवाछुतमा पनि तालिम गोष्ठी आदिमा सहभागीहरूले अलग्गै बसेर चियानास्ता खाने चलनबाट दलित र गैरदलितसँगै बसेर खान थालेका छन् ।

हामी शिल्पी हौं दलित होइनौं

हाम्रा गाउँबस्तीका सीमान्तकृत इलाकामा छरिएर रहेका दलित एवं विपन्न परिवारहरूलाई सामुदायिक तहका समूहहरूमा संगठित गरी सामूहिक काम गर्न अभ्यास गराउने, नियमित बचतको माध्यमबाट पूँजीको संकलन गराउने र आयआर्जनका विविध क्रियाकलापमा त्यही पूँजीलाई सुलभ ब्याजदरमा लगानी गर्न प्रोत्साहित गरी रोजगारी र आम्दानीका अवसर सृजना गर्नेसम्मका काम गैरसरकारी संस्थाले गर्न सक्छ । ग्रामीण स्वावलम्वन विकास केन्द्रले बझाङ्ग जिल्लाको छान्ना क्षेत्रमा गरेको त्यतिमात्र हो । यसलाई राज्यले अपनत्व लिई संस्थागत रूपमा अगाडि बढाउन सकेको खण्डमा सीमान्तकृत वर्गलाई मूलधारमा ल्याउन सकिन्छ भन्ने मान्यता हो ।

विभिन्न ऐतिहासिक कारणले समाजमा दलित र अपहेलित रूपमा रहेका समुदायहरूलाई पनि यस्तै सामाजिक परिचालनको माध्यमबाट संगठित हुन र आत्मविश्वास बढाउन गैरसरकारी संस्थाहरूले मद्दत पुऱ्याउन सक्छन् । तिनीहरूको संरचनात्मक पृष्ठभूमिलाई समेत प्रभाव पार्ने तहको सुधार गर्ने हैसियत राज्यले मात्र राख्छ । तर यहाँ उठाउन खोजिएको बिषय के भने हाम्रो समाजमा रहेका विभिन्न शिल्पीहरू जस्तै कामी, दमाई, सार्की, गाईने, कुशुले, वादी, चमार, पोडे, आग्री, चदारो, चुरौटे आदिलाई 'दलित' मानेर मूलधारमा ल्याउने विधि नै गलत भयो । किनभने उनीहरू 'दलित' नभएर शिल्पकार हुन् । उनीहरूले पुस्तौंदेखि आर्जन गरेको शिल्पको विकासमा अनुसन्धान एवं लगानी गरेर प्रतिस्पर्धी क्षमता बढाउन मद्दत गर्ने हो भने उनीहरू आफैं माथि आउन सक्छन् । यसका लागि अब

अबको विकासको सोच उक्त लक्ष्य प्राप्त गर्ने गरी स्रोत, साधन र अवसरहरूको न्यायोचित वितरण गर्ने, पछि परेका जातजातिहरूलाई मूलधारमा ल्याउन मद्दत पुऱ्याउने खालको हुनुपर्छ । अझ, भाग ३ मा मौलिक हकको व्यवस्था गरी धारा ४० मा दलितको हक किटान गरेको छ । उक्त धाराको उपधारा (४) मा भनिएको छ, "दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।"

निर्वाचित भएर आएका स्थानीय तहका जनप्रतिनिधिले विशेष ख्याल गरी काम अघि बढाउनुपर्ने देखिन्छ ।

डबलबहादुर सार्कीले जति मेहेनत गरे पनि कृषिबाट उनको उन्नति हुने सम्भावना थोरै छ किनभने उनीसँग जग्गा छैन । त्यो सानो बारीभित्र एक किलोमिटर तलबाट माटो बोकेर ल्याएर जे जति फलाए त्यो उनको मेहेनतको फल मात्र हो । उनकै छोराछोरीले त्यसलाई त्यही रूपमा अगाडि बढाउने सम्भावना कम छ । त्यसैले उनले विचार गरेको आफ्नो जातिगत शिल्पलाई अगाडि बढाउने अवसर र लगानी पाए सार्की गाउँलाई नै सम्वृद्ध बनाउने सोच मननीय छ ।

केही वर्ष अगाडिसम्म ग्रामीण स्वावलम्वन विकास केन्द्रमा कार्यरत हरि बोमरेल (जो अहिले बुटवलमा बसेर छाला लगायतका व्यवसायमा संलग्न छन्) को तर्क पनि यही छ । उनी भन्छन्, 'हामीलाई दलितबाट माथि उठाउने सोंच नै गलत छ । किनभने हामी शिल्पी हौं दलित होइनौं । हाम्रो शिल्पको प्रयोग आर्थिक समृद्धिका लागि नभएर शोषणका लागि भयो । जस्तो मरेका गाईवस्तुका हाडछालाहरूको उत्पादनमुखी उद्योग खोलेको भए सम्भवतः छाला र हड्डीबाट बनेका सामग्रीको आयात प्रतिस्थापन हुने थियो होला । तर हामीलाई सिनो सोहोर्ने अछुतको रूपमा हेला गरिँदा न त राज्यले हाम्रो सीपको उपयोगबाट आर्थिक उन्नति गर्न सक्यो न त हाम्रो आर्थिक हैसियत बढ्न सक्यो ।' त्यस्तै, पाल्पा झडेवाका दमाईहरूले घरमा भएका पञ्चेबाजाहरूलाई फोरे किनभने उनीहरूलाई लाग्यो उनीहरूलाई अछुत बनाउने बाजा नै यही हो । तर बाजा फोरे पनि उनीहरू दलितबाट माथि उक्लेनन् । बरु बजारमा उच्च जातकाले 'बैण्ड बाजा' पसल खोलेर उनीहरूको पेशा पनि खोसिदिए भने तिनीहरूको जात पनि खसेन ।

त्यसैले, उनीहरूको शिल्पकै कारणले दलित भएका होइन रहेछन् । बरु आफ्नो आर्थिक तथा सामाजिक हैसियत बढाउन सक्ने तत्व उनीहरूको शिल्पकलामा रहेछ । त्यो सीपलाई कसरी आधुनिकीकरण गरेर आर्थिक उपार्जन गर्ने भन्ने ज्ञान उनीहरूसँग छैन । त्यसो गर्न सके डबलबहादुरले कल्पना गरेझैं बझाङमा उनले एउटा छाला कारखाना खोल्नेछन् जहाँ क्षेत्री र बाहुन पनि काम गर्नेछन् । त्यसबेला उनको जातको बारेमा कसले टाउको दुखाउँछ होला र ? उनी प्रश्न गर्छन् हाम्रा घरआँगनका फोहर र अप्ठ्यारा कामहरूबाट सम्वृद्धिको कल्पना गर्नेहरूलाई शिल्पी भन्ने कि अछुत दलित भन्ने ?

समावेशी विकासमा आजको सन्दर्भ

नेपालको संविधानले 'विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि, सामाजिक न्याय सुनिश्चित गर्ने' कल्पना गरेको छ । त्यसैले अबको विकासको सोच उक्त लक्ष्य प्राप्त गर्ने गरी स्रोत, साधन र अवसरहरूको न्यायोचित वितरण गर्ने, पछि परेका जातजातिहरूलाई मूलधारमा ल्याउन मद्दत पुऱ्याउने खालको हुनुपर्छ । अझ, भाग ३ मा मौलिक हकको व्यवस्था गरी धारा ४० मा दलितको हक किटान गरेको छ । उक्त धाराको उपधारा (४) मा भनिएको छ, 'दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।'

संविधानले स्रोत साधन र अधिकार सम्पन्न स्थानीय तहको परिकल्पना गरेको छ । स्थानीय तह जनताको नजिक हुने हुँदा स्थान विशेषको सम्भावनालाई उसले राम्ररी बुझ्न सक्छ भन्ने कुरा हो । स्थानीय तहको पुनर्संरचना भई निर्वाचन सम्पन्न हुने अवस्थामा पुगिसकेकाले अबको योजनाबद्ध विकासको परिकल्पना गर्दा स्थान विशेषको तुलनात्मक लाभ, जातजातिको सीप तथा रोजगारीको सृजना गर्ने सम्भावनालाई प्राथमिकता दिनुपर्छ । परम्परागत सीपलाई आधुनिकीकरण गर्ने कार्यगत अनुसन्धान, गैरसरकारी संस्थाहरूको सफल अनुभवहरूबाट सिक्ने परम्परा एवं नयाँ प्रविधिहरूको विकास तथा तालिमजस्ता कार्यक्रमहरूमा खर्च गर्ने चलन छैन ।

विगतदेखि सञ्चालन गरिएका क्रमागत योजनाहरू जस्तै बाटो, पुल, भवनजस्ता भौतिक संरचनाहरूको साथै यस्ता क्षमता विकासका कार्यक्रम पनि महत्वपूर्ण हुन्छन् भन्ने कुरा नयाँ नेतृत्वले बुझ्नुपर्छ । अबको स्थानीय सरकारले संविधानको भाग ४ को राज्यका निर्देशक सिद्धान्तले परिकल्पना गरेजस्तै 'नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता' दिनु पर्छ । त्यसो भएमा समावेशी विकास सम्भव छ ।

❖❖❖

कर्णाली कहरमा डोल्पा

"दुर्गम छ, सुगम बनाउनु छ"

कर्णाली अञ्चल सुदूर पश्चिममा पर्ने विकट अञ्चल । कर्णालीका ५ विकट जिल्लामध्येको एक डोल्पा । आजसम्म सडक सञ्जालले नछोएको जिल्ला तर मौसम अनुकूल भए हवाई सुविधासम्म त्यो पनि मुस्किलले पाइन्छ । डोल्पाको सदरमुकाम दुनै बजार, संघीयतामा प्रवेश गरेपछि घोषित दुनैमा पर्ने ठुलीभेरी नगरपालिका । डोल्पाबासीकै लागि ठुलो र भरपर्दो बजार पनि दुनै नै हो । ठुलीभेरीसँगै सीमाना जोडिएको डोल्पाको अर्को हालै घोषित नगरपालिका हो त्रिपुरासुन्दरी । उत्तरमा छिमेकी मुलुकसम्म सीमा जोडिएको भौगोलिक रुपमा मुलुककै ठुलो जिल्ला डोल्पामा बाँकी ६ वटा गाउँपालिका छन् ।

सडक नै नपुगेका गाउँपालिकाको विकासको कम अपेक्षा गरौं तर स्थानीय र जिल्ला विकास समितिमार्फत खनिएको जुफाल एयरपोर्टदेखि सदरमुकाम दुनै र त्रिपुरासुन्दरीको केही भाग पुगेको कच्ची सडकका दृष्टिले केही सहज मानिने त्रिपुरासुन्दरी नगरपालिकामा चन्द्रकुमारी बुढाले उपमेयर जित्नुभएको छ । नेकपा एमालेका तर्फबाट उहाँले १ हजार ८ सय ४५ मत ल्याउनुभएको छ भने उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका बुद्ध शाहीले १ हजार ५४ मत पाउनुभएको छ । मेयरमा जित्ने एमालेकै ओमबहादुर बुढाले पनि १ हजार ६ सय ९ मत र उहाँका प्रतिद्वन्द्वी कांग्रेसका डिल्ली बिष्टले १ हजार ५ सय ९१ मत ल्याउनुभएको थियो । ४ हजार ५ सय मतदातामध्ये ४ हजार २ सय ४३ मत खसेकोमा चन्द्रकुमारीले नै सर्वाधिक मत ल्याउनुभएको हो । कक्षा १० सम्मको अध्ययन गरेको बताउने उहाँले अबको ५ वर्षमा के के गर्नुहुन्छ ? गोपीकृष्ण ढुंगाना सँगको वार्तामा उपमेयर बुढा :

चन्द्रकुमारी बुढा
उपमेयर, त्रिपुरासुन्दरी नगरपालिका

तपाईले कसरी जित्नुभयो उपमेयर ?

एमालेमा २०५४ सालदेखि संगठनमा आवद्ध भएँ । यसबाहेक केही गरेको थिइनँ । विशुद्ध गृहिणी हुँ म । मैले धेरै पढेको पनि छैन, जम्मा टेस्ट पास हो । त्रिपुराकोट, ताहाडा, लिखु, लाहा र सु गरी साबिकका ५ गाउँ विकास समिति जोडेर सरकारले त्रिपुरासुन्दरी नगरपालिका बनायो । स्थानीय निर्वाचनको कुरो चल्यो, उठ्ने कुरो भयो । महिला भएकाले उपमेयरमा उठ्ने कुराले अघि बढें । मैले धेरै चुनाव प्रसार पनि गरेको थिइनँ, धेरै आश्वासन पनि बाँडेको थिइनँ तर यहाँका बासिन्दाले विश्वास गर्नुभएको छ ।

चुनावी नारा केही थियो ?

मैले प्रष्ट भन्नुपर्छ, कुनै जनतालाई हामी मेयर र उपमेयरले आश्वासन दिएनौं, नारा पनि केही थिएन । झुटा कुरा गर्नुभन्दा काम गर्नुपर्छ भन्ने छ हामीमा । आश्वासन दिएर भोलिका दिनमा काम गर्न सकेनौं भने जनतालाई धोका हुनेछ । बरु अहिले गाउँ गाउँ पुगेर अमूल्य मतका लागि धन्यवाद दिँदैछौं ।

अब के गर्नुहुन्छ ?

स्थानीय बासिन्दाका समस्या बुझ्छौं, त्यसपछि तिनका समाधान खोज्नेछौं । आवश्यकता पनि पक्कै अनगिन्ती छन्, सबै समाधान गर्न संभव पनि छैन । अरु त के डोल्पाको सबै ठाउँ दुर्गम र अति दुर्गम छन् । अरु गाउँपालिकाभन्दा यो त्रिपुरासुन्दरी केही सुगमजस्तो लाग्छ । अनगिन्ती आवश्यकतामध्ये प्राथमिकता छुट्याएर काम गर्नेछौं । हामीले भनेका छौं, हामीलाई भोट दिनेमात्र होइन, नदिनेलाई पनि उत्तिकै प्राथमिकतामा राख्छौं । अब म त्रिपुरासुन्दरी नगरकै उपमेयर भएकी छु ।

के कस्ता समस्या छन् नगरभित्र ?

नगर त नाम मात्रको हो । न सडक न गाडी । समस्या केमात्रै छैनन् । बत्ती, पानी, बाटोजस्ता न्यूनतम विकास नै नभएको डोल्पाको यो ठाउँमा विकासका लागि गर्नुपर्ने विषय र क्षेत्र त सयौं छन् । सबैलाई थाहा भएकै कुरो हो,

न्यून बजेटमा धेरै काम कसरी संभव होला ? बाटो भनेकै दुनैबाट बेसीसम्म पुग्छ । डोजर लगाउने काम भइरहेको छ । भेरी पारीसम्म खन्ने कुरो छ । बर्खामा भेरी नदी एकतमासले ठूलो पल्टिन्छ । पारी तर्न पुल छैन । पहाड भएकाले पहिरो जाने समस्या छँदैछ । नाहाडामा गएको पहिरोले गाउँ नै बग्ला जस्तो छ, जंगल छैन पाखैपाखोमात्र हो । अब वृक्षारोपण गर्ने तयारी छ ।

नगरको आन्तरिक आम्दानीको बाटो के देख्नुभएको छ ?

मलाई पहिले बजेट कति थियो । अब कति आउँछ केही थाहा छैन । सबै गाविसको बजेट पनि भन्न सक्दिनँ । अब सिक्दै गर्दै गर्ने बेला आएको छ । नगर क्षेत्रभित्रै यार्चा टिप्ने ठाउँहरु छन्, भुक्पा, बाङ्पा, ब्राङ्का, कोनासा, भुकुटेश्वर, आरडालाजस्ता ठाउँमा कर लिने गरेको देखेकी छु । से फोक्सुन्डो राष्ट्रिय निकुञ्जले हालसम्म कर लिँदै आएको छ ।

यस्तो व्यवस्थाबाट पूर्वाधार विकास गर्न समस्या हुन्छ । अब यार्चालाई कसरी बचाउने र कर कसरी उठाउँदा नगरको आन्तरिक आम्दानीमा राखेर विकासमा खर्च गर्न पाइन्छ त्यसबारे बुद्धिजीवी, नागरिक समाजसँग बसेर व्यवस्थित गर्नुछ ।

नगरभित्र शिक्षा र स्वास्थ्यको अवस्था के छ ?

नगरको क्षेत्र यति फराकिलो छ कि नयाँ मान्छेले हिँडेर वारपार गऱ्यो भने एक साता पूरै लाग्छ तर हामी अभ्यस्त हुनेले तीन दिनमा छिचोल्छौं । यस्तो ठाउँमा के शिक्षा के स्वास्थ्य । तै पनि एउटा क्याम्पस छ लिखुमा । खै आईए हो कि बिए कतिसम्म पढाइ हुन्छ त्यो पनि थाहा छैन । अस्पतालको नाममा जिल्ला सदरमुकाम भएकाले दुनैमा एउटा छ तर यहाँ हेल्थ पोष्टमात्र हो । तर मेरो योजना दुनैमा जस्तै ठुलो अस्पताल त्रिपुरासुन्दरीभित्रै बनाउने छ । के गर्ने जिल्लामै स्वास्थ्य समस्या विकराल छ, न दरबन्दी न डाक्टर, केही छैन ।

सञ्चार र बिजुलीको सुविधा अनि तपाईका योजना ?

टेलिफोन हुने कुरै भएन, छैन । निजी सेवा प्रदायकहरूले मोबाइल सञ्चालनमा ल्याएका हुन् त्यो पनि भरपर्दो छैनन् । यसका लागि पनि गर्नुछ । बिजुली पनि ढुक्कको छैन । लघु जलविद्युत आयोजनाबाट बिजुली निकालेको छ तर साँझ परेपछि राति १०-११ बजेसम्म हुन्छ । मेरो बसोबास दुनैमा भएकाले यस्ता धेरै कुराबारे मलाई नै थाहा छैन । तर जे भए पनि अब त्रिपुरासुन्दरीमा बसेर जनताको सेवा गर्नेछु ।

अनगिन्ती आवश्यकतामध्ये प्राथमिकता छुट्याएर काम गर्नेछौं । हामीले भनेका छौं, हामीलाई भोट दिनेमात्र होइन, नदिनेलाई पनि उत्तिकै प्राथमिकतामा राख्छौं । अब म त्रिपुरासुन्दरी नगरकै उपमेयर भएकी छु ।

नगरपालिकाको भवन छ ?

कहाँ हुनु ? जे भएको भाडामा बसेको छ । वडाहरुको कुरो त झन् के के । अब सरसल्लाह गरेर जग्गा खोजेर भवन बनाउने कामबाट सेवा थाल्नु छ । यत्ति बुझौं न, विकास केही छैन न सहज ढंगले काम गर्न सक्ने बजेट र अवस्था छ । केबाट थाल्ने कहाँ लगेर टुंग्याउने सबै अस्तव्यस्त भएकाले सबै कुराको सिर्जना गर्नुछ । नगरबासीलाई समेटेर समन्वयमा हामी गर्न प्रतिवद्ध छौं ।

❖❖❖

स्वशासन अध्ययन प्रतिष्ठानबाट प्रकाशित पुस्तकहरू

१. **भावी नेपालमा वित्तीय संघीयता सिद्धान्त, अवधारणा र खाका - डा. पुष्पराज कँडेल, २०६५ श्रावण, मूल्य रू. ३००।**

- "वित्तीय संघीयताको सैद्धान्तिक पक्ष, विभिन्न मुलुकहरुले अवलम्वन गरेको पद्धति, यसको कार्यान्वयन पक्ष तथा आशातित प्रतिफल जस्ता विषयहरु समेटिएको" ।

२. **समाज, संस्कार र शासन - खेमराज नेपाल, २०६८ आषाढ, मूल्य रू. ४००।**

- "यो देश किन अरुभन्दा पछाडि पऱ्यो ? हामीमा किन अझै यत्रो गरीबी, असमानता, कमजोर राज्यव्यवस्था, राजनीतिको यत्रो विगविगी, भ्रष्ट कर्मचारीतन्त्र, युवाहरुमा नैराश्यता र पलायनवादी सोच, अरुको पैसामा त्यत्रो निर्भरता ? किन ? हाम्रो आत्मबल, आत्मसम्मान कहाँ गयो ? यी सब प्रश्नहरुको उत्तर खोज्दै खेमराज नेपालजीले नेपाल राज्य र समाजको पत्र-पत्र केलाउनु भएको छ । नेपालप्रति संवेदनशील जो कोही व्यक्तिले पनि एक पटक यो पुस्तक पढ्नै पर्ने देखिन्छ" । **प्रा. केदारभक्त माथेमा**
- "विविध क्षेत्रका विज्ञहरुले यस पुस्तकमा प्रस्तुत अनुभव र थप सोचलाई आधार बनाएर विकासको नयाँ सिद्धान्त प्रतिपादन गर्न सक्नेछन्" । **डा. देवेन्द्रराज पाण्डे**
- "सामाजिक रीतिस्थिति, धार्मिक, जातीय र क्षेत्रीय भिन्नताका कुराहरुको विश्लेषण गर्दा राजनीतिले मुलुकलाई विभाजन तर्फ उन्मुख गराएको छ वा एकताको सूत्रमा बाँध्ने मन्त्रको रुपमा अग्रसर गराएको छ भन्ने प्रश्न माथि सूक्ष्म विवेचना गरिएको छ" । **डा. भेषबहादुर थापा**

राजधानी काठमाडौं
जीवन्त सहर बन्नेछ

नेपालको राजधानी काठमाडौं । संघीयतामा प्रवेश हुनुअघि लामो समय एकछत्र महानगरपालिका हुने मुलुकको एकमात्र महानगरपालिका । अहिले ललितपुर, पोखरा–लेखनाथ, भरतपुर, बिराटनगर र वीरगञ्ज पनि महानगरपालिका भएका छन् । काठमाडौं महानगरपालिकाका नवनिर्वाचित मेयर विद्यासुन्दर शाक्यले नेकपा एमालेका तर्फबाट विजय हासिल गर्नुभएको हो । १०१ काम गर्ने एजेन्डा लिएर अघि बढ्दा धेरै मतले विजय भएका उहाँमा ५ वर्षपछिको काठमाडौं महानगरको विकासको संकेत प्रष्ट देख्न सकिन्छ । 'काठमाण्डौ महानगर झिलिक्क : घर घर टिलिक्क', 'भोकरहित जनता शोकरहित महानगर', 'जन्जालमुक्त सडक सञ्जाल', 'महानगरका विशेष स्थानहरुमा भेहिकल फ्रि जोन', 'नो माक्स सिटी' र 'चौबीस घण्टे जीवन्त शहर' जस्ता जनताका चाहना र आवश्यकतालाई पूरा गर्ने एजेन्डा ल्याएका मेयर विद्यासुन्दर शाक्यसँग गोपीकृष्ण दुंगाना ले गरेको कुराकानीको अंश :–

अबको राजधानी काठमाडौं कस्तो बनाउने योजना छ ?

महानगरका विशेष स्थानहरुमा भेहिकल फ्रि र वाईफाई फ्रि जोन घोषणा हुनेछन् । 'काठमाडौं महानगर झिलिक्क : घर घर टिलिक्क' अभियान र 'भोकरहित जनता शोकरहित महानगर' का लागि सुपथ मूल्यको मेयर फुड पार्लर सञ्चालित हुनेछन् । 'सही समय सही ठाम, नो ट्राफिक जाम' लागू हुनेछ भने समग्रमा महानगरपालिकाको सम्पूर्ण कार्यलाई भ्रष्टाचारमुक्त र पारदर्शी बनाउन इ-गभर्नेन्स प्रणाली लगायतका काम हुनेछ ।

विद्यासुन्दर शाक्य
मेयर, काठमाडौं महानगरपालिका

वर्षौंदेखि अड्किएको तीनकुनेको जग्गामा अत्याधुनिक पार्क बन्नेछ । सम्पूर्ण ट्राफिक लाईटले काम गर्नेछन् । क्लिन द सिटी अभियानको प्रारम्भ धुँवाधुलो न्यूनीकरण गरी 'नो माक्स सिटी' हुनेछ । 'जन्जालमुक्त सडक सञ्जाल' कार्ययोजना लागू हुनेछ भने निर्माणाधिन चक्रपथ विस्तारको कार्य यथाशिघ्र सम्पन्न हुनेछ । कार पार्किङ मलको नीति बनाई कार्य प्रारम्भ र स्मार्ट भर्टिकल कार पार्किङ नीति निर्धारण गरी कार्यान्वयन गर्नेछु । भक्तपुरको हनुमन्तेदखि कटवाल दहसम्म वागमती किनार हुँदै केवल बस गुडाउने योजना छ ।

काठमाडौं स्मार्ट सिटिजन कार्ड, स्मार्ट सिटीको पूर्वाधारका लागि चाहिने महानगर बोर्डब्याङ्क हुनेछ भने होम एड्रेसिङ प्रणाली लागू हुनेछ । गोंगबु बसपार्कको मास्टर प्लानको परिमार्जन कार्यान्वयन, पुरानो वसपार्कमा प्रस्तावित काठमाडौं टावर निर्माण हुने, राजधानी महानगरलाई देशका सबै नेपालीको साझा मैत्रीनगर बनाइने, सातै प्रदेशका लागि 'प्रदेश भवन' निर्माण हुनेछन् । समग्रमा काठमाडौं चौबीस घन्टे 'जीवन्त शहर' हुनेछ ।

भ्रष्टाचार र ढिलासुस्ती प्रशासन छ यसलाई कसरी व्यवस्थित र जनमुखी बनाउने ?

अब सेवा प्रदानमा कुनै ढिलासुस्ती हुनेछैन र कहींकतै भ्रष्टाचार हुनेछैन । गर्नैपर्ने काम निश्चित समयभित्रै हुनेछन् तर नहुने काम जति धाए पनि म हुन दिनेछैन । यसका लागि कर्मचारीबाट विगतजस्तो ढिलासुस्ती र भ्रष्टाचार हुनेछैन, उनीहरुले पारदर्शी ढंगले चुस्त रुपमा काम गर्नेछन् । कर्मचारी उत्तरदायी हुनेछन् जसले हरेक काम जवाफदेही रुपमा गर्नेछन् । महानगर मातहतका हरेक कार्यालयहरूलाई आधुनिक, चुस्त,

जनमैत्री र प्रविधिमैत्री कार्यालयका रुपमा स्थापित गर्दै परामर्श तथा उजुरी डेस्कलाई प्रभावकारी बनाइने छ ।

मिनी असन बजार र फ्रि वाईफाईको कुरो आएको छ नि ?

जन्मदेखि मृत्युसम्म चाहिने सामग्रीहरू सहितको 'मिनी असन बजार' विभिन्न ठाउँहरूमा स्थापना गरी सञ्चालनका लागि अध्ययन हुनेछ । भित्री सहरको हरेक ५०० मिटरमा र बाहिरी सहरमा आवश्यकता अनुसार सार्वजनिक-निजी साझेदारीको ढाँचामा पब्लिक सर्भिस सेन्टर बनाउने प्रक्रिया अघि बढाइनेछ जसमा महिला, अपाङ्गता भएका, बृद्ध, बालमैत्री, डिजिटल सूचनापाटी, शौचालय, डिजिटल सुझाब संकलन डेस्क, वैटिङ मेसिन, रिचार्ज कार्ड, चार्जर, फ्रि वाईफाई, स्याक्स बार, मेन्ट्रक्सन प्याडको व्यवस्था गरिनेछ । काठमाडौं स्मार्ट सिटिजन कार्ड कार्यक्रम लागु गर्न कार्यदल गठन गरी यथाशिघ्र काम सुरु हुनेछ ।

जीवन्त सहर कसरी संभव छ ?

धेरै बोल्नेभन्दा अब काम गर्ने बेला आएको छ । काठमाडौंलाई विश्वका अन्य देशसँग तुलना गर्ने होइन, अन्य देशका सहरले अब काठमाडौंजस्तो भनेर तुलना गर्ने महानगर बनाउनेछु । सडक, ढल लगायतका परम्परागत कामले निरन्तरता दिनैपर्छ । ट्राफिक समस्या हटाउन पार्किङ मलहरू निर्माण गर्नेछु । मोनो र मेट्रो रेलका काम हुनेछन् । धेरै कुरा भनिसकेको छु, अब काठमाडौं सुरक्षित, २४ सै घन्टा खुला, जीवन्त र सुन्दर सहर पनि हुनेछ ।

धुँवा र धुलोलाई के गर्नुहुन्छ ?

'नो माक्स सिटी' को अभियानबाट सञ्चालन गर्नेछु यसका लागि क्लिन द सिटीको काम हुनेछ । मेलम्ची आयोजनालगायत अन्य कारणबाट सडकमा देखिएका खाल्डाखुल्डीहरू पुर्ने, विशेष प्रविधिको प्रयोग गरी धुलो र खाडलरहित सडक निर्माण गर्ने काम हुनेछ । अब कसैले पनि सडकमा निर्माण सामग्री थुपार्ने छैन । 'काठमाडौं महानगर झिलिक्क : घर घर टिलिक्क' अभियानका साथै सरकारी सार्वजनिक भवनमा रङ्गरोगन गर्ने र आमनागरिकलाई पनि आह्वान गर्नेछु । सहरको सुन्दरता र दुर्घटना न्यूनीकरणका लागि अव्यवस्थित पोल तथा तारहरूको उचित व्यवस्थापन गरिनेछ । कौसी खेती तथा गार्डेन र घरघरमा जैविक तरकारी खेती गर्न प्रोत्साहित गरिनेछ जसले वातावरण समेत स्वच्छ बनाउनेछ । इलेक्ट्रिक भेहिकल प्रवर्द्धन गरी साना गाडी विस्थापित गर्नेछु ।

प्रतिद्वन्द्वी र हारेका उमेद्वारको मतलाई कसरी सम्मान गर्नुहुन्छ ?

महानगरबासीले शानदार मत दिएर जिताउनु भएको छ, अमूल्य मतको कदर गर्नेछु । ७५ वटै जिल्लाबाट बसोबास गर्न आउनुभएका विविध क्षेत्र, संस्कृति, तह र तप्का अनि विचार भएका उहाँहरूको मन जितेर काम गर्नुछ । हिजोसम्म म एमालेको मान्छे थिएँ अब सबैको भएको छु । निर्वाचनमा प्रचारका क्रमका देखिएका एजेन्डा र मजस्तै गरी उठेका उमेद्वार र तिनका पनि साझा नारालाई साकार पार्नुछ । दलीय प्रतिस्पर्धाबाट बाहिर निस्केर उहाँहरूसँगको सहकार्यमा चुनौतिहरू चिर्नुछ । शान्ति सुरक्षादेखि स्वच्छ वातावरण हुँदै पुनर्निर्माणसम्मका कामलाई अवसरका रुपमा लिनुछ ।

महानगरभित्र हरियाली पार्कको महसुस भएको छ, संभव छ ?

असंभव भन्ने कुरा केही छैन, महानगरभित्रका सबै सार्वजनिक जग्गा अब संरक्षित गरी पार्क बनाउन थाल्नेछु । स्थानीय बासिन्दाकै सहयोगमा ती क्षेत्रमा पार्कहरू निर्माणको काम गर्नेछु । महानगरका सरकारी र सार्वजनिक ठाउँहरूलाई 'बाउन्ड्री लेस गार्डेन' का रुपमा विकास गर्नेछु । नदी किनारमा रहेका मठमन्दिरको संरक्षणसहितको बाग्मती, विष्णुमती र रुद्रमती संग्रहालय निर्माण हुनेछन् । तिनकुनेको जग्गाको समस्याको समाधान गरी अत्याधुनिक पार्क निर्माण हुनेछ ।

उपत्यकालाई समेटेर स्वायत्त मेट्रो बनाउने कुरा साकार होला ?

विगतदेखि उठेको कुरो हो यो । बनाउन सकिन्छ र बनाउनुपर्छ । स्थानीय तह पुनर्संरचना आयोगले पनि यसको परिकल्पना गरेको छ । त्यसमा दिएका दुईवटा विकल्पमध्ये उपयुक्त छनोट गरी काम अघि बढ्नेछ । ललितपुर र भक्तपुरका पनि नगरपालिका जोडेर समग्र विकास गर्नुपर्ने क्षेत्र र विषयहरूमा संयुक्तरुपमा काम गर्नुपर्नेछ । मेट्रो, मोनो, ध्वनी र धुलो प्रदूषण, मास ट्रान्सपोर्ट जस्ता विषयमा सहकार्य अनिवार्य नै हुन्छ । काठमाडौं महानगर र चन्द्रागिरी नगरपालिकाको सहकार्यमा सटल बसको व्यवस्था सहित सहिद स्मृति पार्क र पृथ्वीनारायण स्मृति सङ्ग्रह सहितको युवा पार्क निर्माण हुनेछ । ललितपुर महानगर र गोदावरी नगरसँग समन्वय गरी हाल ललितपुर महानगरपालिकामा भएका शिल्पकारहरूको 'नयाँ ललितपत्तनम' नामको आर्ट एण्ड क्राफ्ट निर्माण प्रक्रिया अघि बढाइनेछ । साइकल सिटी महानगरको कार्ययोजना प्रारम्भ हुनेछ जसले आसपासका नगरलाई प्रोत्साहित गर्नेछ । महानगर र गोकर्णेश्वरको समन्वय/सहकार्यमा 'तारेभीर परियोजना' को प्रक्रिया अगाडि बढाइनेछ । टोखा नगरपालिकासँग समन्वय/सहकार्य गरी टोखाको संस्कृति सम्पदा संरक्षण, प्रवर्द्धन एवं झोरस्थित बाणेश्वर 'वाटर फल पार्क' बनाउने काम हुनेछ ।

अवसरमात्र छन् कि चुनौति पनि छन् ?

राजधानी काठमाडौंलाई जीवन्त सहर बनाउनुमै चुनौति छन् । महानगरपालिकाले सम्पन्न गर्ने हरेक काम भ्रष्टाचारमुक्त र पारदर्शी बनाउनु र यसका लागि कर्मचारीको पुरानो मानसिकतालाई नयाँ जोश र जाँगरमा ढाल्नु पनि अबका दिनमा चुनौति छ । काठमाडौं महानगरभित्र विकास निर्माणमा जोडिने हरेक लाइन एजेन्सी स्वतन्त्र रहेको अवस्थामा ती सबैसँग सहकार्य गरी एकीकृत रुपमा विकास गर्नु झन् ठुलो चुनौति छ । संविधानले ग्यारेन्टी गरेका एकल र साझा अधिकार स्थापित गर्नु मुख्य चुनौति हुनेछ । स्थानीय सरकारको प्रत्याभूति गराउनु राजधानीभित्र रहेको महानगरपालिकामा कम चुनौति छैन । महानगरभित्रका सबै ३२ वटै वडाबाट चुस्त, दुरुस्त र पारदर्शी ढंगले छिटोछरितो सेवा दिनु पनि चुनौति नै हो ।

(शाक्यका १०१ काम अर्को पृष्ठमा)

सम्भव छ १०० दिनमा १०१ काम ?

१. हाल राज्यले ज्येष्ठ नागरिकलाई दिएको मासिक सुरक्षा भत्तामा ३००० थप गरी ५००० रूपैयाँ बनाउने। ८४ वर्ष पुगिसकेकालाई १०,००० मा २००० थप गरी १२ हजार बनाउने (मेयरले गर्ने प्रथम निर्णय) थप सुविधा क्रमशः बढाउन अध्ययन कार्यदल बनाउने। भत्ता रकम सम्बन्धित व्यक्तिको बैंक खातामार्फत् सिधै पठाउने व्यवस्था गर्ने।

२. ऐतिहासिक महत्त्व बोकेको सोह्रखुट्टेको पुनर्स्थापनाको प्रक्रिया अघि बढाउने।

३. मेयरको पदभार ग्रहण गर्नुअगावै महानगरपालिकाको कार्यालय परिसरभित्रै नवनिर्वाचित जनप्रतिनिधिले मूल्यवान फल लाग्ने, रुख रोपी 'ग्रीन एण्ड क्लिन काठमाडौं' अभियानको कार्य शुभारम्भ गर्ने।

४. महानगरपालिकाभित्रका धार्मिक तथा सांस्कृतिक तथा पर्यटकीय केन्द्रहरू जस्तै स्वयम्भू, पशुपति, बौद्ध, वसन्तपुर लगायतका स्थानमा द्रूत गतिको निःशुल्क वाईफाई क्षेत्र बनाउने।

५. बाटो विस्तार पीडित समुदायसँग वार्ता गरी जनभावना अनुसार समस्या समाधान गर्ने।

६. साइकल सिटी महानगरको कार्ययोजना प्रारम्भ गर्ने।

७. महानगर योजना आयोग गठन गरी कामको सुरुआत गर्ने।

८. महानगरपालिकाको आफ्नै पूर्वाधार कमिटी गठन गर्ने।

९. महानगरपालिकाको आफ्नै लगानी कम्पनीको स्थापना गर्ने।

१०. महानगरपालिकाको नयाँ सांगठनिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन र परिचालन गर्ने।

११. महानगरपालिकाको सम्पूर्ण कार्यलाई भ्रष्टाचारमुक्त र पारदर्शी बनाउन इ-गभर्नेन्स प्रणाली सुरु गर्ने र कार्यालयका सम्पूर्ण कार्यकक्षमा सिसिटिभी जडान गर्ने।

१२. प्रत्येक युवालाई कुनै न कुनै खेल, शारीरिक व्यायाम, व्यावसायिक तालिम, हस्तकला, ललितकला, प्रविधिलगायत विभिन्न रचनात्मक काममा आवद्ध गराउने गरी कार्यक्रम ल्याउने।

१३. समय सापेक्ष रोजगारमूलक वातावरण सिर्जना गर्ने र युवाका लागि अनलाइन रोजगार सूचना केन्द्र सुरुआत गरिने।

१४. खेलकूद क्षेत्रमा विशेष प्रतिभा र योगदान पुऱ्याउने व्यक्तिलाई नियमित सहयोगका लागि पुरस्कार तथा प्रोत्साहनका लागि अक्षय कोष स्थापना गर्ने।

१५. नागरिक सुरक्षाका लागि नेपाल प्रहरीसँग समन्वय गरी महानगरका संवेदनशील स्थानहरूमा सिसिटिभी जडान गर्ने कार्य प्रारम्भ गर्ने।

१६. स्वयम्भू, बौद्ध, पशुपति र वसन्तपुर लगायतका धार्मिक, सांस्कृतिक, पुरातात्विक, पर्यटकीय महत्वका सम्पदा क्षेत्रको विकास र प्रवर्द्धनका लागि विशेष योजना बनाई कार्य शुभारम्भ गर्ने।

१७. सार्वजनिक-निजी साझेदारीको नीति अवलम्वन गर्ने।

१८. जन्मदेखि मृत्युसम्म चाहिने सबै सामग्री सहितको 'मिनी असन बजार' विभिन्न ठाउँमा स्थापना गरी सञ्चालनका लागि अध्ययन गर्ने।

१९. भित्री सहरको हरेक ५०० मिटरमा र बाहिरी सहरमा आवश्यकता अनुसार सार्वजनिक-निजी साझेदारीको ढाँचामा 'पब्लिक सर्भिस सेन्टर' बनाउने प्रक्रिया अघि बढाउने जसमा महिला, अपाङ्गता भएका, वृद्ध, बालबालिकामैत्री, डिजिटल सूचना पाटी, शौचालय, डिजिटल सुझाव संकलन डेस्क, वेटिङ मेसिन, रिचार्ज कार्ड, चार्जर, फ्रि वाईफाई, स्याक्स बार, मेन्ट्रक्सन प्याड आदिको व्यवस्था गरिने।

२०. धर्मपथस्थित पुरानो काठमाडौं महानगरपालिकाको जग्गामा पूर्वस्वीकृत नक्साअनुसार भवन निर्माण सुरु गर्ने।

२१. महानगरपालिकाका करदाताको सुविधाका लागि बचत स्मार्ट कार्डको व्यवस्था गर्ने।

२२. महानगरबाट सञ्चालित चःमति, मनोहरा लगायतका स्थानमा अवरुद्ध ल्यान्डपुलिङको कार्यलाई यथाशीघ्र सम्पन्न गर्ने।

२३. 'घरघरमा अचम्मको सियो र घरघरमा गज्जबको चुलो' कार्यक्रम सञ्चालन गर्ने।

२४. मेलम्ची आयोजना लगायत अन्य कारणबाट सडकमा देखिएका खाल्डाखुल्डी पुर्ने, विशेष प्रविधिको प्रयोग गरी धुलो र खाडलरहित सडक निर्माण गर्ने।

२५. 'सही समय सही ठाम, नो ट्राफिक जाम' को अभियान सुरु गर्ने।

२६. सडक बाटोमा थुपारिएका निर्माण सामग्री हटाउने।

२७. हाल पेन्डिङमा रहेका मुद्दाहरूलाई १०० दिनभित्र टुंग्याउने।

२८. प्रत्येक वडामा विषयगत दक्षता सहितको महानगर स्वयंसेवक घोषणा गरी परिचालन गर्ने।

२९. प्रत्येक घरमा अनिवार्य वर्षे पानी संकलनको अभियान सुरु गर्ने, संकलनबाट बढी भएको पानी भूमिगत जल भण्डारण गर्ने अभियान थाल्ने।

३०. घर-घरमा अत्याधुनिक प्रविधियुक्त (थोरै जग्गामा पनि जडान गर्न सकिने) सेप्टी ट्यांकी जडानको अभियान सुरु गर्ने।

३१. चोभारदेखि हिमाल सिमेन्ट कारखानासम्मको जग्गामा नेपाल सरकारसँग समन्वय गरी बाल मनोरञ्जन, चलचित्रकर्मी र नेपाल उद्योग वाणिज्य महासंघका

सहकार्यमा बृहद् प्रदर्शनी केन्द्रको निर्माणको पहल गर्ने ।

३२. 'भोकरहित जनता शोकरहित महानगर' का लागि सुपथ मूल्यको 'मेयर फुड पार्लर' खोल्ने प्रक्रिया आरम्भ गर्ने ।

३३. राष्ट्रिय सभागृहमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने ।

३४. राजश्व अध्ययन बोर्ड बनाई अनुसन्धान अध्ययनको थालनी गर्ने ।

३५. काठमाडौं थाहा पाउने मोबाइल एप्स सुरु गर्ने ।

३६. स्मार्ट भर्टिकल कार पार्किङ नीति निर्धारण गरी कार्यान्वयन गर्ने ।

३७. महानगरका विशेष स्थानहरूमा 'भेहिकल फ्रि जोन' घोषणा गर्ने ।

३८. 'काठमाडौं महानगर भ्रिलिक्क : घर-घर टिलिक्क' अभियानको थालनी गर्ने । सरकारी सार्वजनिक भवनमा रङ्गरोगन गर्ने र आमनागरिकलाई आह्वान गर्ने ।

३९. धरहरा प्रिमिसेशको मास्टर प्लान बनाई कार्यान्वयन गर्ने ।

४०. काष्ठमण्डप निर्माणमा महानगरपालिकाले स्थानीय समुदायको जनसहभागितामा पुनर्निर्माण गर्ने ।

४१. सम्पदा पुनर्निर्माण जनसहभागितामा 'विल्ड ब्याक बेटर' अवधारणा अनुसार कार्यान्वयन गर्ने ।

४२. भूकम्पले नष्ट गरेको र असुरक्षित घरहरूको पुनर्निर्माणका लागि राज्यले व्यवस्था गरेको अनुदान र सहुलियत ऋण प्राप्तिका लागि सहजीकरण गर्ने ।

४३. नदी किनारमा रहेका मठमन्दिरको संरक्षण सहितको बागमती, विष्णुमती र रुद्रमती संग्रहालय निर्माणको प्रक्रिया थालनी गर्ने ।

४४. महानगर र गोकर्णेश्वरको समन्वय/सहकार्यमा 'तारेभीर परियोजना' को प्रक्रिया अगाडि बढाउने ।

४५. टोखा नगरपालिकासँग समन्वय/सहकार्य गरी टोखाको संस्कृति सम्पदा संरक्षण, प्रवर्द्धन एवं झोरस्थित वाणेश्वर 'वाटर फल पार्क' बनाउन प्रक्रिया अघि बढाउने ।

४६. ललितपुर महानगर र गोदावरी नगरसँग समन्वय गरी हाल ललितपुर महानगरपालिकामा भएका शिल्पकारहरूको 'नयाँ ललितपत्तनम' नामको आर्ट एण्ड क्राफ्ट निर्माण प्रक्रिया सुरु गर्ने ।

४७. काठमाडौं भित्री सहरको दक्षिणी भेगको 'क्वःने' को ऐतिहासिक क्लष्टरलाई आवश्यक प्रक्रिया पूरा गरी 'लाइभ म्यूजियम डिक्लारेसन' गर्ने ।

४८. पुरातात्विक मापदण्डअनुसार रानीपोखरीको पुनर्निर्माण तत्काल सुचारु गर्ने ।

४९. ऐतिहासिक दरबार हाइस्कुल पुनर्स्थापनाका लागि सार्वजनिक बहस गरी कार्य सञ्चालन गर्ने ।

५०. इन्टरनेसनल आर्ट र कल्चरल हबको निर्माण थालनी गर्ने ।

५१. भद्रकाली मन्दिर र परिसरको विस्तृत परियोजनाको सर्वेक्षण गर्ने ।

५२. पूर्वअध्ययन भइसकेको हनुमानढोकाको पूर्ववत् प्रहरी कार्यालय परिसरलाई विशेष सांस्कृतिक क्षेत्रका रूपमा परिमार्जन गरी निर्माण कार्य आरम्भ गर्ने ।

५३. निश्चित समयतालिका अनुसार यातायात सञ्चालन गर्न अपाङ्ग, बालबालिकामैत्री शौचालय सुविधासहितको बस सेवा सुरु गर्ने ।

५४. कार पार्किङ मलको नीति बनाई कार्य प्रारम्भ गर्ने ।

५५. 'जञ्जालमुक्त सडक सञ्जाल' कार्ययोजना प्रारम्भ गर्ने ।

५६. निर्माणाधीन चक्रपथ विस्तारको कार्यलाई यथाशीघ्र सम्पन्न गर्न प्रभावकारी पहल गर्ने ।

५७. भक्तपुरको हनुमन्तेदखि कटवाल दहसम्म बागमती किनार हुँदै केवल बसको सम्भाव्यता अध्ययन आरम्भ गर्ने ।

५८. सम्पूर्ण ट्राफिक लाइटलाई मर्मत गरी सुचारु गर्ने ।

५९. 'क्लिन द सिटी' अभियानको प्रारम्भ धुँवाधुलो न्यूनीकरण गरी 'नो माक्स सिटी' को अभियानबाट सञ्चालन गर्ने ।

६०. पशुपति क्षेत्र विकास कोषसँग समन्वय गरी गोठाटारस्थित बालुवा खानीलाई व्यवस्थापन गरी 'पाशुपत सरोवर' निर्माणका लागि पहल गर्ने ।

६१. काठमाडौंलाई प्लाष्टिकमुक्त बनाउन प्लाष्टिकका सामग्रीहरू व्यवस्थित रूपमा जम्मा गरेर राखेबापत महानगरपालिकाले किन्ने व्यवस्था गर्ने । कुहिने फोहरबाट जैविक मल उत्पादनका लागि महानगरपालिकाले अनुदान दिने साथै किन्ने व्यवस्थासमेत गर्ने ।

६२. सहरको सुन्दरता र दुर्घटना न्यूनीकरणका लागि अव्यवस्थित पोल तथा तारहरूको उचित व्यवस्थापनका लागि आवश्यक खाका तयार गर्ने ।

६३. ज्येष्ठ नागरिकका लागि घर-घरमा निःशुल्क सेवाका लागि महानगरपालिकाका स्वयंसेवकहरू परिचालन गर्ने ।

६४. विपन्न, असहाय र विभिन्न कारणले बिचल्लीमा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै आवश्यकताअनुसार आवास, स्वास्थ्य उपचार तथा परिवारसँग समन्वय गरी तत्काल उद्धार कार्य प्रारम्भ गर्ने ।

६५. राज्यको लगानी वा विभिन्न संघ-संस्थाबाट सञ्चालित, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, असहाय तथा अपाङ्गता भएका नागरिक संरक्षण केन्द्रको गुणस्तर वृद्धिका लागि अनुगमन गर्ने ।

६६. महानगरपालिका, सम्बन्धित व्यवसायीको परिवार र संघसंस्थाको समेत साझेदारीमा सहरको तरकारी बजार, कल कारखाना, शिक्षण केन्द्र, स्वास्थ्य केन्द्र नजिकै 'शिशु स्याहार र बाल विकास केन्द्र' सुचारु गर्ने ।

६७. महानगरलाई दुर्व्यसनमुक्त सहर बनाउन रोकथाम र निर्मूल पार्ने योजना बनाई कार्यारम्भ गर्ने ।

६८. सेवानिवृत्त कर्मचारी, ज्येष्ठ नागरिकको सम्मान र संरक्षण गर्दै वहाँहरूको ज्ञान, सीप अनुभवलाई जीवन्त राख्न दिवा सेवासहितको क्लब, मनोरञ्जन केन्द्र, स्वास्थ्य क्लब, जीम केन्द्र/व्यायाम/योग केन्द्र, पुस्तकालय, स्वास्थ्य केन्द्र आदि सहितको सुविधा सम्पन्न एकीकृत सेवा प्रदान गर्ने गरी भौतिक पूर्वाधारको व्यवस्था मिलाउने ।

६९. 'हेल्लो मेयर क्विक रेस्पोन्स' कार्यक्रम सञ्चालन गर्ने ।

७०. महानगरका सरकारी र सार्वजनिक ठाउँहरूलाई 'बाउन्ड्री लेस गार्डेन' का रूपमा विकास गर्ने ।

७१. घर निर्माण सम्पन्न प्रमाण-पत्र एक महिनाभित्र प्रदान गर्ने ।

७२. महानगरपालिका भवन निर्माण कार्य प्रारम्भ गर्ने ।

७३. नेपाललाई संसारको उत्कृष्ट सबै मौसममा क्रिकेट स्थल बनाउन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पहल गर्ने।

७४. प्रेम दिवसलगायत अन्य विभिन्न दिवसको अवसर पारी युवा जोडीहरूलाई रचनात्मक काममा सहभागी गराउँदै सफा, सुन्दर, स्वच्छ र हरियाली सहितको नगर निर्माण गर्न विरुवा, फलफूल वा फूलहरू रोप्ने व्यवस्था मिलाउने ।

७५. छाडा जीवजन्तु तथा फोहोरमैला लगायतका समस्याहरू तत्काल समाधान गर्ने ।

७६. घरबाट आएको कुहिने फोहोरको व्यवस्थापन गरी जैविक मल बनाउने प्लान्ट राख्ने अनिवार्य व्यवस्था गर्ने । त्यसका लागि महानगरले प्राविधिक सीप र प्रविधिका लागि अनुदान दिने ।

७७. महानगरभित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक र पर्यटकीय क्षेत्रलाई जोड्ने सम्पदा मार्गको पूर्वघोषित कार्यक्रममा आवश्यक परिमार्जन गरी भ्रमण प्याकेजसहित दक्ष पथप्रर्दशक सहितको सुविधासम्पन्न टुरिष्ट बस सञ्चालन गर्ने ।

७८. काठमाडौं महानगर र चन्द्रागिरी नगरपालिकाको सहकार्यमा सटल बसको व्यवस्था सहितको सहिद स्मृति पार्क र पृथ्वीनारायण स्मृति संग्रह सहितको युवा पार्क निर्माण गर्ने ।

७९. तिनकुनेको जग्गाको समस्याको समाधान गरी अत्याधुनिक पार्क निर्माण गर्न सुरुआत गर्ने ।

८०. अपांगमैत्री पार्क निर्माण कार्य आरम्भ गर्ने ।

८१. 'कौसी खेती तथा गार्डेन : घरघरमा जैविक तरकारी खेती' का लागि आवश्यक बाकस, मल, प्लाष्टिक टनेल सहितको प्रविधिका लागि प्रोत्साहन स्वरूप अनुदानको व्यवस्था गर्ने । न्यून शुल्कमा विरुवा उत्पादनका लागि नर्सरी निर्माण गर्ने ।

८२. अव्यवस्थित र असुरक्षित भविष्यको कारण जीवनदेखि निराशाका कारण बढ्दै गइरहेको मानसिक समस्याहरूको रोकथाम र उपचारका लागि उचित प्रबन्ध गर्ने ।

८३. हिंसापीडित महिलाहरूको तत्काल उद्धार र पुनर्व्यवस्थापन गर्ने ।

८४. तरकारी, फलफूल र खाद्यान्नमा विषादी नियन्त्रणका लागि परीक्षण गर्ने व्यवस्था मिलाउने ।

८५. राजधानी महानगरलाई देशका सबै नेपालीको साझा मैत्रीनगरका रूपमा विकास गर्न सातै प्रदेशका लागि 'प्रदेश भवन' निर्माणका लागि प्रक्रिया थालनी गर्ने ।

८६. पुरानो बसपार्कमा प्रस्तावित काठमाडौं टावर निर्माण सम्बन्धमा जनभावनाको कदर गर्दै काम सुरु गर्ने ।

८७. महानगरभित्रका सबै होलसेल मार्केटहरूलाई यातायात सुविधासहित व्यवस्थित गर्ने ।

८८. गोंगबु बसपार्कको मास्टर प्लानको परिमार्जनसहित अघि बढाउने ।

८९. स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न साना तथा घरेलु, मझौला स्तरका उद्योग, व्यापार-व्यवसायहरूको लगत संकलन गरी कार्ययोजना अघि बढाउने ।

९०. परम्परागत शिल्पी तथा व्यवसायमा आवद्ध नागरिकलाई आधुनिक प्रविधि एवं पूँजी निर्माणमा सहजीकरण गर्ने ।

९१. मझौला तथा साना व्यवसाय सुरु गर्नेहरूलाई लगानीमैत्री विनियमहरू बनाउन सुरु गर्ने ।

९२. बागबजारस्थित भक्तपुर बसपार्कको नयाँ व्यवस्थापन गर्ने ।

९३. होम एड्रेसिङ प्रणालीलाई व्यवस्थित गर्ने ।

९४. डेरामा बस्ने नागरिकका लागि आवासको व्यवस्थापनलाई सहज, सहुलियतपूर्ण, स्वच्छ, स्वस्थ र सुरक्षित बनाउन आचारसंहिता लागू गर्ने ।

९५. भूकम्पप्रतिरोधी भवन निर्माणका लागि महानगरपालिकाले निःशुल्क प्राविधिक सहयोग उपलब्ध गराउन कार्यविधी तयार गर्ने ।

९६. काठमाडौं स्मार्ट सिटिजन कार्ड कार्यक्रम लागू गर्न कार्यदल गठन गरी यथाशीघ्र सुरु गर्ने ।

९७. हाइड्रोजन फ्यूलको सम्बन्धमा सम्भाव्यता अध्ययन गर्न विज्ञ समूह गठन गरी कार्यारम्भ गर्ने ।

९८. स्मार्ट सिटीको पूर्वाधारका लागि चाहिने 'महानगर बोर्डब्यांक' को स्थापना गरी प्रारम्भ गर्ने ।

९९. पत्रकारहरूका लागि सम्पूर्ण सुविधा सहितको व्यावसायिक सुविधासहित सञ्चार केन्द्रको कार्ययोजना सुरुआत गर्ने ।

१००. चौबीस घण्टे 'जीवन्त सहर' को योजना निर्माण गर्ने ।

१०१. महानगर मातहतका हरेक कार्यालयलाई आधुनिक, चुस्त, जनमैत्री र प्रविधिमैत्री कार्यालयका रूपमा स्थापित गर्दै परामर्श तथा उजुरी डेस्कलाई प्रभावकारी बनाउने ।

❖❖❖

प्रदेश नं. ३ का महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाका प्रमुख एवं उपप्रमुख र गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्षहरूद्वारा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट आयोजित स्थानीय तह सञ्चालन एवं व्यवस्थापनसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको अवसरमा जारी

धुलिखेल घोषणा-पत्र, २०७४

२०७४ साल वैशाख ३१ गते सम्पन्न ऐतिहासिक स्थानीय तहको पहिलो चरणको निर्वाचनबाट निर्वाचित हामी, प्रदेश नं. ३ का महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाका प्रमुख एवं उपप्रमुख र गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्षहरू संवैधानिक सर्वोच्चता, कानुनको शासन, मानवअधिकार, मौलिक हकको संरक्षण एवं प्रवर्द्धन, सामाजिक न्याय, समावेशिता तथा सुशासनयुक्त स्थानीय शासनको अभ्यास एवं स्थानीय तहको सुदृढीकरणमार्फत् संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्न र संघ, प्रदेश र स्थानीय तहको सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित सम्बन्धप्रति दृढ रहँदै,

निर्वाचनका समयमा सार्वभौम नागरिकसमक्ष गरेका प्रतिवद्धता अनुरूप स्वच्छ र सदाचारयुक्त सुशासनको प्रत्याभूतिसहित स्वचालित कार्यप्रणालीको स्थापना र अभ्यास गर्दै स्थानीय तहबाट प्रवाह गरिने सेवामा निस्पक्षता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता, उत्तरदायी एवं जिम्मेवारयुक्त शासन प्रणालीको प्रवर्द्धन गर्न प्रतिवद्धता व्यक्त गर्दै,

स्थानीय तहमार्फत् जनतालाई छिटो, छरितो, प्रभावकारी, गुणस्तरीय सेवाप्रवाह सुनिश्चित गरी समावेशी शासन र योजनावद्ध विकासमार्फत् दीगो शान्ति र समृद्धि हासिल गर्न हामी यो घोषणा गर्दछौं :

१. संविधानसभाबाट संविधान निर्माण गर्ने नेपाली जनताको करिब सात दशकदेखिको व्यक्त चाहनाअनुरूप जननिर्वाचित संविधानसभाबाट जारी भएको संविधानको कार्यान्वयनमा अग्रसर रहनेछौं ।

२. स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै नेपाल सरकारबाट मिति २०७४ असार १४ गतेका लागि निर्धारित दोस्रो चरणको स्थानीय तहको निर्वाचन र संविधानले तोकेको समयसीमाभित्रै प्रदेश र संघीय संसदको निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्न गराउन नेपाल सरकार, निर्वाचन आयोग र सबै राजनीतिक दलहरूमा आह्वान गर्दछौं ।

३. २०७२ वैशाख १२ गते नेपालमा गएको महाविनाशकारी भूकम्पबाट भएको जनधनको अपूरणीय क्षतिपश्चात् नेपाली समाजलाई उत्थानशील बनाउन र भूकम्प प्रभावित क्षेत्रको पुनर्निमाणलाई प्रभावकारी रूपमा शीघ्र सञ्चालन गर्न तथा पुनर्निमाणसम्बन्धी कार्यहरू स्थानीय तहको प्रत्यक्ष सहभागिता, सहकार्य र समन्वयमा मात्र गर्ने संरचना र कार्यप्रणाली निर्धारण गर्न जोड दिन्छौं ।

४. स्थानीय समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लागि स्थानीय तहभित्रका प्राकृतिक स्रोत र साधनको अधिकतम परिचालन र उपयोग गरी जनताको समग्र विकास र आर्थिक समृद्धि हासिल गर्न तत्परता व्यक्त गर्दछौं ।

५. स्थानीय सरकारहरूबीच एक आपसमा स्रोत, साधन र अनुभवको आदान-प्रदान, नगर-नगर, गाउँ-गाउँ तथा गाउँ-नगर साझेदारीको प्रवर्द्धन, सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धन, व्यवस्थित सहरी विकास, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण र उपभोक्ता हकहितको संरक्षण गर्दै स्थानीय उद्यमशीलता तथा रोजगारीको प्रवर्द्धन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

६. स्थानीय तहको मौलिक ज्ञान, सीप तथा स्रोत र साधनको प्रयोगमा प्राथमिकता दिई स्थानीय पहिचानयुक्त वस्तु तथा सेवाको उत्पादन, वितरण तथा उपयोगलाई जोड दिँदै जनताको आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउने प्रतिवद्धता व्यक्त गर्दछौं । साथै स्थानीय तहको क्षमता वृद्धिका कार्यक्रमहरू स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमार्फत् सञ्चालन गर्न प्राथमिकता दिनेछौं ।

७. सामाजिक सदभाव र सहिष्णुतालाई प्रवर्द्धन गर्दै अभियानमुखी विकास पद्धतिको अंगीकार गरी स्थानीय तहमार्फत् सामाजिक विकृति, विभेद र पछौटेपनको अन्त्य गर्ने, दीगो विकासका लक्ष्य हासिल गर्न तथा स्थानीय शासन प्रक्रियालाई जनमुखी, वातावरणमैत्री, बालमैत्री, अपांगतामैत्री, जेष्ठ नागरिकमैत्री, लैंगिक समानता तथा सामाजिक समावेशीकरणका मूल्य र मान्यता अनुकूल गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

८. स्थानीय विकास अभियानमा बालबालिका तथा तिनका सञ्जाल, किशोर-किशोरी, युवायुवती, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, सामुदायिक संघसंस्था, नागरिक समाजलगायत समाजका सबै पक्षको परिचालन गर्न प्रतिवद्ध छौं ।

९. स्थानीय भाषा, संस्कृति, साहित्य, कला, जात्रा, पर्व, सम्पदा आदिको प्रयोग, संरक्षण, सम्वर्द्धन गर्दै प्रत्येक स्थानीय तहलाई मौलिक

पहिचानयुक्त पर्यटकीय केन्द्रको रूपमा विकास गर्न प्रतिवद्ध छौं ।

१०. सुरक्षित बसोवास तथा एकीकृत बस्ती विकासलाई सुनिश्चित गर्नका लागि प्रचलित सहरी योजना, बस्ती विकास र भवन निर्माणसम्बन्धी मापदण्ड एवं राष्ट्रिय भवन संहितालाई पालना गर्दै भूकम्प प्रतिरोधात्मक पूर्वाधार तथा भवन निर्माण सुनिश्चित गर्न, विपद् व्यवस्थापनका लागि दमकल, एम्बुलेन्स लगायतका पूर्वतयारी कार्य तथा सेवाहरू सुनिश्चित गर्न तथा अन्तर स्थानीय सरकार समन्वय गरी कार्य गर्न प्रतिवद्धता व्यक्त गर्दछौं ।

११. स्थानीय तहको आन्तरिक आयलाई अभिवृद्धि गर्न तथा दीगो र फराकिलो आर्थिक विकासका लागि सम्भावित तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी सोमा आधारित पहिचानयुक्त स्थानीय अर्थतन्त्रको विकास गर्न नमुना विकास योजनामा जोड दिने प्रतिवद्धता व्यक्त गर्दछौं ।

१२. स्थानीय शासनमा आधुनिक सूचना-प्रविधि एवं विद्युतीय शासन प्रणालीको उच्चतम प्रयोग गरी स्थानीय सरकारको एकल तथा साझा पहलमा सुविधा सम्पन्न आधुनिक सहर (Smart City) जस्ता नमुना परियोजना थालनी गर्न, सार्वजनिक महत्वका स्थानहरूलाई निशुल्क वाईफाई क्षेत्र WIFI Free Zone र सबै गाउँ तथा नगरहरूलाई Internet सुविधायुक्त स्थानको रूपमा विकास गर्न तथा वातावरणमैत्री र आम सार्वजनिक यातायात (Mass transport) को भरपर्दो व्यवस्था गर्न प्रतिवद्ध रहनेछौं ।

१३. प्रदुषणमुक्त गाउँ र नगर निर्माण, एक स्थानीय तह एक विशेष कृषि उत्पादन, हरियाली प्रवर्द्धन, प्लाष्टिकको प्रयोगलाई विस्थापन, फोहोरको वर्गीकरण र पुनर्प्रयोग, सहरी क्षेत्रमा कौसी खेतीको प्रवर्द्धन, Zero Waste, Waste to Energy, Clean the City/Village जस्ता अभियानमूलक कार्यक्रमहरू सञ्चालन गर्न प्रतिवद्ध छौं ।

१४. स्थानीय तहमा हुने विवादको छिटो, छरितो समाधानका लागि सामुदायिक मेलमिलापलाई प्रवर्द्धन गर्दै स्थानीय न्याय सम्पादनमा सबैको पहुँचको सुनिश्चितता गर्न प्रतिवद्ध छौं । साथै स्थानीय अदालत गठन गर्न आवश्यक प्रबन्ध गर्न माग गर्दछौं ।

उल्लिखित प्रतिवद्धताको प्रभावकारी कार्यान्वयनका लागि तथा सबल, सक्षम र स्वायत्त स्थानीय शासनको अभ्यास गर्न तदानुकूलको अन्तरसरकार सम्बन्ध र उपयुक्त वातावरण आवश्यक भएकाले यसका लागि नेपाल सरकार, व्यवस्थापिका संसद तथा सरोकारवालाहरूमा देहाय बमोजिम आग्रह गर्दछौं :-

(क) नेपालको संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम राष्ट्रिय सभाको निर्वाचक मण्डलमा नगरपालिकाका प्रमुख एवं उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष रहने व्यवस्थालाई संशोधन गर्ने प्रस्तावप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । त्यस्तो प्रस्ताव संविधानले निर्दिष्ट गरेको संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहशासन र समन्वयको सिद्धान्त तथा संघीय लोकतन्त्रको सिद्धान्तविपरित हुने ठहर गर्दछौं ।

(ख) संविधान बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको तत्काल गठन गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँदछौं । उक्त आयोगको निर्णय प्रक्रियामा स्थानीय तहको आवाजको कदर हुने व्यवस्था सुनिश्चित गर्न समेत आग्रह गर्दछौं ।

(ग) स्थानीय शासन सञ्चालन सम्बन्धमा व्यवस्थापिका संसदमा विचाराधीन स्थानीय शासन ऐन अविलम्ब जारी गर्न र संविधानको मर्म तथा भावनाविपरित रहेका प्रचलित विषय क्षेत्रगत ऐन, नियम, निर्देशिका, कार्यविधि, गठन तथा सञ्चालन आदेशहरू तत्काल खारेज एवं संशोधन गर्न माग गर्दछौं ।

(घ) साविकमा रहेका केन्द्रीय, क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाका स्तरका संरचनाहरू, स्रोत, साधन तथा जनशक्तिलाई संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहमा तत्काल मिलान तथा हस्तान्तरण गर्न आग्रह गर्दछौं ।

(ङ) संघीयता तथा स्थानीय शासनको मर्मविपरित कायम रहेका नगर विकास समिति लगायतका केन्द्रीय संरचनाको तत्काल खारेज गरी त्यस्ता संरचना, स्रोत, साधन, सम्पत्ति, स्रेस्ता तथा कार्यजिम्मेवारी सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्न आग्रह गर्दछौं ।

(च) मुलुक संघीयता र स्थानीय लोकतन्त्रको सार्थक अभ्यासमा प्रवेश गरेको वर्तमान अवस्थामा सोको भावना र मर्मसँग मेल नखाने निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्र पूर्बाधार विकास कार्यक्रम यसै आ.व.देखि खारेज गरी नेपालको संविधानको धारा ६० को उपधारा (४) र (८) मा भएको प्रावधान बमोजिम स्थानीय तहको एकद्वार पद्धतिमार्फत् बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था लागू गर्न माग गर्दछौं ।

(छ) २०७४/०७५ को बजेटमार्फत् कूल राष्ट्रिय बजेटको १७.६ प्रतिशत खर्चाधिकार स्थानीय तहमा हस्तान्तरण भएकोमा संविधानप्रदत्त स्थानीय तहको कार्यजिम्मेवारीको प्रभावकारी कार्य सम्पादनका लागि स्रोत अपुग भएकाले स्थानीय तहमा आगामी आ.व.देखि नै कम्तिमा ५० प्रतिशत वित्तीय स्रोत र साधन हस्तान्तरण गर्न तथा संविधानमा उल्लिखित अधिकारका सूचीहरू कार्यान्वयन गर्न आवश्यक पर्ने कानूनी तथा संस्थागत संयन्त्र व्यवस्थापन गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँछौं ।

(ज) स्थानीय तहको क्षेत्रभित्र सञ्चालन हुने जलविद्युत आयोजनाहरूमा स्थानीय तह एवं स्थानीय जनताको अग्राधिकारलाई सुनिश्चित गर्न कम्तिमा १० प्रतिशत शेयर स्थानीय जनतालाई र कम्तिमा ५० प्रतिशत रोयल्टी सम्बन्धित स्थानीय तहको अधिकारभित्र रहने गरी कानूनी व्यवस्था गर्न माग गर्दछौं ।

(झ) संघ तथा प्रदेशको कानुन निर्माण तथा नीतिगत निर्णय प्रक्रियामा स्थानीय तहका प्रतिनिधिमूलक संघ/महासंघको सहभागिता सुनिश्चित गर्न आग्रह गर्दछौं ।

(ञ) जनताको नजिकको सरकारका रूपमा रहेको स्थानीय सरकारको भौतिक पूर्वाधार निर्माण, सामाजिक र आर्थिक विकास र संस्थागत क्षमता अभिवृद्धिको प्रक्रियामा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सहयोगको परिचालन र समन्वयका लागि नेपाल सरकारसँग आग्रह गर्दछौं ।

२०७४ जेष्ठ २७ गते रोज ७ शुभम्

❖❖❖

विकास सञ्चार पत्रिका खोजी खोजी पढौं ।



विकास सञ्चार
Development Communication
(Yearly)

सम्पादक
गोपीकृष्ण ढुंगाना

सम्पादक मण्डल
सीता शर्मा
चन्द्रमणि भट्टराई
टेकराज थामी
रञ्जित तामाङ
साजना तामाङ
शर्मिला पाठक

प्रकाशक
विकास पत्रकार मञ्च (फोडेज), नेपाल
Forum of Development Journalists' (FoDeJ), Nepal
अनामनगर, काठमाडौं

fodej2015@gmail.com

fodej development journalists

स्वशासन अध्ययन प्रतिष्ठानको गतिविधि

बालमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखीकरण

काभ्रे जिल्लाको मण्डनदेउपुर नगरपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने कार्यको थालनी गरेको छ ।

नेपाल सरकारले जारी गरेको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुरूप कार्य गर्न नवनिर्वाचित पदाधिकारीहरूले प्रतिवद्धता जनाएका छन् । स्वशासन अध्ययन प्रतिष्ठानको प्राविधिक सहयोगमा मण्डनदेउपुर नगरपालिका वडा नं. ५ र ६ (साविकको गैह्रीबिसौना देउपुर गाविस) का सरोकारवालाहरूका लागि २०७४ जेठ २९ र ३० गते बालमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ ।

यस गोष्ठीमा नगरपालिकाका प्रमुख टोकबहादुर वाइबा, दुवै वडाका वडा अध्यक्षहरू, वडा सदस्यहरू, कर्मचारीहरू, १० वटै विद्यालयका शिक्षक प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, बालबालिका र प्रतिष्ठानका प्रतिनिधिहरू गरी जम्मा ४५ जनाको सहभागिता थियो ।

सहभागीलाई बालअधिकार, बालबालिकाका लागि लगानी, बालमैत्री स्थानीय शासनको अवधारणा, बालमैत्री स्थानीय शासन अवलम्वन र घोषणाको आधार र प्रक्रिया, सूचक, खुड्किला, बालमैत्री स्थानीय शासनको संरचना, बाल भेला र बाल सहभागिताजस्ता विषयमा प्रशिक्षण दिइएको थियो ।

सहभागीले देहायका विषयलाई आफ्नो वडाका मुख्य सरोकारको सवालका रूपमा लिएका थिए ।

- समुदायमा बालअधिकार र बालबालिकाको विकाससम्बन्धी चेतनाको कमी ।
- अभिभावकहरूको गलत व्यवहार बालबालिकाले अनुसरण गर्न सक्ने खतरा जस्तै अभिभावकको अनुसरण गरी धुम्रमान, मद्यपान जस्तो कुलतमा लाग्नु ।
- बालबालिका पढाई छाडेर श्रम बजारमा जानु ।
- बालविवाहको दर कम हुन नसक्नु ।
- महिला र बालबालिकाको स्वास्थ्य अवस्था कमजोर रहनु ।
- विद्यालय भर्ना भएका बालबालिका केही समयपछि विद्यालय छाडी श्रममा जानु ।
- विद्यालयमा बालबालिकाका लागि पर्याप्त मनोरञ्जनको अवसर पर्याप्त नहुनु ।
- विद्यालयमा बालमैत्री वातावरण नहुनु ।
- बालबालिकालाई अभिभावकको संरक्षणभन्दा टाढा राख्ने प्रवृत्ति ।

बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न २०७४/०२/३० गते सहभागीबाट देहाय वमोजिमको लिखित प्रतिवद्धता व्यक्त भएको भएको छ :

हामी, यस मण्डनदेउपुर नगरपालिका वडा नं. ५ र ६ मा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न देहाय वमोजिमका कार्यहरू गर्नेछौं । हामी हाम्रा वडालाई आगामी २ वर्ष भित्रमा बालमैत्री वडा घोषणा गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं :

(१) बालमैत्री स्थानीय शासन अवलम्वन गर्नेछौं ।

(२) हामी बालबालिकाको वस्तुस्थिति विवरण तयार गरी यसको नियमित रूपमा अद्यावधि गर्नेछौं ।

(३) हाम्रा वडामा प्राप्त हुने पूँजीगत बजेटको न्यूनतम् १५ प्रतिशत बजेट विनियोजन सहित

बालबालिकाको लगानी योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछौं ।

(४) हामी हाम्रा वडामा कार्यरत सहयोगी संस्थाहरू, समूह, सामुदायिक संस्थाहरू, निजी क्षेत्र, सहकारी संस्थाहरू, सरकारी तथा गैरसरकारी निकाय, बालबालिकासहित आमनागरिक र यस मण्डनदेउपुर नगरपालिकाको सहयोगमा बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्नेछौं ।

(५) हामी हाम्रा वडालाई आगामी २ वर्ष भित्रमा बालमैत्री वडा घोषणा गर्नेछौं ।

बालमैत्री स्थानीय शासन सिकाई स्रोत केन्द्र

स्वशासन अध्ययन प्रतिष्ठानले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र युनिसेफ नेपालसँगको सहकार्यमा बालमैत्री स्थानीय शासन प्रवर्द्धनसम्बन्धी गतिविधिहरू सञ्चालन गरिरहेको छ । प्रतिष्ठानले विगत ७ वर्षदेखि यस विषयमा आफ्नो प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । आगामी दिनमा यस कार्यलाई अझ प्रभावकारी बनाउन सहयोग जारी रहनेछ ।

यस अवधिमा थुप्रै अनुभवहरू समेत हासिल भएका छन् । विगतका अनुभव र सिकाईहरूको सही व्यवस्थापन गरी आवश्यक सुधार सहित यसको अनुसरण गर्दै जानु आजको आवश्यकता हो । खासगरी बालमैत्री घोषणा भएका स्थानीय निकायहरूको अनुभव अन्यको लागि सिकाईको विषय हुन सक्दछ ।

नेपाल सरकारले जारी गरेको रणनीति तथा कार्यविधिको आधारमा विगतमा १२ वटा स्थानीय निकायहरू (साविकका १० गाउँ विकास समिति, १ नगरपालिका, १ उपमहानगरपालिका) बालमैत्री घोषणा भइसकेका छन् । यस अवधिमा थुप्रै अनुभवहरू समेत हासिल भएका छन् । विगतका अनुभव र सिकाइहरूको सही व्यवस्थापन गरी आवश्यक सुधारसहित यसको अनुसरण गर्दै जानु आजको आवश्यकता हो । खासगरी बालमैत्री घोषणा भएका स्थानीय निकायहरूको अनुभव अन्यका लागि सिकाइको विषय हुन सक्दछ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयनमा प्राप्त भएका अवसर, देखिएका चुनौती र समाधानका प्रयासहरू महत्वपूर्ण विषय हुन सक्दछन् । साथै यस कार्यमा बालबालिका (बाल क्लव/सञ्जाल) को सहभागिता र भूमिका, विषयगत निकायहरूले लिएको अपनत्व, सहयोगी निकायहरू (सरकारी, गैरसरकारी, सहकारी, सामुदायिक संस्था, विकास साझेदार, राजनीतिक दल, निजी क्षेत्र, आदि) को सहयोग, स्थानीय समुदायको भूमिका

र स्थानीय निकायहरूको नेतृत्व के कस्तो रह्यो भन्ने विषयसमेत महत्वपूर्ण हुन्छ ।

यसका अलावा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न प्रयोग गरिएका सामग्रीहरू, सूचना व्यवस्थापन, प्रक्रियागत कार्यहरू, नतिजा प्राप्ति, अनुगमन, प्रतिवेदन प्रणाली आदिजस्ता विषयहरूमा समेत जानकारी लिने दिने व्यवस्था भएमा भावी दिनका लागि सहयोग मिल्न सक्दछ ।

यिनै विषयहरू सम्बोधन हुने गरी प्रत्येक प्रदेशहरूमा कम्तिमा एक बालमैत्री स्थानीय शासन सिकाई स्रोत केन्द्र सञ्चालन गर्न आवश्यक देखिन्छ ।

यस कार्यमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र युनिसेफ नेपालले चासो देखाएका छन् । साथै बालमैत्री घोषणा भएका केही स्थानीय निकायले यससम्बन्धी कार्य प्रारम्भ गरेका छन् ।

केन्द्र सञ्चालन र व्यवस्थापन पक्षमा स्वशासन अध्ययन प्रतिष्ठानले प्राविधिक सहयोग गर्दै आएकोछ । यसै सिलसिलामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, युनिसेफ नेपाल र स्वशासन अध्ययन प्रतिष्ठानको टोलीले २०७४ जेठ १४-१५ गते विराटनगर महानगरपालिका र २०७४ जेठ १९-२१ गते सुनवल नगरपालिकाको स्थलगत भ्रमण गरी सम्बन्धित पक्षसँग छलफल गरेको छ ।

यी दुवै नगरमा बालमैत्री स्थानीय शासन सिकाई स्रोत केन्द्र स्थापनाका लागि प्रारम्भिक कार्यहरू भएका छन् ।

❖❖❖

www.sunrisebank.com.np

सन्राइज
महा बचत खाता

उच्चतम वार्षिक ब्याजदर सहित

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था

YOU & US
Together We Can Build

RISING TO SERVE

स्वशासन अध्ययन प्रतिष्ठानका अंकहरू खोजी-खोजी पढ्नुहोस् ।









खरिदका लागि सम्पर्क

www.inlogos.org

Email : info@inlogos.org

०१-४४६५९४२

०१६२२०१९५